
भदौ २२, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



## सडक आन्दोलको निर्णयमा माओवादी

# प्रहरीमा धाँधली

## खेलवाड प्रशासनमा पनि

मूल्य रु. २५



तेजबहादुर बस्नेत

नक्सालस्थित प्रहरी प्रधान कार्यालय

वर्ष ३, अंक १२२, भदौ १६–२२, २०६३




आवरण : नेपाल प्रहरीका प्रहरी जवानहरू ।
*तस्वीरः भास्वर/तेज*

**आवरण : अपराध नियन्त्रण, शान्तिसुरक्षाको जिम्मेवारी लिएको प्रहरी संगठनमा राजनीतिकरण नेपालको सदाबहार समस्या हो । तर, यसपटक राजनीतिकरण मात्र गरिएको छैन, वरिष्ठताक्रम तोड्ने गम्भीर खेलवाड पनि भएको छ । २६**

## राजनीति

शान्तिवार्ताबाट आशातीत सफलता नपाएपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सडक आन्दोलनमा उत्रने निष्कर्षमा पुगेको छ २४

## बाढीपहिरो

उद्धार कार्यको सरकारी संयन्त्र चुस्त नभएका कारण एकातिर हताहतको यकिन संख्या अहिलेसम्म आउन सकेको छैन भने राहतकै अभावमा पश्चिमी नेपालमा डरलाग्दो भोकमरीको संकेत देखा परेको छ ३२

## रिपोर्ट

बाथरोगका कारण मुटुरोगीहरुको संख्या भयावह रुपमा बढ्दो ४२

भारतबाट आउने ज्योतिषहरुको ठगी धन्दा १६

तराई मुक्तिको छिन्नभिन्न मोर्चा २१

बहुमूल्य नेपाली काठ तिब्बततिर ३९



भास्वर ओझा

रंग : महिलाको आत्मनिर्भरताको अधिकारका लागि संघर्षरत भएको दाबी गर्छिन्, गायिका कोमल वली ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
टिपोट ........ १०
मुलुक ........ १२
साहित्य ........ ५२
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# आपराधिक अभियानमा गृहमन्त्री

## सम्पादकीय

**कृष्णजंग रायमाझी** आयोगको छानबिन जारी छ। तर, आयोगले छानबिन गरिरहेका खासगरी जनपद र सशस्त्र प्रहरी निकायका मध्य र माथिलो अधिकृत तहका व्यक्तिहरूप्रति सरकारले परस्पर विरोधी तीन थरिका मापदण्ड नीति अपनाएको छ।

जनआन्दोलनमा 'अत्यधिक बल प्रयोग' गरेको आशंकामा आयोगले छानबिन र बयानका लागि बोलाउने प्रक्रिया अधुरो रहेको अवस्थामा गृह मन्त्रालयले तीमध्ये केहीलाई निलम्बित, केहीलाई पुरस्कृत तथा बढुवासमेत गरेको छ।

खासगरी गत साता जनपद प्रहरीमा व्यापकरुपमा गरिएको बढुवामा राजनीतिक र आर्थिक भ्रष्टाचार तथा अनियमितताको प्रचुरता देखिएको छ। आयोगको गठनसँगै प्रहरी प्रमुख श्यामभक्त थापा र त्यसपछिका वरिष्ठ अधिकृत राजेन्द्रबहादुर सिंहलाई आयोगको कथित 'आदेश'मा निलम्बन गरेका थिए, गृहमन्त्री कृष्णप्रसाद सिटौलाले। तर, अहिले आयोगको छानबिनमा रहेकामध्ये कयौंलाई पदोन्नति मात्र हैन, अरूहरूको वरिष्ठता मिच्दै पुरस्कृत समेत गरिएको छ। त्यसैले प्रहरी संस्थालाई धराशायी बनाउने कुनै नियोजित षड्यन्त्रका वाहक बनेका त छैनन् गृहमन्त्री भन्ने प्रश्न पनि उठ्न थालेको छ।

नेपाल प्रहरी तथा गृहमन्त्रालयको राजनीतिक र प्रशासनिक तहको नेतृत्व गरेका तर अहिले जवाफदेहिताको कुनै पदमा नरहेका केही व्यक्तिहरूको गैर संवैधानिक समूहले प्रहरीतन्त्रलाई संचालन गरिरहेको छ, एकातिर र अर्कोतिर राजनीतिक महत्त्वाकांक्षा बोकेका तथा सम्पूर्ण जवाफदेहिता लिनु पर्ने गृहमन्त्री सिटौला त्यो समूहको लाचार 'शिखण्डी' बनेको विश्लेषण र निष्कर्ष प्रहरीतन्त्रमा छ। मुलुकको सुरक्षा व्यवस्था यति तल गिर्दा या भनौं राज्यमा कानुन व्यवस्था भंग भएको अवस्थामा यी सबै धाँधली सिटौलाले मात्र गरेको भन्न मिल्दैन। तैपनि, गृहमन्त्रीमा सिटौलाको निरन्तरता उनको आपराधिक अभियानको अनुमोदन मानिनेछ, प्रधानमन्त्रीद्वारा।

मुलुकको वर्तमान परिस्थिति र द्वन्द्व समाधान गरी राजनीतिक स्थिरता ल्याउने प्रक्रियामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भूमिका महत्त्वपूर्ण छ, अझै पनि। तर, उनकै मन्त्री र सम्भवत: परिवारका एकजना महत्त्वपूर्ण व्यक्तिको संलग्नतामा प्रहरी संस्था यति ठूलो धाँधली र अनियमितताको सिकार बन्छ भने कोइरालाको सान्दर्भिकता तथा नैतिक स्वीकार्यता धराशायी हुन खासै समय लाग्नेछैन। यसमा आर्थिक लेनदेनका प्रश्नहरू समेत उठेका छन्।

कृष्णजंग रायमाझी लगायत आयोगका सदस्यहरूको नियुक्तिमा अग्रभूमिका स्वयं सिटौलाले खेलेका हुन्। आयोगले उनीप्रति वफादारी देखाउने आशामा पनि सम्भवत: सिटौलाले उसको प्रतिवेदन आउनुपूर्व नै धाँधलीपूर्ण पदोन्नति र वरिष्ठता मिच्ने आपराधिक कार्य गरेका छन्। त्यतिकै बदनियत तरिकाले उनले सशस्त्र प्रहरी बल ऐन संशोधनद्वारा अधिकृतहरुको निलम्बन अवधि थप गरेका छन्।

यो मामिलालाई एउटा मन्त्रीको विशेषाधिकारका रुपमा लिने भूल गर्नु हुँदैन पुनर्जीवित प्रतिनिधिसभाले। यो प्रक्रियामा अनेक अपारदर्शी मापदण्ड अपनाइएको मात्र हैन, गैरसंवैधानिक समूहको 'नव हुकुम प्रमांगी' शैलीलाई समेत अनुमोदन गर्ने काम गृहमन्त्रीले गरेको स्पष्ट देखिन्छ। प्रतिनिधिसभा राज्य व्यवस्था समितिले तत्काल अहिले प्रहरीमा भएको बढुवासम्बन्धी सम्पूर्ण 'रेकर्ड' झिकाई छानबिन गर्नुका साथै त्यसलाई सुधार्न मन्त्री र सरकारलाई निर्देशन दिनु उपयुक्त देखिन्छ। राज्यको संवेदनशील विभागको मन्त्री 'लाचार' भएमा मुलुक स्वयं नै 'ब्ल्याकमेल'को सिकार बन्न सक्छ। र, सदन तथा प्रधानमन्त्री कोइरालाले यो खतरा नबुझेमा 'प्रहरी फोर्स'मा निम्तिन सक्ने 'विद्रोह'लाई उनीहरूले प्रोत्साहित गरेको पनि मानिनेछ। खासगरी प्रतिनिधिसभा संवेदनहीन र अर्थहिन भएको अर्थ पनि लाग्ने छ। ■



## बिदाइ र बधाई

*झन्डै ३१ महिनाको सह-अस्तित्व र सहकार्यपछि 'समय राष्ट्रिय साप्ताहिक' परिवारबाट कार्यकारी सम्पादक जिवेन्द्र सिम्खडा यसै सातादेखि बिदा हुनु भएको छ। समयको जन्म, संघर्ष र माघ १९ पछिका अप्ठ्यारा दिनहरूमा अनि हाम्रो 'साँच्चिकै पत्रकारिता'को अभियानमा उहाँको नेतृत्व, योगदान र भूमिका, इतिहास र भविष्यको प्रेरणादायी स्थायी सेतु रहिरहनेछ, हाम्रो निरन्तर अभियानमा। अब उहाँले राजधानी राष्ट्रिय दैनिकको सम्पादकको रूपमा व्यवसायिक पत्रकारितालाई नयाँ आयाम दिनु हुनेछ - हाम्रो शुभकामना !*

**समय परिवार**




## समय साता

**८ गते**

- संयुक्त राष्ट्रसंघद्वारा हतियार व्यवस्थापनसहित शान्तिका लागि सहयोगी भूमिका निर्वाह गर्न इयान मार्टिनलाई टोली नेताको जिम्मेवारी ।
- मकाउमा रोजगारीका लागि गएका डेढ सय नेपाली चीनमा अलपत्र ।

**९ गते**

- अन्तरिम संविधान मस्यौदा समितिले अन्तरिम संविधानको मस्यौदा सरकार-माओवादी वार्ताटोलीसमक्ष बुझायो ।
- अन्तरिम मस्यौदा खाली बोतल जस्तो भएको माओवादी नेता बाबुराम भट्टराईको कथन ।

**१० गते**

- बैतडीमा भीषण बाढी, एकै घरका दस जनाको मृत्यु ।
- भारतको उडिसा र राजस्थान राज्यमा आएको बाढीबाट १६० को मृत्यु, हजारौं बेपत्ता ।

**११ गते**

- अछाममा भीषण बाढी, बाँकेमा आएको अविरल वर्षाबाट तीनको मृत्यु, सयौं घर डुबानमा, जनजीवन अस्तव्यस्त ।
- मुलुकका सत्रवटा ठूला कम्पनीमा राजपरिवारको लगानी भएको खुलासा ।
- भैरवनाथ गणबाट ६६ जना बेपत्ता भएको राष्ट्रिय मानवअधिकार आयोगद्वारा सर्वोच्च अदालतलाई जानकारी ।

**१२ गते**

- मुलुकका विभिन्न ठाउँमा परेको अविरल वर्षाका कारण हजारौं विस्थापित, विभिन्न ठाउँमा २२ शव प्राप्त ।
- शान्ति प्रक्रियामा सघाउन आएको राष्ट्रसंघीय टोलीलाई निरस्त्रीकरणको अधिकार पनि दिन पर्ने अमेरिकी सांसद टोलीको भनाइ ।

**१३ गते**

- मुस्ताङमा पहिरो, नौको मृत्यु, सात घाइते ।
- नेपालमा शान्तिका लागि यथासम्भव प्रयास गरिने इयान मार्टिनको भनाइ ।

**१४ गते**

- लोकतन्त्र प्राप्त भएको खुसियालीमा मुलुकका विभिन्न कारागारमा रहेका २ सय ४७ कैदी रिहा ।

**नियुक्त** : डा. जगदीशचन्द्र पोखेल, राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा ।



**सम्मान** : लोकगायिका हरिदेवी कोइराला, कोइलीदेवी सम्मानबाट ।




**मृत्यु** : जनआन्दोलनमा सक्रिय योद्धा छायाँदेवी पराजुली, ८८ वर्षको उमेरमा, हृषिकेश मुखर्जी, भारतका महान निर्देशक



**घोषणा** : लोकतन्त्रप्राप्तिका लागि ज्यान गुमाएका थप चारजना (हरिराज अधिकारी, लालबहादुर विष्ट, चक्रराज जोशी र ताहिरमिया अन्सारी) सहिद घोषणा, सरकारद्वारा ।

**रद्द** : सौर्यमण्डलको नवौं ग्रह प्लुटो (यम)को ग्रहको मान्यतालाई प्रागमा यो साता सम्पन्न ज्योतिर्विद्हरूको बैठकद्वारा रद्द ।






## दीनानाथको भनाइप्रति आपत्ति

बेपत्ता र विस्थापितसम्बन्धी रिपोर्ट (*समय,* वर्ष ३, अंक १२०)मा आयोगको ध्यानाकर्षण भएको छ । रिपोर्टमा छापिएअनुसार *समय*को प्रश्नमा माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्माले आयोगले सार्वजनिक गरेको रिपोर्टकै सम्बन्धमा बोलेका केही कुराले भ्रम सिर्जना गरेका हामीले ठानेका छौं । आयोगले उपलब्ध गराएका तथ्यांकहरू कार्यालयमा दर्ता गराएका उजुरीहरूमा आधारित हुन्छन्, मनगढन्ते हुँदैनन् । आयोगले कसैप्रति पक्ष लिने र नलिने हुँदैन । आयोगले असार ३ गते कान्तिपुरमा राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको सूची सार्वजनिक गरेको थियो । आयोगले यी सबै नामहरू सार्वजनिक गर्दा आफ्ना कार्यालयमा आएका उजुरीका आधारमा गरेको हो । सार्वजनिक गरेपछि अज्ञात भएकाहरूको स्थिति पत्ता लाग्छ भनेर यसो गरिएको हो । यसबाट कुनै भ्रम सिर्जना नहोस् ।

■ **ध्रुव नेपाल**
निमित्त सचिव
राष्ट्रिय मानवअधिकार आयोग

## किन पैसा विदेशिन दिने

उच्चशिक्षा : गुणस्तर मुलुकमै (*समय,* वर्ष ३, अंक १२१)को रिपोर्ट पढ्ने मौका पाएँ, अभिभावकले लाखौं रुपैयाँ खर्चेर विदेश पठाउनु पर्ने दिन साँच्चिकै गएकै हुन् भने किन मुलुकको धनराशि बाहिर पठाउने ? अरू मुलुकका विद्यार्थीसमेत यही आएर पढिरहेका छन् भने हामीले धनको रवाफमा मुलुकबाहिर आफ्ना सन्तान पठाउने दिन सकिएनन र ? पक्कै पनि माओवादी सशस्त्र विद्रोहका बेला मुलुक बाहिर गएर शिक्षा हासिल गर्नु पर्ने बाध्यता भए पनि अब परिस्थितिले कोल्टे फेरिसकेको अवस्थामा अझ उच्चशिक्षाका लागि मुलुक बाहिरै जानु पक्कै राम्रो होइन ।

■ **विनोद अर्याल, धापासी**
काठमाडौं

## पक्कै राम्रो होइन

खेतमा धाँजा भन्ने रिपोर्ट (*समय,* वर्ष ३, अंक १२१) पढ्दा मन दुखेर आयो । खेती किसानी गरीकन जीवन गुजारा गर्ने नेपालका ८० प्रतिशत जनता छन् । धाँजा फाटेका यस्ता खेत हेर्नु पर्दा पक्कै उनीहरूको मन दुख्छ नै । यो समाचार पढ्दा मेरो चित्तै कटिएर आयो ।

■ **युवराज तिमिल्सिना**
धादिङ, साङकोष-७
हाल : ठमेल, काठमाडौं

## कसिलो भएन समाचार

*समय* वर्ष ३, अंक १२१ को 'पाता कस्ने तयारी' शीर्षकको रिपोर्ट हेर्ने मौका पाएँ, कसैले छाप्न नसकेका तस्बीरहरू समयले छाप्ने आँट गर्‍यो यसका लागि *समय*को साहसलाई स्यावास नदिइरहन सकिँदैन । तर, बाहिर भने जस्तो भित्रको रिपोर्टमा भने तौल देखिएन, यति ठूलो साहस गरेर आवरणमा डिफल्टरहरूको तस्बीर राखिसकेपछि पनि भित्र भने समाचार लेखाइमा आँट गर्न नसकेको जस्तो लाग्यो ।

■ **प्रशान्त राई, खोटाङ**
हाल : काठमाडौं

## शान्तिका प्रतिपक्षहरू

धर्मयुद्धको धम्की (*समय* वर्ष ३, अंक १२१) रिपोर्ट पढ्ने अवसर पाएँ । लाग्यो यिनीहरू नै हुन्, जो मुलुकमा कहिल्यै शान्ति भएको हेर्न चाहँदैनन् ।




मण्डलेराजमा सधैं रमाएर आफ्नो दुनो सोभ्याउन पल्केकाहरू अहिले त्यो अवसर गुम्न थालेपछि फेरि सल्बलाउन थालेका छन् । अब शान्ति चाहने सबै नेपाली यस्ता प्रवृत्तिका व्यक्तिहरूबाट सचेत रहनु पर्ने बेला आइसकेको छ ।

■ **अञ्जना श्रेष्ठ,**
भक्तपुर

## गजल

अघि लान खोज्छु देशलाई विकासको गति छैन
प्रतिस्पर्धा गराउन खोज्यो बदलिँदो मति छैन

आँखा खुल्यो जनताको नेता अझै रतन्धोमै
न छ सफाइ दिमागको सफाइ, आचरण त रत्ति छैन

क्रान्तिको नाम धरी भविष्य त सुम्पिदियौ
कालो रातमा चुस्ने यिनमा रातो रगत कति छैन

■ **सर्जन हसु**
काठमाडौं

## लेखकलाई सलाम

*समय* वर्ष ३, अंक १२१ मा दिल्ली डायरीमा छापिएको मनोज दाहालको आख्यान कक्षकी सुन्दरी पढ्दा मनमा निकै कौतुहल पैदा भयो । सामान्यतया डायरी पत्रकारले भोगेको कुरामै लेखिन्छ । तर, यो डायरी अमूर्त र बजोड कल्पनाशीलताले भरिएकोझैं लाग्यो । तैपनि, दुईपल्ट पढें । र, मनमा बढी कौतुहलता जागेर यो चिठी लेख्न बाध्य भए, के विद्या साँच्चिकै पात्र हुन् ? यदि हुन् भने लेखकको साहित्यिक लेखाइलाई सलाम ।

■ **विवेक राना**
नयाँबानेश्वर, काठमाडौं

## खै बेपत्ताहरू ?

*समय* वर्ष ३, अंक १२१ मा छापिएको 'त्रासमा बदलियो आस' पढें । यो समाचार पढ्दा मनै कटक्क काटियो । सेनाले घरबाटै लगेकाहरूको अत्तोपत्तो नहुनु बेपत्ता पारिएका परिवारहरूका लागि मात्र होइन, लोकतन्त्रपछि शासनसत्ता हाँक्दै गरेको सरकारका लागि समेत लाजमर्दो विषय हो । झन् त्यसमाथि जनआन्दोलन लगत्तै सबै बेपत्ता भएकाहरूको अवस्था सार्वजनिक गर्ने वाचा गरेको सरकारले समेत मानवीय संवेदनामाथि आघात गरेको अनुभव भएको छ । मुलुकमा लोकतन्त्र आयो, अब त बेपत्ता भएकाहरूको अवस्था सार्वजनिक हुन्छ कि भन्ने आस गरिरहेका बेला त्यो आस सबै निराशामा परिणत भएको छ ।

यहाँसम्म कि मोटरसाइकल समेत लगेर मान्छेसँगै बेपत्ता पार्दा जनताले सेनाप्रति हेर्ने दृष्टिकोण कस्तो रहला, यसबारे सेनाले सोच्न जरुरी छ ।

■ **गणेश श्रेष्ठ**
विशालनगर, काठमाडौं

**समयको ईमेल ठेगाना samay@vianet.com.np वा samay@bhrikuti.com**

**समाजमा दुई प्रकारका गरिबहरू छन् – धन हुने गरिब र निर्धन गरिब । निर्धन गरिबको त भविष्यमा धन कमाउँला र सुखी हुँला भन्ने आशा पनि हुन्छ । तर, धन हुने गरिबहरूको त्यो आशा पनि मरिसकेको हुन्छ । चिन्ता, अहंकार र अवसाद (डिप्रेसन) नै धन हुने गरिबहरूको अन्तिम नियति बन्न जान्छ । त्यसैले लोभको आर्थिक समाधान सम्भव छैन । यो मूलतः मनोवैज्ञानिक रोग हो र यसको आध्यात्मिक समाधानमात्र सम्भव छ ।**



■ स्वामी आनन्द अरुण

# समस्या अनेक समाधान एक

**सन् १९२३ मा** सिकागोको एजगेटवाटर बीच होटलमा एक महत्त्वपूर्ण बैठक बस्यो । सो बैठकमा त्यस बेलाका अति धनाढ्य नौजना व्यापारी र प्रभावशाली निम्न व्यक्तिहरू सम्मिलित थिए ।

- चार्ल्स स्वालो (सबैभन्दा ठूलो स्टिल कम्पनीका मालिक)
- सामुएल इनसल्फ (सेवा तथा उपभोग्य वस्तु उत्पादन गर्ने सबैभन्दा ठूलो कम्पनीका अध्यक्ष)
- होवार्ड होपसन (सबैभन्दा ठूलो ग्याँस कम्पनीका संचालक)
- अर्थर कटन (ठूला गहुँ व्यापारी)
- रिचार्ड टिनी (न्युयोर्क स्टक एक्सचेन्जका अध्यक्ष)
- अल्फ्रेड फल (राष्ट्रपतिका क्याविनेटका सदस्य)
- लियोन फ्रासेर (इन्डसट्रियल सेटलमेन्ट बैंकका अध्यक्ष)
- गेस लिभरमोर (वाल स्ट्रिटका सबैभन्दा ठूला कारोवारी)
- इभेर क्रियुगर (ठूला उद्योगपति)

२५ वर्षपछि १९४८ मा त्यो बैठकमा सम्मिलित एक पत्रकारलाई ती धनाढ्यहरूका बारेमा खोजी गर्न उत्सुकता भएछ । त्यस खोजको अन्त्यमा उनी आफैं आफूले पत्ता लगाएको तथ्यबाट अवाक् भए । आफ्नो समयका ती नौजना अति नै सफल मानिएकाहरूको यस्तो गति थियो ।

- चार्ल्स स्वालो आफू मर्नुभन्दा ५ वर्षअघि दिवालिया भएर ठूलो कर्जामै मर्नु पर्‍यो ।
- सामुएल इनसल्फले आफूविरुद्ध परेको मुद्दाको झन्झटबाट बच्न देशबाट भागे र भगौडा भई विदेशमा दरिद्रै अवस्थामा मरे ।
- होवार्ड होपसनले आफ्नो मानसिक सन्तुलन गुमाए ।
- अर्थर कटन टाट पल्टेकै अवस्थामा मरे ।
- रिचार्ड टिनी अमेरिकाको अति कडा सुरक्षाको जेल सिडसडमा जीवन बिताए ।
- अल्फ्रेड फललाई माफी दिइयो ताकि आफ्नो घरमा गएर मर्न सकून् ।
- लियोन फ्रासेर, गेस लिभरमोर, इभेर क्रियुगर तीनैजनाले आत्महत्या गरे ।

यी नौजनालाई अकुत सम्पत्ति जम्मा कसरी गर्ने कला आउँदो रहेछ । तर, एक सफल जीवन जिउने कलाचाहिँ आएन ।

सामान्यतया हाम्रो भ्रम के छ भने भौतिक रुपले सफल व्यक्तिहरू सुखी हुन्छन् । सय वर्ष अघिसम्म कस्तो धारणा व्याप्त थियो भने अशिक्षा, गरिबी र युद्ध नै हाम्रो दुःखको मुख्य कारण हो । यदि यी समस्यालाई निराकरण गरियो भने मनुष्य सुखी हुन्छ । विज्ञान र प्रविधिको अद्भुत विकासले समाजमा धन्यधान्य पनि बढ्यो र जीवनमा भौतिक सुविधाको बाढी नै आयो । तर, त्यही तुलनामा मानिस सुखी हुन सकेन, बरु उसका समस्या घट्नुको साटो अझ जटिल हुँदै गए । धनी र शिक्षित देश र वर्गमै बढी मानसिक अशान्ति, डिप्रेसन र आत्महत्याको प्रवृत्ति देखियो ।

निर्देशक-अभिनेता गुरुदत्त, अभिनेत्री परविन बाबी, हलिवुड अभिनेता जिम केरी, हेरिसन फोर्ड, कविहरू विलियम ब्लेक, जोन किट्स, सेली, लेखकहरू चार्ल्स डिकेन, मेक्सिम गोर्की, लियो टल्सटाय, आरवी स्टिवेंसन, अर्नेस्ट हेमिङ्वे, वर्जिनिया वुल्फ, संगीतकार रबर्ट सुमेन, आर्टिस्ट माइकल एन्जेलो, विन्सेंट वेनगाग जस्ता हस्तीहरू पनि डिप्रेसन र आत्महत्याका सिकार भएका छन् ।

अनुभवले के देखाएको छ भने गरिबी समस्या होइन, मनुष्यको लोभ नै समस्या हो र लोभको आर्थिक समाधान छैन । केही प्रभावशाली व्यक्तिहरूको कहिल्यै तृप्त नहुने अतिशय लोभको प्रतिफलनले नै अधिकांश मनुष्यता गरिब भएर बाँच्न विवश छ । त्यस्ता व्यक्ति अकुत सम्पत्ति जम्मा गरेर आफैं पनि सुखी र सन्तुष्ट हुँदैन । समाजमा दुई प्रकारका गरिबहरू छन् - धन हुने गरिब र निर्धन गरिब । निर्धन गरिबको त भविष्यमा धन कमाउँला र सुखी हुँला भन्ने आशा पनि हुन्छ । तर, धन हुने गरिबहरूको त्यो आशा पनि मरिसकेको हुन्छ । चिन्ता, अहंकार र अवसाद (डिप्रेसन) नै धन हुने गरिबहरूको अन्तिम नियति बन्न जान्छ । त्यसैले लोभको आर्थिक समाधान सम्भव छैन । यो मूलतः मनोवैज्ञानिक रोग हो र यसको आध्यात्मिक समाधानमात्र सम्भव छ ।

शिक्षाको आफ्नै विडम्बनायुक्त अवस्था छ । पहिले के सोचाइ थियो भने मनुष्यको मूल समस्या अशिक्षा हो र अशिक्षा दूर हुनासाथ एक सुखी, सम्पन्न र न्यायपूर्ण समाजको निर्माण हुन्छ । विगत शताब्दीमा आएर विश्वका अनेक देशमा लगभग शतप्रतिशत साक्षरता भयो र विश्वभर नै साक्षरता प्रतिशत पनि बढ्यो । शिक्षण संस्थानहरूबाट प्रमाणपत्र लिएकाहरूको संख्या जतिसुकै बढे पनि मनुष्यको अज्ञानता घटेको या स्वस्थ व्यवहार बढेको देखिँदैन । अहिले समाजमा व्याप्त शोषण, सामाजिक अन्याय फैलाउने मुख्यतः तथाकथित शिक्षित व्यक्तिहरू नै हुन् । अशिक्षित व्यक्तिहरूले समाजको त्यति अहित गरिरहेका देखिँदैन । शिक्षाले मनुष्यको अज्ञानता दूर गरेको वा उसलाई करुणावान् वा अझ संवेदनशील वा जिम्मेवार नागरिक बनाएको पाइँदैन । बरु उल्टै उसलाई अति व्यक्तिवादी, अहंकारी र महत्त्वाकांक्षी बनाउँछ । उनीहरूले पाएको डिग्रीले उसलाई शोषण र मूर्खतापूर्ण व्यवहार गर्न अनुमति पत्र दिएको जस्तो देखिन्छ । त्यसकारण अशिक्षा मूल समस्या होइन मूल समस्या हो - मनुष्यको अज्ञानता, अविवेकता र अति व्यक्तिवादी सोचाइ । यस्तो चिन्तनको औषधी पनि अध्यात्ममै छ ।

सामाजिक अन्याय, प्राकृतिक स्रोतहरूमाथिको नियन्त्रणको लोभ, आर्थिक विपन्नता, धार्मिक उन्माद, राजनीतिक अति महत्त्वाकांक्षा र मतान्धताले युद्ध र आतंकवाद जन्माउँछ । यस्तो युद्धमा मानवीय मूल्य, मान्यता र मनुष्यताको कुनै महत्त्वै रहँदैन । धार्मिक, राजनीतिक र सैद्धान्तिक अहंवादी सोचाइले बाँकी मूल्य, मान्यतालाई पराजित गरिदिन्छ । त्यसैले सधैं युद्धको अन्तमा कुनै पक्षको स्थायी जित हुँदैन मात्र मानवीय संवेदना, मानव जीवन, सांस्कृतिक मूल्य र मान्यताले पराजय भोग्नु पर्छ । पहिले लाग्थ्यो आतंकवादलाई विकसित हतियारले र युद्धलाई संयुक्त राष्ट्रसंघ जस्तो विश्वव्यापी संगठनले अन्त्य गर्न सकिएला । तर, हालका अनुभवले त्यो आशालाई निराशामा परिणत गरिदिएका छन् । यहाँ बुझ्नु पर्छ- अशान्ति, युद्ध र आंतकवादको जरो व्यक्तिभित्र लुकेको अशान्ति, हिंसा र आफ्नो विचार र सिद्धान्तलाई अरूको भन्दा सर्वश्रेष्ठ मानी अरूमाथि हतियारको बलमा थोप्ने अहंकारी परिवृत्ति नै हो । यसको समाधान पनि मनुष्यको परपीडक र हिंसक प्रवृत्तिहरूको उर्ध्वगामी रुपान्तरणद्वारा मात्र सम्भव छ । यो एक आध्यात्मिक चुनौती हो यसले लामो अभ्यास, त्याग र वैराग्य खोज्छ । यसका लागि धेरै महात्मा गान्धी, नेल्सन मन्डेला, मार्टिन लुथर किङ जुनियर, दलाई लामा जस्ता तपस्वी र अनुकरणीय व्यक्तिहरू टड्कारो रुपमा खाँचो छ ।

osho@tapoban.com

# मधेसमा एमालेको आँखा

**अब** बस्ने एमाले स्थायी समितिको बैठकले बाह्रौं केन्द्रीय समितिको बैठक पारित गरेको मधेसमा जनवर्गीय संगठन खोल्ने निर्णयलाई औपचारिकता दिने भएको छ। एक वर्षअघि गठित मधेसी भेला आयोजक समितिको अध्ययन प्रतिवेदनका आधारमा एमालेले केन्द्रीय नेतृत्व मधेसमा बेग्लै संगठन खोल्न लागेको हो। संगठनको औपचारिक न्वारान भने भएको छैन। भेला आयोजक समितिका सयोजक रघुवीर महासेठका अनुसार 'लोकतान्त्रिक मधेसी संगठन, नेपाल र लोकतान्त्रिक मधेसी मोर्चा, नेपाल' दुई नाममध्ये स्थायी समितिले एउटा नाम तोक्ने बताउँछन्। माओवादीको मधेसी मुक्तिमोर्चा भएकाले एमाले मोर्चा नराखेर संगठन राख्ने सम्भावना छ।



राजेश घिमिरे

एक वर्षअघि गठित मधेसी भेला आयोजक समितिमा महासेठ, जितेन्द्र देव, डा. वंशीधर मिश्र, गोपाल ठाकुर, रामप्रित पासवान, महेन्द्र राय लगायतको समितिले महासचिव माधवकुमार नेपालसमक्ष प्रतिवेदन दिएको छ।

भदौ १६ गतेदेखि बस्ने स्थायी कमिटीले मधेसको संगठनबारे औपचारिक निर्णय गर्ने र राष्ट्रियभेला बोलाउन एउटा समिति निर्माण गठन गर्ने जानकारहरू बताउँछन्। त्यो समिति बनेपछि अहिले भइरहेको भेला आयोजक समिति भंग हुनेछ। नयाँ समिति कसको नेतृत्वका हुने भन्ने समस्या पनि छँदै छ। एकथरि भेला आयोजक समितिको जिम्मेवारी पाएकाहरूमध्येबाटै समिति बन्नु पर्ने पक्षमा छन् भने अर्काथरिले नयाँ किसिमले तदर्थ समिति बनाएर अघि बढ्नु पर्ने सुझाव र दबाब दिइरहेका छन्।

एमालेसँग आबद्ध मधेसी समुदायका नेता तथा कार्यकर्ता असन्तोष भएर पलायन र निष्क्रिय भइरहेको स्थितिमा मधेसमा बेग्लै संगठन बनाएर विस्तार गर्ने सोचमा पार्टी पुगेको हो। एमालेको मधेसी संगठनले मधेशका सवालमा मतैक्य राख्ने जो कोही पनि सहभागी, सक्रिय हुने र भूमिका पाउने लचिलो र उदारवादी नीति अख्तियार गर्ने सोच बनाएको छ।

महासेठ भन्छन्, 'मधेसीहरूप्रति नेपाल राज्यको स्थापनादेखि नै सरकारले भेदभावको नीति लियो। बहुदल आएपछि पनि सरकारी सोचमा परिवर्तन आएन। अहिले समावेशी राजनीतिक चरित्र र राज्य संरचनाको कुरा भइरहेका बेला राज्यका प्रत्येक क्षेत्रमा मधेसीको प्रतिनिधित्व हुनु पर्छ भन्ने हाम्रो मान्यता हो।' महासेठ, एमालेको मधेसी संगठनले योग्यता र क्षमताको आधारमा प्रतिनिधित्व हुनु पर्छ भन्ने मान्यता राखेको बताउँदै नयाँ खुल्ने संगठनले आरक्षणको विरोध गर्ने जानकारी दिए। ■

जनपक्षिय समाचार र विचार सबभन्दा पहिले

७:३० बजे समय समिक्षा

विचार र अभिव्यक्ति स्वतन्त्रताका निम्ती रेडियो अभियान

नेपाल एफ. एम. 91.8

पो. ब. नं. १९४७७, रविभवन, काठमाडौ

फोनः ४२८९१२१, ४२८९१२३, फ्याक्स : ०१-४२८३८९५,

ईमेल : radio@nepalfmnetwork.com, www.nepalfmnetwork.com

# आंशिक सफलता



हड्तालका कारण १५ दिनपछि खुलेको चिया बगानमा चियापत्ती टिप्दै एक महिला ।

**सम्पूर्ण चिया** उद्योग र बगानहरू ठप्प पारेर मजदुरहरूले सञ्चालन गरेको आन्दोलन भदौ ११ गतेदेखि टुंगिएको छ । श्रम तथा यातायात व्यवस्था, अर्थ र कृषि तथा सहकारी मन्त्रालय, ट्रेड युनियनहरूका प्रतिनिधि, मजदुर युनियनहरूका प्रतिनिधि र उद्यमीहरूबीच लगातार तीन दिनसम्म चलेको वार्तामा सहमति भएपछि आन्दोलन टुंगिएको हो । वार्तामा भएको सहमतिलाई मजदुर नेताहरूले आंशिक उपलब्धिको रुपमा लिएका छन् । तर, उद्यमीहरूले सहमतिले चिया उद्योगलाई धराशायीतर्फ उन्मुख गराउने सम्भावना बढेको बताएका छन् ।

सेवासुविधासँग सम्बन्धित २१ सूत्रीय माग अघि सारेर आन्दोलनमा उत्रिएका चिया मजदुर र उद्यमीहरूबीच पटक पटक वार्ता हुँदा पनि सहमति हुन नसकेपछि सरकारी निकायका प्रतिनिधिहरू समेतको उपस्थितिमा अन्तिमपटक शुक्रवारदेखि झापामा वार्ता भएको थियो । उक्त वार्तामा श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सहसचिव विष्णुप्रसाद लम्साल, अर्थ मन्त्रालयका उपसचिव विनोदबाबु काफ्ले, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव केशवप्रसाद अधिकारी, नेपाल चियाबगान श्रमिक संघका अध्यक्ष दिपक तामाङ, नेपाल स्वतन्त्र चिया मजदुर युनियनका अध्यक्ष सन्तकुमार तामाङ र अखिल नेपाल चिया बगान मजदुर संघका अध्यक्ष धनबहादुर विश्वकर्मा, ट्रेड युनियन कांग्रेसका पुष्कर आचार्य, ट्रेड युनियन महासंघका रमेश वडाल, अखिल नेपाल ट्रेड युनियन महासंघका बाबुराम गौतम र उद्यमीहरू सम्मिलित थिए । उक्त मन्त्रालय र ट्रेड युनियनहरूका प्रतिनिधिहरूको उपस्थितिमा गत मंगलवार काठमाडौंमा भएको वार्ताचाहिँ विनानिष्कर्ष टुंगिएको थियो ।



मजदुरहरूले मासिक तलब पाँच हजार पुऱ्याइनु पर्ने माग गरेका थिए। तर, वार्तामा उनीहरूको दैनिक ज्याला ९५ रुपैयाँका दरले मासिक दुई हजार चार सय ७० रुपैयाँ (चार दिन बिदा कटाएर)मा सहमति भएको छ। यसअघि मजदुरहरूको ज्यालादर दैनिक ७४ रुपैयाँ थियो र चार वर्षअघि ६२ रुपैयाँ थियो। मजदुरहरूले डेढ महिनाको तलब बराबरको दसैं खर्च माग गरेका थिए। तर, २६ दिनको ज्यालाबराबरको दसैं खर्च दिने सहमति भएको छ। 'दस वर्षभन्दा पुराना उद्योग र बगानले मजदुरहरूलाई २६ दिनको ज्यालाबराबरको दसैं खर्च दिने र दस वर्ष नपुगेका उद्योग र बगानले मजदुरहरूलाई हाल दिँदै आएको दसैं खर्चमा सात दिनको ज्याला बराबरको खर्च दिने सहमति भएको छ', नेपाल स्वतन्त्र चिया मजदुर युनियनका अध्यक्ष सन्तकुमार राईले भने।

महिला मजदुरहरूले ५२ दिन प्रसूति बिदा पाउने भएका छन्। यसअघि ४५ दिनको बिदा पाउने गरेका मजदूरहरूले९० दिनको प्रसूति बिदा माग गरेका थिए। यसैगरी ६ महिनाभन्दा बढी काम गर्नेलाई कामको अवधि तोकेर नियुक्ति दिइने र दुई सय ४० दिन काम गरेकालाई स्थायी नियुक्ति दिइने सहमति पनि भएको छ। यसैगरी पत्ती डबलीमा एक रुपैयाँ २५ पैसा प्रतिकिलोग्रामका दरले दिइने सहमति भएको छ। अन्यायपूर्ण ढंगबाट निष्कासन गरिएका मजदुरहरूलाई पुनर्बहाली गर्ने, वर्क परमिट, कल्याणकारी कोष स्थापना, श्रम नियमावली र चिया बगान श्रम नियमावलीबीचको विभेद अन्त्य गर्न पहल गर्ने सहमतिसमेत भएको छ। यसैगरी मजदुरको आवासको व्यवस्था, स्वास्थ्योपचार, सञ्चयकोषको व्यवस्था र क्षेत्रफलका आधारमा मजदुर नियुक्तिको प्रक्रियाको व्यवस्थाका लागि श्रम मन्त्रालयको संयोजकत्वमा मजदुरहरूका तीनवटै युनियनका प्रतिनिधि र तीन उद्यमी सम्मिलित सात सदस्यीय कार्यदल पनि गठन भएको छ।

'माग शतप्रतिशत पूरा हुन नसके पनि नीतिगत परिवर्तन गर्न सफल भएका छौं। अब उद्योग र बगानहरूमा दिइने सेवासुविधामा एकरुपता कायम हुन्छ भन्ने विश्वास छ', नेपाल स्वतन्त्र चिया मजदुर युनियनका अध्यक्ष सन्तकुमार राईले भने। यसअघि उद्योग र बगानहरूमा मजदुरहरूलाई दिइने ज्याला, दसैं खर्च र अन्य सेवा सुविधामा एकरुपता थिएन। दस बिघाभन्दा बढी क्षेत्रफल ओगटेका बगानमा भदौ एक गतेदेखि लागू हुनेगरी सहमति गरिएको बताइएको छ। 'यसलाई म अर्धसफलता भन्न रुचाउँछु। व्यवस्थापन पक्षले सहमतिलाई कार्यान्वयन गर्नेछ भन्नेमा म आशावादी छु', नेपाल चियाबगान श्रमिक संघका अध्यक्ष दीपक तामाङले बताए।

मजदुर नेताहरूले व्यवस्थापन पक्षसँग गरेको ज्याला निर्धारणसम्बन्धी सहमतिमा आफूहरू पूर्ण सन्तुष्टि नभएको मजदुरहरूले बताएका छन्। 'चार वर्षमा २१ रुपैयाँमात्र ज्याला बढ्यो। तर, महँगी आकाशिएको छ', मुलुककै जेठो इलाम चिया बगानमा कार्यरत श्यामकुमारी दाहालले भनिन्। ४२ वर्षदेखि निरन्तर इलाम चिया बगानमा पत्ती टिपिरहेकी दाहालले कमसेकम सय रुपैयाँ ज्याला तोकिदिए सन्तुष्टि हुने बताइन्। 'मैले सुरुमा काम गर्दा दस आना ज्याला पाउँथें। अहिले ९५ रुपैयाँ पुग्दा खुसी लाग्छ। तर, ऊबेला दस आनाले धेरै किन्न सकिन्थ्यो', उनले भनिन्। इलाम बगानकै धनमाया घिमिरेले पनि ज्याला कमसेकम सय रुपैयाँ बनाए राम्रो हुने बताइन्। उनी भन्छिन्, 'हामी लाटी, सोझी, अनपढ छौं। सय रुपैयाँ बनाएको भए हामीलाई हिसाब गर्न पनि सजिलो हुन्थ्यो।

उता उद्यमीहरूले सहमतिलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्। तर, उनीहरूमा समग्र चिया उद्योग नै धराशायी हुने चिन्ता उत्तिकै बढेको छ। मजदुरहरूको सेवासुविधामा वृद्धि भएपछि स्वतः उत्पादन लागत बढी भई मूल्य वृद्धि हुँदा सरकारले सहयोग नगरे चियाको मुख्य बजार भारतमा नेपाली चियाले प्रतिस्पर्धा गर्न नसक्ने उद्यमीहरूले बताएका छन्।

■ **रोशन साँवा/इलाम** (तस्बीर पनि)



# फोनले ल्यायो खुसी



५ वर्षपछि टेलिफोन सेवा सुरु भएको कृष्णनगरस्थित पिसिओमा फोन गर्ने पालो कुरेर बसेका स्थानीय बासिन्दा ।

**गुमी गाविस-५** की जमुरा रानाले झन्डै ३ वर्षपछि मलेसियामा रहेका आफ्नो छोरासँग फोनबाटै भए पनि सन्चोबिसन्चोका कुरा गरिन् । त्यस्तै शिवनगरकी राजकुमारी गुरुङले पनि मलेसियामा रहेका भाइसँग फोनबाट धोको फेरेर कुरा गर्ने मौका पाइन् ।

झन्डै ५ वर्षअघि काटिएको सुर्खेतको पूर्वी क्षेत्रको टेलिफोन सेवा हाल आएर पुनः सुरु भएपछि उनीहरूले देश विदेशमा रहेका आफन्तसँग भलाकुसारी गर्ने मौका पाएका हुन् । यसअघि एक कल फोन गर्न पनि ८ किमी टाढाको छिन्चु या करिब ३५ किमी टाढा वीरेन्द्रनगर धाउनु पर्ने बाध्यता थियो । 'छिन्चुको फोन पनि काटिएपछि त वीरेन्द्रनगर पुग्नु पर्थ्यो', राजकुमारीले भनिन्, 'वीरेन्द्रनगर जानेआउने गाडी भाडाले अहिले फोनमा कुरा गर्न पुग्छ ।'

सरकार-माओवादीबीचको पहिलो युद्धविराम २०५८ साल मंसिरमा भंग भएलगत्तै काटिएको त्यस क्षेत्रको टेलिफोन सेवा अहिले फेरि युद्धरत पक्षहरूबीच युद्धविराम र शान्तिवार्ता चलिरहेका कारण पुनः जडान हुन सकेको हो । युद्धविरामसँगै गुमीको विशालनगरमा साउन ९ गतेदेखि एउटा र शिवनगरमा साउन १३ गतेदेखि तीनवटा टेलिफोन सुचारु भएका छन् । जसमध्ये दुईवटा टेलिफोनबाट पिसिओ चलाइएको छ भने दुइटा व्यक्तिगत रुपमा । गुमीमा टेलिफोन सेवा सुचारु भएपछि वरपरका नौवटा गाउँका बासिन्दासमेत प्रत्यक्ष लाभान्वित भएका छन् ।

पाँच वर्षपछि टेलिफोन पुनः सुचारु भएकाले टेलिफोनबाट देश विदेशमा रहेका आफन्तहरूको हालखबर बुझ्नेहरूको घुइँचो लागेको छ, पिसिओहरूमा । कतारबाट आउने श्रीमान्को फोन कुरेर बसेकी कृष्णनगरकी जैसरा खत्री प्रत्येकपटक बज्ने फोनको घन्टीसँगै झसंग हुन्छिन् । 'आज जिन्दगीमा पहिलोपल्ट फोन चलाउन लागेकी छु', उनी भन्छिन्, 'घन्टी बज्यो कि आफ्नै हो जस्तो लाग्छ ।' यता नेपाल टेलिकम सुर्खेत शाखाले भने



माओवादी जनयुद्धका कारण जिल्लाका विभिन्न भागमा टेलिफोन सेवा बन्द भएपछि झन्डै १ करोड रुपैयाँ बराबरको राजस्व घाटा व्यहोर्नु परेको जनाएको छ ।

माओवादीले २०५८ सालमा जिल्लाको पूर्वी क्षेत्रमा रहेको गुमीचुली र उत्तरपूर्वको निगालपानीमा रहेको रिपिटर टावरमा क्षति पुर्‍याएपछि विगत ५ वर्षदेखि ती क्षेत्रमा टेलिफोन सञ्चालन हुन नसक्दा त्यस अवधिमा टेलिकम सुर्खेतलाई करिब ९६ लाख रुपैयाँ बराबरको राजस्व नोक्सान भएको नेपाल टेलिकम सुर्खेत शाखाका लेखा अधिकृत टेकनाथ अधिकारीले बताए ।

विगतमा टेलिफोन सञ्चालित जिल्लाका २७ वटा गाविसबाट न्यूनतम शुल्कबापत मासिक २ लाख दरले वार्षिक २४ लाख बराबरको राजस्व उठ्ने गरेको अधिकृत अधिकारी बताउँछन् । 'छिन्चु गाविसबाट मात्रै वार्षिक २ लाख ५० हजार बराबरको राजस्व उठ्थ्यो', उनले भने ।

माओवादीले गत वर्ष जेठमा छिन्चुस्थित रिपिटर टावरमा बम विस्फोट गरी ध्वस्त बनाएपछि टेलिकमले साढे २ लाख रुपैयाँ बराबरको क्षति व्यहोर्नु परेको अधिकारले जानकारी दिए ।

■ **गणेशकुमार कार्की/गुमी सुर्खेत** (तस्वीर पनि)

# टेलिफोन महसुलमा मनोमानी

**जसले कानुनलाई** लागू गराउने जिम्मा लिइएको हुन्छ, त्यही संस्थाबाट कानुनको खिल्ली उडाउने काम गरियो भने के होला ? अहिले जुम्लाका सर्वसाधारण यही अन्योलको सिकार भएका छन् । राज्यको पकडबाट टाढा रहेको फाइदा उठाउँदै मनोमानी ढंगले जिल्ला प्रशासन कार्यालय जस्तो जिम्मेवार निकायले समेत टेलिफोनमा मनलागी शुल्क असुल्न थालेपछि अहिले जुम्लाका जनता चिढिन थालेका छन् ।

गएको चार महिनाअगाडि नेपाल टेलिकमले सूचना निकालेर प्रतिमिनेट ८ रुपैयाँबाट घटाएर मुलुकको जुनसुकै ठाउँमा फोन गर्दा एउटै दर तिर्नु पर्ने र एक मूल्य दर निर्धारण गर्दै प्रतिमिनेट ४ रुपैयाँ तोकेको थियो । सूचना जारी गरेको चार महिना बितिसक्दा पनि जिल्लाका केही व्यापारी र जिल्ला प्रशासन जस्तो जिम्मेवार निकायले समेत पुरानै दरमा सर्वसाधारणबाट पैसा असुल्दै आएका छन् । तर, जिल्ला प्रशासन कार्यालयले भने 'व्यापारीहरुले असुलेको तर, प्रशासन कार्यालयले त्यसो नगरेको' दाबी गर्दै आएको छ ।

नेपाल टेलिकमअन्तर्गत जुम्ला कार्यालयका कर्मचारी कमलप्रसाद रेग्मीका अनुसार सर्वसाधारणबाट गुनासो आउन थालेपछि अवैध रुपमा उठाउँदै आएको महसुल तत्काल घटाउन पत्राचारसमेत गरिएको थियो । 'तैपनि, पहिलेकै मूल्य लिने गरेको गुनासो आएको छ', रेग्मी अगाडि बताउँछन् ।

प्रशासन कार्यालयमात्र होइन व्यक्तिगत रुपमा टेलिफोन राखेर पिसियोको रुपमा सञ्चालन गर्दै आएका केही व्यापारीले समेत मनोमानी रुपमा शुल्क असुल्ने गरेका छन् ।

सदरमुकाम खलंगामा सर्वसाधारणका लागि जम्मा तीनवटा पिसियो लाइन छुट्याइएको छ । दैनिक जसो सयौँले फोन गर्छन् र कतिले त दिनभरि लाइन बस्दा पनि फोन गर्ने पालो नपाएर निरास भएर घर फर्कन्छन् ।

करिब एक लाख जनसंख्या भएको जुम्लामा सर्वसाधारणका लागि जम्मा तीनवटा पिसियो लाइन छुट्याइएको छ । २०५८ सालमा माओवादीको आक्रमणबाट रिपिटर टावर ध्वस्त भएपछि नेपाल टेलिकमले तत्कालीन समयमा जिल्लालाई राज्यसँग सम्बन्ध बनाइराख्न भिस्याटमार्फत जुम्लालाई आधा दर्जन टेलिफोन लाइन बाँडेको थियो ।

■ **डिल्ली पाण्डे/जुम्ला**






# भविष्य हेर्ने नाममा ठगी

■ छत्र कार्की/काठमाडौं

■ **राजधानीको ठमेलस्थित** होटल पिसाङको काउन्टरमै आफूलाई विश्वशताब्दी शिरोमणिको रूपमा प्रचार गरिरहेका तथाकथित भारतीय ज्योतिषी दत्तराजन कफीको चुस्की लगाएर ग्राहक पर्खिरहेका थिए । भविष्यबारे जान्न चाहेको बताउनसाथ आफूलाई अन्तर्राष्ट्रिय भविष्यवक्ता बताउने ती ज्योतिषीले प्रफुल्लित भएर होटलको पहिलो तल्लामा लिएर गए । कोठा नं १०५ को सामुन्ने कुनामा राखिएका थोत्रा सोफामा बसेर १५ मिनेटजति कुरेपछि भारतबाटै आएका उनका सहायकले कोठाभित्र जाने संकेत दिए ।

खाटमा पलेँटी कसेर दक्षिणबाट उत्तरतिर फर्केर बसेका ती फिरन्ते ज्योतिषी कमजोर मानसिकताको फाइदा उठाएर ठग्ने धन्दामा माहिर रहेछन् भन्ने दस मिनेटमै थाहा भयो ।

'ग्रहदशा धेरै खराब छ', ती तथाकथित ज्योतिषीले हिन्दी भाषामा भने, 'संकटबाट मुक्ति पाउनका लागि भस्म राखेको बुटी, औंठी र पूजाआजा गर्नु पर्छ, त्यसको लागि भारतीय रुपैयाँ १६ हजार लाग्छ ।' होटलमा बस्दै आएका फिरन्ते भारतीय ज्योतिषीसँग जोडिएका ठगी प्रकरण वास्तविकताको नजिक रहेछन् भन्ने तथ्य पुष्टि भइरहेको थियो ती ठग ज्योतिषीको अभिव्यक्तिबाट ।

आफूसँग अहिले त्यत्रो रकम नभएको बताएपछि तत्काल एड्भान्सका रूपमा २-४ हजार रुपैयाँ भए पनि छोड्नै पर्ने जिद्दी गरे । पर्स देखाएपछि मात्र उनको चित्त बुझ्यो । भोलि बिहानै आउने सर्तमा भविष्यवाणी हेरेको शुल्कबापत ५ सय रुपैयाँ बुझाएपछि मात्र उम्किन पाइयो । कोठाबाट निस्कने बेलामा उनले एउटा कागजको चिर्कटोमा मोबाइल नम्बर लेखेर दिँदै भने, 'हेर, बेटा रकमको जोहो हुनेबित्तिकै तिमीले बिहान, दिउँसो, बेलुका, राति जति बेला फोन गरे पनि हुन्छ, म त तिमीहरूको उद्धार गर्नको लागि त्यत्रो टाढाबाट आएको छु ।'

विगत एक्काइस वर्षदेखि नेपाल आइरहेको दाबी गर्ने उनले नेपालको अहिलेको राजनीतिक अवस्था र विश्वका विभिन्न मुलुकका भएका घटनासम्बन्धी आफ्नो भविष्यवाणी सही भएको कुरा सुनाएर आकर्षित पार्न खोजे । त्यति मात्र होइन, उनले राजधानीबाट सन्ध्याकालीन र नामै नसुनेका साप्ताहिक पत्रिकामा आफ्नो बारेमा छापिएका समाचारको कटिङ देखाएर भ्रमको खेती गर्ने प्रयास गरे । उनले थपे, 'मैले इन्दिरा गान्धी, चन्द्रशेखर, राजीव गान्धी, अमिताभ बच्चनको भविष्यफल बताएको छु, जुन शतप्रतिशत मिलेको छ ।' 'यसको के प्रमाण छ ?' प्रश्न सोध्नासाथ जंगिदै भने, 'भारतमा त म कोहीसँग पनि ५ मिनेटभन्दा बढी कुरा गर्दिनँ, नेपाली भनेर बढी समय दिएको नचाहिँदा प्रश्न किन सोधेको ?' त्यति नै बेला, उनका सहायकले ढोका ढकढक्याएर अर्को ग्राहक आएको जनाउ दिएपछि बाहिरिनु पर्‍यो ।

गौशालास्थित होटल महाराजा प्यालेस कोठा नं १०४ पुग्दा ढोकामा मालासहित रंगीबिरंगी पर्दा झुन्ड्याइएर दुलहीझैं सिंगारिएको थियो । २०६२ साल मंसिरदेखि लगातार त्यस कोठामा कश्मीरका ज्योतिषी बताउने दीपराजले ज्योतिषको नाममा धन्दा चलाउँदै आएका रहेछन् । ढोकाकै छेउमा बसेको बीसवर्षे युवकले आज स्वामीजी व्यस्त हुनु भएकाले भेट्न नमिल्ने बताए । राजधानीबाहिरबाट आएको र आजै फर्कनु पर्ने बताएपछि ठाँटका साथ अड्डा जमाएर बसेका ती डुलुवा ज्योतिषीलाई बल्ल भेट्न पाइयो । होटल पिसाङमा भेटिएका ज्योतिषझैं रकम धुत्ने उद्देश्यमा समानता भए पनि तौरतरीका भने फरक थियो । कोठामा पस्नासाथ एक कुनामा दुर्गालगायत विभिन्न देवीको फोटो राखेर बनाएको पूजामण्डलमा भेटी चढाउनु पर्ने नियम रहेछ अनि त्यसपछि ग्राहकको कमजोर मानसिकतामाथि खेलबाड सुरु गर्दो रहेछ उनले । उनले ग्रहशान्ति, होमपूजा र भाग्यमानी पत्थरद्वारा भाग्य चम्काउन सकिने प्रलोभन बाँडे । उनले भने, 'जस्तोसुकै समस्याको पनि बढीमा २१ दिनभित्र शतप्रतिशत समाधान हुन्छ । खर्चचाहिँ पूजा अवधि हेरेर १० हजारदेखि ५० हजारसम्म लाग्न सक्छ ।'

राजधानीका मध्यमस्तरदेखि तारे होटलमा समेत बसेर ग्रहदशा हेर्ने तथाकथित भारतीय ज्योतिषीले पूजाआजा, औंठी धारण गरेर शतप्रतिशत समस्या निको पार्ने प्रलोभन बाँडी कयौं नेपालीलाई ठगिरहेका छन् । जन्मकुण्डलीविना अनुहार, हस्तरेखा र फोटो हेरेर भविष्य बताउन सक्ने भनेर छापिएको विज्ञापनको आधारमा धेरै व्यक्ति लुटिइरहेका छन् ।

ज्योतिष ओजराज उपाध्याय लोहनी प्रश्न गर्छन्, 'तस्वीर हेरेकै भरमा सबै मिलाउने त्यस्ता चामत्कारिक ज्योतिषीको लागि त भारतमै बजार हुनु पर्ने हो किन नेपाल आउनुपर्‍यो ? यो ठगी सिवाय केही होइन ।' कर्ममा विश्वास नगरी आफ्नो भविष्य र भाग्यप्रति चिन्तित रहने प्रवृत्तिले यस्तो ठगी व्यवसाय मौलाएको परामनोवैज्ञानिक अनुसन्धान केन्द्र, काठमाडौंका संस्थापक अध्यक्ष कमल योगीको विचार छ । उनी भन्छन्, 'मानिसमा रहेको त्यही कमजोरीलाई व्यापार, रोजगार, बढुवा,



राजनीति, विदेशयात्रा, विवाह, दाम्पत्य जीवनलगायत विषयसँग जोडेर फाइदा लुटिरहेका छन्, ती तथाकथित ज्योतिषीहरूले ।' उनीहरूले भविष्यफल हेरेबापत २ सयदेखि ५ सय रुपैयाँसम्म लिने गरेका छन् । यति थोरै शुल्क लिएर उनीहरू सोल्टी, ग्रान्ड, अन्नपूर्ण, उडल्यान्डजस्ता दिनको २ हजारदेखि ५ हजार रुपैयाँसम्म तिर्नुपर्ने महँगा कोठामा महिनौंसम्म बस्न कसरी सम्भव हुन्छ त ? यसको जवाफ प्रस्ट छ, 'शुल्क त केही होइन, देखावटी मात्र हो, उनीहरूले ग्राहकबाट विशेष पूजा र पत्थरजडित भनिएका नक्कली औंठी भिडाएर हजारौं रुपैयाँ कुम्ल्याउने गर्छन् ।' यो धन्दाबाट बर्सेनि लाखौं रकम भारतीय ज्योतिषीले कुम्ल्याउने गरेका छन् ।

भारतका काशी, हरिद्वार, मुम्बई, मैसुर, कश्मीरलगायत विभिन्न ठाउँबाट आएका डुलुवा ज्योतिषीहरुले आफूलाई सुप्रसिद्ध भारतीय राजज्योतिषीका साथै हनुमान, दुर्गा, काली आदिको भक्त भएको भनी प्रचार प्रसार गरेको पाइन्छ । वर्षमा सयको हाराहारीमा यस्ता ज्योतिषी नेपाल आएर होटलमा अखडा जमाएर ठगी धन्दा गर्ने गरेको पाइएको छ । भविष्यप्रति आम मानिस चिन्तित हुन्छ । त्यसैले होला, भविष्य जान्ने नाममा कर्मवादीको सट्टा भाग्यवादी बन्न पुग्छ । पत्रिकामा विज्ञापन देखेर कमलादीस्थित टेम्पल टाइगरमा कार्यरत तेजस्वी श्रेष्ठ आफ्ना साथीसहित दरबारमार्गस्थित होटल उडल्यान्डको कोठा नं ३००७ मा बसेका भारतीय राजज्योतिषी बताउने स्वामी जगन्नाथकहाँ गइन् । ५ सय रुपैयाँ तिरेपछि ती घुमन्ते ज्योतिषीले एउटा प्रश्नको जवाफ दिए र बाँकी समस्या समाधानका लागि १० हजार रुपैयाँ पर्ने पत्थरजडित औंठी लगाउनु पर्ने सल्लाह दिए । तेजस्वी भन्छिन्, 'औंठी भिडाएपछि ठगीधन्दा रहेछ भन्ने थाहा पाइहाल्यौं र फर्केर आयौं ।' मोरङका व्यापारी टेकेन्द्र थापा व्यापार ओरालो लागेपछि विगत १ वर्षदेखि यस्तै डुलुवा ज्योतिषको शरणमा जाने गरेका छन् । होटल पिसाङमा भेटिएका थापाले हवन, पूजाआजा, औंठीधारणलगायत विभिन्न कर्ममा एक लाखजति सकिए पनि व्यापार नसुध्रेको गुनासो पोखे । उनले भने, 'खै भइहाल्छ कि अझै पनि आस मारेको छैन ।'

सामान्य मानिसमात्र होइन, चर्चामा आएका व्यक्ति पनि तथाकथित ज्योतिषीबाट ठगिने गरेका छन् । आफ्नो चलचित्र 'क्यारिअर' त्यति नजमेपछि नायिका मेलिना मानन्धर भाग्य परीक्षण गराउन युवावस्थामै सिद्धिप्राप्त गरेको हवाला दिने रामदास नामक ज्योतिषीकहाँ गइन् । ज्योतिषीले मुगाजडित औंठी लगाए भाग्य चम्किने बताएपछि मेलिना पनि के कम र ? १० हजार रुपैयाँ तिरेर उक्त औंठी किनिन् । औंठी धारणपछि कला क्षेत्रमा जम्नु त परै जाओस्, हेर्दाहेर्दै सुनको भनिएको औंठी फलाममा परिणत भयो । मेलिना जस्ता धेरै मानिस ठगिए पनि सामाजिक प्रतिष्ठाका कारण बाहिर घटना बाहिर ल्याउन चाहँदैनन् ।

## लोभी ठगिन्छ

भारतीय ज्योतिषीले नेपालीको कमजोरीको फाइदा उठाएको दाबी गर्छन् ज्योतिष लोहनी । यसको लागि कर्म नगरी सफल बन्न खोज्ने नेपालीहरूको प्रवृत्तिले काम गरेको उनको दाबी छ । उनी भन्छन्, 'भारतीय ज्योतिषी भन्नेबित्तिकै आँखा चिम्लिर विश्वास गर्ने चलन छ, ज्योतिषीको आवरणमा आएका ती ठगले लाखौं कुम्ल्याएर भागेपछि पछुतो गर्नुको विकल्प हुँदैन ।'

जनतालाई दिग्भ्रमित पार्ने खालका विज्ञापन छाप्न सञ्चारमाध्यमले सोच्नु पर्ने लोहनी बताउँछन् । उनी भन्छन्, 'ज्योतिष विज्ञानमा दक्षता भएको मानिसले विज्ञापन गर्नु आवश्यक छैन । भारतीय ज्योतिषहरूको ठगी गतिविधिको सञ्जाल फैलिरहँदा सरकारी निकाय मौन देखिन्छ ।'

खासगरी वैज्ञानिक चिन्तन र आत्मविश्वास कमी भएकाहरू ज्योतिषकहाँ जाने गरेको पाइन्छ । यो लहरमा व्यापारी र राजनीतिज्ञ बढी रहेको देखिन्छ । संस्कृति विश्लेषक मोदनाथ प्रश्रित भन्छन्, 'कर्ममा विश्वास गर्ने मानिसहरू ज्योतिषकहाँ जाँदैनन् ।'

जबसम्म समाजमा भाग्यको सहाराबाट माथि चढ्न खोज्ने लोभी लालचीहरू रहिरहन्छन्, तबसम्म ठगहरूले विभिन्न नाममा धन्दा चलाइरहन्छन् । त्यसैले, शिक्षामा कर्ममा आधारित जीवनवादी दर्शनलाई एकसाथ अघि बढाउनसके सचेतना अभिवृद्धि भई ज्योतिषलगायत अरू विभिन्न नामबाट सञ्चालित व्यापार बन्द हुने निश्चित छ ।

## ज्योतिष कति वैज्ञानिक ?

ज्योतिष ग्रह र नक्षत्रहरूको गणितसँग सम्बन्धित विज्ञानको रुपमा लिइन्छ । सूर्यको वरिपरि परिक्रमा गर्न लाग्ने समय हरेक ग्रहको फरक फरक हुन्छ । पृथ्वीले सूर्यको वरिपरि घुम्न लाग्ने समयअवधिलाई १२ भागमा बाँडेर राशि नामकरण गरिएको हुन्छ । ज्योतिषलाई गणित र फलित गरी दुई भागमा बाँड्न सकिन्छ । गणित ज्योतिषले चन्द्र, पृथ्वी, नक्षत्र र अरू ग्रहको गति र अवस्थाको बारेमा बताउँछ । गणित ज्योतिषले बताएको ग्रह नक्षत्रको अवस्थाको आधारमा कुनै पनि व्यक्तिमा कस्तो प्रभाव पार्छ भन्ने कुरा फलित ज्योतिषले गर्छ । ज्योतिष विधाले छुमन्तर गरेर सबै कुरा ठिक पार्नेभन्दा पनि गाइडेन्सको काम मात्र गर्ने भएको विज्ञहरू बताउँछन् ।

संस्कृति विश्लेषक प्रश्रित भन्छन्, 'गणित ज्योतिष फलितभन्दा बढी तथ्यपरक भएकाले यसबाट केही प्रतिशत बढी मिल्छ । तर, शतप्रतिशत मिल्न भन्नेचाहिँ हुँदैन ।' प्रश्रितका विचारमा गणित ज्योतिषमा २५ देखि ३० प्रतिशतसम्म कुरा मिल्न सक्छन् । तर, फलित भनेको मानिसको मनोविज्ञानको आधारमा बताउने हो ।' रेडियोलोजी पढेका मानिसले मानिसले पनि अनुहार हेरेर पनि धेरै कुरा अनुमान गर्न सक्छन् । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा. होमनाथ भट्टराई भन्छन्, 'पेसा चलाउन थोरै कुरालाई बढाइँचढाइ गर्छन् ।' ग्रह, उपग्रह, नक्षत्रहरुको गति र अवस्थितिले मानिसको जीवनमा प्रभाव पार्ने बताइन्छ । पूर्णिमा र औंसीका दिन समुद्रमा उठ्ने ज्वारभाटाका कारण पनि जीवनमा असर पुग्छ भन्ने वैज्ञानिक तथ्य छ । ■

# वैज्ञानिक आधार छैन



■ **कमल योगी**
संस्थापक अध्यक्ष, परामनोवैज्ञानिक अनुसन्धान केन्द्र, काठमाडौं

**ज्योतिषीहरू शतप्रतिशत समस्या समाधानको दाबी गर्छन् नि ?**

ज्योतिषबाट शतप्रतिशत समस्या समाधान नै हुँदैन । यसलाई कमजोर मानसिकता भएका मानिसमाथि गरिने ठगीको चरम नमुनाका रूपमा लिन सकिन्छ । शतप्रतिशत समस्या समाधान हुन्छ भन्ने तथ्यगत आधार चाहिन्छ, त्यो खोइ त ? गणित ज्योतिष तथ्यपरक छ । तर, फलित ज्योतिषमा चाहिँ मानिसको मनोविज्ञान बुझेर सम्भाव्यता सिद्धान्त पनि प्रयोग गरिन्छ । त्यसैले ज्योतिषीले दिएका धेरै विकल्पमध्ये कसैको जीवनमा केही मिल्नु अस्वभाविक होइन ।

**त्यसो भए ती सही ज्योतिषी होइनन् त ?**


ज्योतिषलाई विज्ञानकै रुपमा स्वीकार गरिएको छ । वस्तुगत तथ्यविना कुनै विषयबारे हचुवाका भरमा बताउन मिल्दैन । वैज्ञानिक चेतना लिएर ज्योतिष पढेको मानिस कहिले पनि सस्तो प्रचारको पछि लाग्दैन । तथाकथित ती ज्योतिषीको हवाला दिँदै पत्रिकामा छापिएका विज्ञापनले नै प्रस्ट पार्छ कि तिनीहरू वैचारिकरूपमा दरिद्र र पैसामुखी छन् । नेपालीको सोझोपन र कमजोर मानसिकतामाथि खेलवाड गरेर पैसा कुम्ल्याउन आएका हुन् ।

**किन मानिसहरू तथाकथित ज्योतिषकहाँ ओइरिन्छन् त ?**

यो सबै हाम्रो अज्ञानताको कारण हो । हामी अरूबाट शोषित भएको थाहै पाउँदैनौं । वैज्ञानिक मस्तिष्क र चिन्तनको कमीले गर्दा यस्तो भएको हो । भाग्य चम्काउन आफू नै कर्मशील हुनु पर्छ । आफूप्रति रतिभर विश्वास नभएका बहुसंख्यक मानिस ज्योतिषकहाँ जान्छन् । खासगरी भ्रष्ट मतिका उच्च अधिकारीहरूसमेत मन शान्तिको लागि ज्योतिषकहाँ धाउँछन् र आखिरमा हजारौं लुटाएर आउँछन् ।

**शक्ति सम्पन्न र सिद्धि प्राप्त भएको दाबी गर्नेहरूमाथि वैज्ञानिक परीक्षण सम्भव छ ?**

जरुर सम्भव हुन्छ । जो आफ्नो शक्तिचक्र जागृत भएको र सिद्धि प्राप्त भएको डिङ हाँक्छन्, तिनीहरूको शक्ति परीक्षण गर्न सकिन्छ वैज्ञानिक तरिकाबाट । वैज्ञानिक प्रमाणीकरणविनाका धन्दा सबै ठगी हुन् । गलत प्रवृत्ति भएका मानिसलाई नंग्याउन पनि वैज्ञानिक अनुसन्धान र परीक्षण आवश्यक छ, त्यत्तिकै गफ गरेर दिमाग भुटेको आधारमा जनता ठग्न पाइँदैन । ■



'न सरकारले घर फर्काउनेतर्फ पहल गरेको छ न त शिविरमा बस्दा गाँसको व्यवस्था गरेको छ', मुगुका विस्थापित कर्णसिंह बुढाको भनाइ छ ।

# द्वैध चरित्रको सिकार

■ रुद्र खड्का/नेपालगन्ज

**सरकार र माओवादीबीच विस्थापितहरूलाई घर फर्काउने केन्द्रीयस्तरमा सहमति भए पनि स्थानीयस्तरमा अझै ठूलो संख्यामा द्वन्द्वको मार खप्न नसकी विस्थापित भएकाहरू घर फर्कन सकेका छैनन् । घर फर्कन नसकेका पीडितहरूले शान्तिवार्ता भइरहेका बेला पनि घर फर्कन नसक्नुमा सुरक्षाको प्रत्याभूति नभएको र माओवादीले कब्जामा लिएका सम्पत्ति कसरी फिर्ता गर्ने तथा राजनीतिक कारणले विस्थापित भएकाहरूले गाउँमा कसरी आफ्नो मान्यता र विचार तथा सिद्धान्त कायमै राख्ने भन्ने चिन्ता रहेको बताएका छन् ।**

**माओवादी र सरकारबीच** युद्धविराम भएपछि हर्षित हुँदै जाजरकोट फर्केका विस्थापित झुपलाल शर्माको घर बस्ने चाहना यसपालिको 'शान्तिकाल'मा पनि पूरा हुन सकेन ।

दुई वर्षदेखि बाँकेको रझेनास्थित माओवादी पीडित विस्थापित क्याम्पमा बस्दै आएका शर्मा आफ्नो घर जाजरकोट सीमा फर्केको केही दिनमै माओवादीले कुटपिट गरेपछि पुनः क्याम्पमै फर्कनु पर्‍यो । ५ वर्षअघि माओवादी त्रासका कारण गाउँबाट विस्थापित भई जाजरकोट सदरमुकाममा शरणार्थी जीवन बिताइरहेका शर्माले विगतमा पनि घर फर्कने प्रयास गरेका थिए ।

गत वैशाख १९ गते ६ जना परिवारसँगै घर फर्केका २८ वर्षीय शर्मालाई गाउँकै स्थानीय माओवादी कार्यकर्ता चक्रबहादुर बस्नेतले कुटपिट गरेपछि परिवारसँगै उनी क्याम्पमा फर्केका छन् । घर फर्केको एक महिनापछि माओवादी कार्यकर्ता बस्नेतले जनअदातलमा मुद्दा चलिरहेको मान्छे किन गाउँ फर्केको भन्दै कुटपिट गरेको शर्मा बताउँछन् ।

माओवादी कार्यकर्ताले मुखमा कुटपिट गरेको घाउ देखाउँदै उनले भने, 'विस्थापितलाई घर फर्कन जोड दिने मानवअधिकारवादी पनि यस्ता ज्यादतीको विरोधमा बोल्दैनन् ।' कांग्रेस कार्यकर्ता बताउने शर्माका अनुसार माओवादीले कुटपिटपछि नगद ५ सय २० रुपैयाँसहित कमिज, प्यान्ट लगायत अन्य सामान लिएका थिए । शर्माले माओवादीद्वारा कुटपिट गरिएको उजुरी जाजरकोटबाट सुर्खेत झरेर इलाका प्रहरी कार्यालय छिन्चुमा लेखाए पनि प्रहरीले अहिलेसम्म बस्नेतलाई पक्राउ गरेर सोधपुछ गरेको छैन ।

त्यसैगरी गत महिना मानवअधिकारवादीहरूको रोहवरमा रझेनास्थित विस्थापित क्याम्पबाट दैलेखको बिशाला फर्काइएका विस्थापित प्रेमबहादुर शाही एक साता पनि घर नबसी पुनः नेपालगन्ज फर्किए । जग्गाजमिन र सबै सम्पत्ति कब्जामा लिएका माओवादीले विस्थापितलाई फर्काउन दैलेख पुगेका मानवअधिकारवादी र पीडित शाहीसँग कब्जामा लिइएको घरजग्गा र अन्य सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धता जनाए पनि फर्केको एक सातासम्म सहयोग त के माओवादी देखा नपरेपछि दिक्दार हुँदै फर्किनु परेको उनी बताउँछन् । 'कब्जामा लिइएको जग्गा र सम्पत्ति पूरै फिर्ता गर्न नसकिने उल्टै ३८ हजार रुपैयाँ दिनु पर्ने माओवादीले खबर पठाएपछि गाउँमा बस्न सकिनँ', एमाले कार्यकर्ता शाही भन्छन्, 'स्थानीयस्तरमा माओवादीको विगतमा जे-जस्तो हैकम थियो, अहिले पनि त्यस्तै छ । विस्थापितहरूको घर फर्कने इच्छा शान्तिकालमा पनि पूरा नहुने भयो', उनी भन्छन् ।

मानवअधिकारवादीहरूको पहलमा गत महिना क्याम्पका विस्थापितहरू घर फर्कन खोजेका बेला माओवादीका स्थानीय नेताहरूले दैलेखका आनन्दबहादुर शाहीलाई घर फर्कने अनुमति दिएनन् । पूर्व माओवादी कार्यकर्ता शाहीलाई सुराकीको आरोप लगाउँदै माओवादीले गाउँमा फर्केको खण्डमा हुने घटनाहरूको जिम्मेवारी पार्टीले नलिने बताएपछि घर फर्कन तयार भएका ३०

वर्षीय शाही कोहलपुरमै रोकिए ।

सरकार र माओवादीबीच विस्थापितहरूलाई घर फर्काउने केन्द्रीयस्तरमा सहमति भए पनि स्थानीयस्तरमा अझै ठूलो संख्यामा द्वन्द्वको मार खप्न नसकी विस्थापित भएकाहरू घर फर्कन सकेका छैनन् । घर फर्कन नसकेका पीडितहरूले शान्तिवार्ता भइरहेका बेला पनि घर फर्कन नसक्नुमा सुरक्षाको प्रत्याभूति नभएको र माओवादीले कब्जामा लिएका सम्पत्ति कसरी फिर्ता गर्ने तथा राजनीतिक कारणले विस्थापित भएकाहरूले गाउँमा कसरी आफ्नो मान्यता र विचार तथा सिद्धान्त कायमै राख्ने भन्ने चिन्ता रहेको बताएका छन् ।

'गाउँमा अहिले पनि माओवादीको हैकम कायमै छ', नेपाली कांग्रेस प्रजातान्त्रिक दैलेख जिल्ला समिति सदस्य भएका बेला दुई वर्षअघि विस्थापित भूपेन्द्रबहादुर शाहीले भने, 'आत्मसम्मानका साथ माओवादीले घर फर्कन दिइरहेका छैनन्, आत्मसमर्पण गरेर हामी घर फर्कने पक्षमा छैनौं ।' कयौं विस्थापितलाई माओवादीले पुरानो आरोप लगाउँदै स्थानीय जनसत्तामा मुद्दा चलिरहेको बताउँदै घर फर्कन अवरोध गर्ने गरेकोमा आपत्ति जनाउँदै अर्का विस्थापित चित्रप्रसाद शर्माले भने, 'विस्थापितहरू त राजनीतिक कारणले पीडित भएका हुन् । तर, माओवादीहरूले भने कयौं व्यक्तिको हत्या गरेका छन् । माओवादीले गरेको गल्ती क्षम्य हुने । तर, सर्वसाधारणले गरेको गल्ती अपराध मानिने यो कस्तो द्वैध चरित्र हो', शर्माले गुनासो गरे ।

शान्तिवार्ताको सुरुवातसँगै जिल्ला सदरमुकाम तथा सहरी स्थानमा विस्थापित भएकाहरूलाई घर फर्काउने समझदारी भए पनि बाँकेको रझेनास्थित विस्थापित क्याम्पबाट घर फर्कनेहरूको संख्या न्यून छ । दुई वर्षदेखि मध्यपश्चिमका नौ जिल्लाका २ सय १६ विस्थापित परिवार बस्दै आएको रझेना क्याम्पबाट १६ परिवार घर फर्केकोमा ४ परिवार गाउँमा बस्ने वातावरण नभएको भन्दै पुनः नेपालगन्ज फर्किएका छन् ।

उनीहरूलाई मानवअधिकारवादी संस्थाहरूले माओवादीसँग समन्वय गरिएको भन्दै घर फर्कनलाई आर्थिक तथा अन्य सहयोग गरेका थिए । क्याम्पबाहेक नेपालगन्ज लगायत थुप्रै सहरी क्षेत्र र जिल्ला सदरमुकामहरूमा पनि माओवादी पीडितहरूले आश्रय लिइरहेका छन् । सशस्त्र संघर्षको मार खप्न नसकी मध्य तथा सुदूरपश्चिमका विभिन्न जिल्लाका ग्रामीण बस्तीबाट विस्थापित हुनेहरूको संख्या ३० हजार रहेको मानवअधिकारवादी संस्थाहरूको अनुमान छ । यसबाहेक सशस्त्र द्वन्द्वकालमा ज्यान बचाउनको लागि विदेशिनेको संख्या ठूलो थियो । विस्थापित व्यक्तिहरूले अधिराज्यभर माओवादी त्रासले विस्थापित हुनेहरूको संख्या झन्डै २ लाख रहेको बताउँछन् ।

सात राजनीतिक दलहरूको सरकार र माओवादीबीच मेलमिलाप भई शान्तिवार्ता भइरहेका बेला गाउँबाट विस्थापित हुनेहरूको संख्या रोकिए पनि गाउँ फर्कने उत्साह भने बढेको पाइँदैन । विस्थापितहरूले घर फर्कनु नपाउनुमा माओवादीलाई दोष लगाउँदै सरकार गम्भीर नभएको आरोप लगाएका छन् । 'न सरकारले घर फर्काउनेतर्फ पहल गरेको छ न त शिविरमा बस्दा गाँसको व्यवस्था गरेको छ', मुगुका विस्थापित कर्णसिंह बुढा भन्छन्, 'राजाको शासन र लोकतान्त्रिक सरकारमा फरक देखिएको छैन । तीन साताअघि राज्यमन्त्री रमेश लेखक विस्थापित क्याम्प पुगेर कम्तीमा गाँसको व्यवस्था गर्ने प्रतिबद्धता जनाए पनि अहिलेसम्म केही नपाएको पीडितहरूले गुनासो गरेका छन् । त्यसो त नेपालगन्ज पुग्ने हरेक राजनीतिक दलका नेता तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू आन्तरिक शरणार्थी क्याम्पमा पुगेर सहयोग गर्ने प्रतिबद्धता जनाएपछि विगत ६ महिनादेखि हिमालयन फाउन्डेसन नामक संस्थाले औषधीमा सहयोग गर्नुबाहेक अन्य कुनै पनि सरकारी तथा गैरसरकारी संस्थाहरूले सहयोग नगरेको विस्थापितहरूले गुनासो गरेका छन् । आर्थिक समस्याका कारण विस्थापित बालबालिकाहरू पनि विद्यालय जान छोडेको अभिभावकहरू बताउँछन् । ४ वर्षको उमरदेखि कक्षा १० मा अध्ययनरत २ सय ३३ जना विद्यार्थीलाई गत शैक्षिक सत्रमा केही संस्थाले सहयोग गरेर पढाइ थाले पनि यसपालि कसैले सहयोग नगर्दा बालबालिकाहरू विद्यालय जान छोडेको उनीहरू बताउँछन् ।


सरकार र माओवादीबीच विस्थापितहरूलाई घर फर्काउने केन्द्रीयस्तरमा सहमति भए पनि स्थानीयस्तरमा अझै ठूलो संख्यामा द्वन्द्वको मार खप्न नसकी विस्थापित भएर बाँकेको शिविरमा रहेकाहरू घर फर्कन सकेका छैनन् ।

**सात राजनीतिक दलहरूको सरकार र माओवादीबीच मेलमिलाप भई शान्तिवार्ता भइरहेका बेला गाउँबाट विस्थापित हुनेहरूको संख्या रोकिए पनि गाउँ फर्कने उत्साह भने बढेको पाइँदैन । विस्थापितहरूले घर फर्कनु नपाउनुमा माओवादीलाई दोष लगाउँदै सरकार गम्भीर नभएको आरोप लगाएका छन् ।**

क्याम्पमा रहेका ९ सय ६३ जनामध्ये झन्डै ५ सय काम गर्न सक्ने उमेरका युवायुवती छन् । तर, ती युवाहरूले काम नपाएको गुनासो गरेका छन् । कक्षा ९ मा अध्ययन गरिरहेका बेला आर्थिक अभावले यसपालिदेखि पढाइ छोडेका १७ वर्षीय मनबहादुर शाही भन्छन्, 'पढ्नलाई पैसा छैन र पैसा कमाउनलाई काम छैन ।' एकातिर कसैको सहयोग नहुनु र अर्कोतर्फ स्थानीयस्तरमा काम नपाउँदा ज्यान पाल्न गाह्रो भइरहेको विस्थापितहरू बताउँछन् । केही युवा भने सीमावर्ती भारतीय बस्तीमा पुगेर काम गरी कमाएको पैसाले ज्यान पालिरहेको बताउँछन् ।

यता माओवादीले भने विभिन्न लोभ र लालचका कारण विस्थापितहरू घर फर्कन नमानेको आरोप लगाउँछन् । 'सुख-सुविधा र जागिरको आशामा विस्थापितहरू घर फर्कन मानिरहेका छैनन्', माओवादी बाँके जनसरकार प्रमुख पूर्णा सुवेदीले भनिन्, 'नीतिगत रुपमै माओवादीले विस्थापितलाई घर फर्कंदा अवरोध गर्दैनन् ।' ■

शान्ति प्रक्रिया सुरु हुन थालेपछि माओवादीबाट विस्थापितहरू पुनःस्थापित हुने क्रम पनि सुरु भयो । कति आफ्नै घर फर्किसके भने कति फर्कंदै छन् । तर, राज्यपक्षबाट विस्थापित भएकाहरूको पुनःस्थापना भने चर्चाको विषय मात्रै पनि भएको छैन ।

# न क्षतिपूर्ति न पुनःस्थापना




निर्मलपोखरीमा सेनाको शिविरभित्र परेको विभा विकको घर ।

तस्वीर : सुरेश रानामगर

**लहलहाउँदो बाली,** लटरम्म सुन्तला फल्ने बारी त्यहीमाथि पुर्ख्यौली साइनोको माया मिसिएको घरबारी छाडेर वेदबहादुर लामिछाने अहिले गाउँकै सार्वजनिक चौरमा कटेरो बनाएर बसेका छन् । 'आफ्नो घरजग्गा छोड्ने मन त कहाँ हो र बाध्यताले छाड्नु पऱ्यो', उनी भन्छन् ।

पसिनाको कमाइले बनाएको घर र सुन्तला अनि अरू गतिलो खेतीबाली हुने ठाउँ जहाँबाट विछट्टै सुन्दर हिमाल र पोखरा हेर्दै मन बहलाउन पाइन्थ्यो । कम्ती रमाइलो थिएन, कास्की निर्मली पोखरामा उनको थातथलो । आफूले पनि पोखराकै कृषि कार्यालयमा सरकारी जागिर खाएका थिए । दुई भाइ छोरा पनि सेनामा भर्ती भए पनि ढुक्क भएको थियो । अहिले आफ्नो त्यो रमाइलो घरबारीको सम्झना मात्रै भयो भने पनि वेदबहादुरको मन उराठ भएर आउँछ ।

मनै उराठ हुने गरी रुपै बदलिएको छ उनको घरबारीले पनि । कुन बारीको आली र कान्लो कहाँ थियो आफ्नो जग्गाको साँधसीमा कहाँ हो केही भेउ पाउने अवस्था नै छैन । ऋण काढेर लगाएका सुन्तलाका बोटमा फलेका दानाको स्वाद चाख्न पनि मुस्किल छ उनलाई । गाउँघरतिर माओवादी युद्धको भिल्को पसेपछि हुन थालेको अशान्ति हटाउन सेनाले गाउँमा बेला बखत गस्ती गर्न थालेको थियो । सेनाले गस्ती बढाउन थालेपछि माओवादी अशान्ति अब शान्तिको बाटोमा सोभिएला भन्ने अरू गाउँलेले जस्तै वेदबहादुरलाई पनि लागेको हो ।

गाउँमा शान्तिसुरक्षा गर्न गएको सेनाले गाउँमै शिविर राख्ने भएपछि वेदबहादुरको घरबाट शान्तिले बिदा लिएझैं भयो । सेनाले शिविर राख्दा उनको घरबारी सबै शिविरकै घेराबन्दीभित्र पर्ने गरी तारबार लगाएपछि सबै छाडेर शरणार्थीझैं घरबाट निस्कनु पऱ्यो । आफ्नै छोराहरू पनि सेनामै भएकाले सेनाका जवान र अधिकारीहरूप्रति पनि नजिकको साइनो भएझैं पनि लाग्थ्यो उनलाई । 'तर, अचानक घरबारी नै घेरेर तारबार लगाउन थालेपछि त आफैंमाथि चट्याङ परेजस्तो भयो ।' विना कुनै सूचना सेनाले आफ्नो घरबारीसमेत पर्ने गरी शिविर राख्न सुरु गरेको दिन २०६१ साल चैत २४ गते सम्झन्छन् उनी । घरै घेरिए पनि बस्न त पाएकै थिए । तर, विस्तारै बारीका आली कान्ला सम्मिन थाले, डाले घाँसका बोटविरुवा जाने ठाउँतिर माइन बिछ्याइयो । घरभित्र पस्न र बाहिर निस्कँदा पनि कता ब्लेड वायरले काट्छ कि वा कतै माइन पड्कन्छ कि जस्तो डर हुन थाल्यो । 'त्यसपछि घरबारी छाडेर चौरमा ओत बनाएँ', उनले सुनाए ।

सेनाले शिविर राख्न जग्गा चाहिएपछि उनीसहित सातजनाको जग्गा ओगटेको थियो शिविरले । उनी र खगे कामीको घर पनि शिविरभित्रै पऱ्यो । तर, घरबारी नै छाडेर उठ्नु परेपछि पनि लामिछानेले उचित मुआब्जा पाउन सकेका छैनन् । डेढ लाख रुपैयाँ ऋण काढेर सार्वजनिक चौरमा ओत लाग्ने ठाउँ बनाउनुपरेको छ ।

गाउँमा माओवादीको गतिविधि बढ्न थालेपछि केही गाउँलेको घरमा ताला लाग्यो । माओवादीको दबाबमा घर छाड्नुपरेकाहरूले मुलुकमा शान्तिप्रक्रिया सुरु हुने क्रमसँगै आफ्नो घरभित्र पस्न थाले । मुलुकमा लोकतान्त्रिक प्रक्रिया सुरु भइसकेपछि त झन् माओवादीबाट विस्थापितहरू क्रमशः घर फर्कने क्रम तीव्र भएको छ । केही फर्कने क्रममा छन् । तर, वेदबहादुर जस्ता राज्यपक्षबाट विस्थापितहरूलाई भरपर्दो बसोवास व्यवस्था मिलाउने वा पहिलेकै ठाउँमा पुनःस्थापित गर्ने अथवा उचित क्षतिपूर्ति दिनेबारे चर्चासमेत चलेको छैन ।

घरजग्गा सैनिक शिविरभित्र परेपछि वेदबहादुरले त ऋणै काढेर भए पनि सार्वजनिक चौरमा ओत लाग्ने ठाउँ बनाए । उनीसँगैकै विभा विकले भने त्यो पनि गर्न सकेकी छैनन् । बाहिर कतै गएर खरकै छाप्रोसमेत बनाउन सक्ने अवस्था नभएपछि सेनाको तारबारभित्रकै गोठजस्तो घरमा बसिरहेका छन्, उनको १४ जनाको परिवार । बरु उनी खुसी नै पनि छन् । गाउँलेले मकैको च्याँख्लासमेत नदिने गरेको दुखेसो सुनाउँदै उनी सेनाको शिविरभित्रै बसेर आफूहरूले रहेपहेकै भए पनि खान पाएको बताउँछिन् । सेनाले कास्कीको निर्मलपोखरीमा शिविर राखेपछि सातजनाको जमिन परेको थियो । त्यसबापत वेदबहादुरसहितलाई केही पैसा पनि सेनाले दिएको छ । तर, घर नै परेका वेदबहादुरले तीन वर्षदेखिको भाडाबापत अहिलेसम्म जम्मा १५ हजारमात्रै पाएका छन् भने खेतीपातीको क्षतिपूर्ति ३५ हजार । ५-६ लाखको सम्पत्ति ५० हजार मात्रै पाए । तर, अर्को बास खोज्दा डेढ लाख ऋण लाग्यो ।

उचित क्षतिपूर्तिका लागि धेरै कोसिस गरेका पनि हुन् उनले । तर, सैनिक पृतनाले आफूहरू सुरक्षा समितिको निर्णयअनुसार निर्मलीपोखरी गएकाले सुरक्षा समितिबाट क्षतिपूर्तिबारे काम हुने बताउँदै आएको छ । 'सिडियो अफिस जान्छु सेनाकोमा जाऊ भन्छन्, सेनाकोमा जान्छु सिडियोकोमा जाऊ भन्छन्', वेदबहादुर सुनाउँछन्, 'केटकेटी खेलाएझैं खेलाइयो ।'

जिल्ला प्रशासन कार्यालयका अनुसार क्षतिपूर्तिका लागि गृहमन्त्रालयस्थित द्वन्द्व पीडित तथा राहत व्यवस्थापन एकाइमा जानकारी गराई सिफारिस गरिएको छ । तर, उहीँबाट पैसा नआएको जानकारी प्रमुख जिल्ला अधिकारी बद्रीनाथ घिमिरेले जानकारी दिएका छन् ।

पर्वतमा दुर्गादत्त गुल्मभित्र १३ घर तारबारभित्रै परेका छन् । तिनीहरू कसैको पनि हातमा क्षतिपूर्ति परेको छैन । न त उनीहरूलाई सुरक्षित पुनःस्थापनाको प्रक्रिया भएको छ । १३ परिवार तारबारभित्रै आफूहरू बस्दै आएको ठाउँ नछाड्ने बरु सेनाले गुल्मको आफ्नो घेराबन्दी हटाएर साँघुरो पार्नु पर्ने माग गरेका छन् । १३ परिवार भित्रै परे पनि गुल्मले ६० जनाभन्दा बढीको जमिन ओगटेको छ ।

■ **केशव लामिछाने/पोखरा**


श्यामसुन्दर यादव

▲ विवेकलाई माओवादीका जिल्ला नेताहरूले फूलमाला तथा अबीर लगाई स्वागत गर्दै ।

# छिन्नभिन्न

**मधेसका २१ जिल्लाको स्वायत्तताका लागि लड्न भनेर गठित जनतान्त्रिक तराई मुक्ति मोर्चा नेताहरूको स्वार्थ नमिलेपछि छिन्नभिन्न भएको छ । मोर्चाअन्तर्गतको एउटा सशस्त्र समूहले माओवादीसमक्ष आत्मसमर्पण गरेको छ भने अपहरण काण्डमा फिरौतीको कुरा नमिलेपछि केही युवाहरूले छुट्टै समूह बनाएका छन् ।**

■ **श्यामसुन्दर यादव/राजविराज**

**माओवादीबाट** दुई वर्षअघि विद्रोह गरी सशस्त्र संघर्षमा उत्रिएको जनतान्त्रिक तराई मुक्ति मोर्चा विभाजन भएको दुई साता नपुग्दै मोर्चाका एक जना सैन्य कमान्डर विद्रोह गरी माओवादीमा लागेका छन् ।

विगत एक वर्षदेखि अपहरण हत्या, फिरौती लिने कार्यमा संलग्न रहँदै आएका तराई मुक्ति सेना कमान्डर विवेकले भदौ ११ गते सप्तरीको भारदहस्थित माओवादी जनमुक्ति सेनाको आधार शिविरमा आयोजित पत्रकार सम्मेलनमा आधुनिक हातहतियारसहित माओवादीमा प्रवेश गरेको घोषणा गरेका हुन् । विवेकले मोर्चाको नीति तराईवासीको हितमा नरहेकाले विरक्त भएर विद्रोह गर्दै माओवादीमा प्रवेश गरेको बताए । उनले एसएमजी तीन थान, मास्केट र कटुवा तीन तीन थान, माउजर दुई, थ्री फिफ्टिन ५० गोली र नाइन एमएमको गोली ९० थान गरी १४० गोली सहित माओवादीमा प्रवेश गरेको जानकारी गराए ।

तराई मुक्तिका लागि केही वर्षदेखि जनतान्त्रिक तराई मुक्ति मोर्चामा लागेको बताउँदै विवेकले तर मोर्चाले हत्या, अपहरण, फिरौती, लुटपाटजस्ता अपराधिक गतिविधि मात्रै गरेका कारण आफू विद्रोह गर्ने निष्कर्षमा पुगेको बताए । उनले भने, 'मोर्चाले अगाडि बढाएको नीतिका सम्वन्धमा मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतसँग पनि कुरा राख्दा वास्तै नगरेकाले विद्रोह गरेको हुँ ।' आफ्नो नेतृत्वमा करिब ४० जना सशस्त्र सैनिक रहेको बताए पनि उनले एक्लै विद्रोह गरेको बताए । तर, अन्य साथी माओवादीमै आउने उनले संचारकर्मीलाई विश्वास दिलाएका थिए । मोर्चासँग करिब ३ सय थान अत्याधुनिक हतियार रहेको उनले जानकारी दिए ।

यसरी मोर्चाका सैन्य कमान्डर रहेका विवेकले करिब एक दर्जन हतियार लिएर विद्रोह गरे भने गोइतले कारबाही गरेको भनिएका ज्वाला सिंह लगायतले छुट्टै मोर्चा गठन भएपछि मोर्चाको हतियारसमेत विभाजन भएको छ । हतियारसहित विभाजन हुने र विद्रोह गर्नेको लहर चल्न थालेपछि अब गोइत कमजोर हुँदै गएका छन् । विवेकसँगै विद्रोह गर्ने मोर्चाका कार्यकर्तामा अनुजकुमार यादव, अशोक यादव, सन्तोष यादव, अनिल खिडहरी, रघुवीर यादव र सुरेश खिडहरीले माओवादीसमक्ष आत्मसमर्पण गरेका छन् ।

### विभाजित मोर्चा

राज्यले सम्बोधन गर्ने चर्चा चलिरहेकै समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा दुई टुक्रमा विभाजन भएको छ । तराईको २१ जिल्लालाई छुट्टै स्वशासित राज्य माग गर्दै आएको मोर्चाभित्र पहिलेदेखि नै विवाद चर्किएको थियो । गोइतको संयोजकत्वमा रहेर तराईमा सशस्त्र संघर्षरत मोर्चा विधिवत् अधिवेशन गरी केन्द्रीय समिति गठन गर्न नपाउँदै फुटेको छ । मोर्चाको नीतिविपरीत कार्य गरेको भन्दै गोइतले कारबाही गरेकाहरूले सप्तरी जिल्लाको एक गाउँमा साउन ९

गते विधिवत् महाधिवेशन गरी ज्वाला सिंहको नेतृत्वामा छुट्टै नयाँ केन्द्रीय समिति गठन गरेपछि मोर्चा विधिवत् रुपमा विभाजन भएको हो । अधिवेशनले पुरानो १९ सदस्य रहेको केन्द्रीय समिति विघटन गरी सिंहको नेतृत्वमा २३ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । ज्वाला सिंह यसअघि मोर्चाको पूर्वी कमान्ड इन्चार्ज रहेका थिए । ज्वाला सिंह भनिने नागेन्द्रकुमार पासवान पत्रकार महासंघका केन्द्रीय पार्षद समेत रहेका छन् । उनी विगत दुई कार्यकालमा महासंघको सिरहा शाखाका उपसभापति पदमा रहेर काम गरिसकेका व्यक्ति हुन् ।

सिंहले भदौ २ गते एक विज्ञप्ति जारी गरी मोर्चाका संस्थापक संयोजक गोइतको गराइ र व्यवहारले मुक्तिको युद्धलाई सही ढंगबाट गम्भीरताका साथ हाँक्न नसक्ने अवस्था रहेको अरोप लगाउँदै आफ्नो अध्यक्षतामा नयाँ केन्द्रीय समिति गठन भएको घोषणा गरेका छन् । मोर्चा वा पार्टी संचालन गर्ने निकाय र संचालन विधि ठिक ढंगको हुनुपर्ने विज्ञप्तिमा जनाइएको छ । 'गोइत शारीरिक रुपले अशक्त भएकाले परिस्थितिको माग गरेबमोजिम समय दिने अवस्थामा नरहेको हुँदा उनलाई तराईको सर्वमान्य नेता घोषणा गरिएको विज्ञप्तिमा उल्लेख छ । त्यसैले प्रथम अधिवेशनमा निर्वाचन प्रणालीबाट पासवानको नेतृत्वा नयाँ केन्द्रीय समिति बनेको दाबी गरिएको छ ।

नयाँ कार्यसमितिमा सिंह अध्यक्ष सहित सिरहाबाट हरेराम यादव, संजय ठाकुर, रामशंकर साह, सप्तरीबाट रामनारायण, विवश विद्रोही, रणवीर सिंह, अमर, ज्ञानु सदा, प्रताप र आनन्द ठाकुर रहेका छन् । त्यसैगरी मोहन राजवंशी (झापा), प्रभुनारायण चौधरी (मोरङ), सुमन मेहता, अमृत यादव र निरश (सुनसरी), राजेश मण्डल (धनुषा), अरनि यादव (सर्लाही), अमर यादव (महोत्तरी), प्रदीपराम (पर्सा), सुरेन्द्र (रौतहट), इब्राहिम राइन र सुरेखा पटेल (नवलपरासी) सदस्य रहेका छन् ।

'नेपाल अधीनस्थ' तराईको भू-भागमा कार्यरत राजनीतिक दल, संघसंगठनलगायत सबैसँग व्यापक छलफलपछि कार्यगत एकता, सम्झौता र समझदारीमा युद्धलाई अगाडि बढाउने निर्णय गरिएको सिंहले बताए ।

२०६१ साल साउन १० गते माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक संयोजक गोइतको समूहले विद्रोह गरी जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरेको थियो ।

गोइत मोर्चा विभाजित भएको स्वीकार्दैनन् राजनीतिक संस्कार नबोकेका फटाहाहरूको जमातलाई मोर्चाको नियमविपरीत काम गरेका कारण कारबाही गरिएकाले त्यसबाट विचलन भएर अलग भएको संस्थापक संयोजक गोइतले बताए । उनले सिंहको अध्यक्षतामा गठन गरिएको भनिएको केन्द्रीय समितिसँग मोर्चाको कुनै किसिमको आधिकारिकता नरहेको बताए ।

मोर्चाको गतिविधि तराईका जिल्लामा तीव्र भइरहेको अवस्थामा विभाजन भएपछि गोइतको समूह कमजोर हुन पुगेको स्थानीय बुद्धिजीवीहरूको तर्क छ । विगतमा मोर्चाको गतिविधिलाई चुलीमा पुऱ्याउने कार्य गर्दै आएका मुख्य कार्यकर्ताहरूले छुट्टै समूह गठन गरेपछि गोइतको शक्ति क्षिण भएको ठानिएको छ । खास गरी सप्तरी र सिरहामा सक्रिय रहेको मोर्चाले तराईका अन्य जिल्लामा संगठन विस्तार गरिरहेको थियो ।

संगठन विस्तार गर्ने सवालमा गोइत पछि परेकाले नयाँ अध्यक्ष सिंहको समूह सक्रिय रहेको स्रोतले बताएको छ । विगत केही महिनाअघि गोइतले कारबाही गरेका समूह पनि ज्वाला सिंहसँगै रहेको उल्लेख गरिएको छ । गोइत समूहमा रहेका अधिकांश केन्द्रीय सदस्य सशस्त्र संघर्षका क्रममा राज्य पक्ष र माओवादी दुवै पक्षबाट मारिएका छन् । मोर्चाका पोलिटब्युरो सदस्य देवनारायण यादव र शम्भु यादव (अजय) एक वर्षअघि मारिएका हुन् । त्यसैगरी अर्का पोलिटब्युरो सदस्य विनयकुमार महतो (सुरज) माओवादीद्वारा मारिएका छन् ।

## विभाजनको सुरुवात

विभाजनको मूल जरो कार्यक्रतालाई बेवास्ता गर्नु रहेको छ । संस्थापक संयोजक गोइतको एकल निर्णयकै परिणामले मोर्चाले ठूलो क्षति व्यहोर्नु परेको हो । केही महिनाअघि गोइत निकट रहेका तत्कालीन जिल्ला संयोजक डिएन सिंह, जिल्ला इन्चार्ज लाल, एरिया इन्चार्ज हरिश्चन्द्र लगायतका कार्यकर्तालाई गोइतले कारबाही गरेका थिए । कारबाही गरिएकाहरू त्यति बेलादेखि छुट्टै बस्दै आएका थिए । र, एउटा अपहरण काण्डमा फिरौती नलिने गोइतको निर्णय उनका लागि घातक भयो ।

सिडिएम ताररहित टेलिफोनको सर्वेक्षणको लागि नेपाल टेलिकम क्षेत्रीय कार्यालय विराटनगरको टोली साउन १६ गते सप्तरीको तिलाठीस्थित वेल्ही गाउँ पुगेका थिए । करिब बीसजनाको समूहमा रहेका हतियारधारी समूहले इन्जिनियर दयज्ञानेश दंगाल, प्रशान्तबाबु तिवारी, प्राविधिक प्रेम मण्डल र चालक रुद्र पाण्डेलाई नियन्त्रणमा लिए ।

अपहृत चारमध्ये प्राविधिक मण्डल र चालक पाण्डेलाई मुक्त गरी इन्जिनिरयद्वयलाई कोशी टप्पुतर्फ लगेका थिए । उनीहरूको अपहरणप्रति मोर्चाका केन्द्रीय संयोजक गोइतले विनाफिरौती छाडिदिने भनी मानवअधिकारकर्मी, कानुनव्यवसायी र संचारकर्मीलगायतलाई आश्वासन दिए । तर, गोइतको कुरालाई मोर्चाका कार्यकर्ताले मानेनन् । केही महिनादेखि गोइतबाट अलग भएको उक्त समूहले फिरौती नलिई नछाड्ने बतायो । संयोजक गोइतको आदेशप्रति मोर्चाका कार्यकर्ताहरूले चासो नदेखाएपछि तत्कालै उनले इन्जिनियरद्वय मोर्चाको नियन्त्रणमा नरहेको बताए । जिल्ला संयोजक रणवीर सिंहलाई पार्टीबाट निष्कासन गरेको घोषणा गरे । तर, सिंहको निष्कासन मोर्चाकै विभाजनको कारण बन्यो । तत्कालीन जिल्ला संयोजक रणवीर सिंहको समूहले इन्जिनियरद्वयलाई सात लाख फिरौती लिएर छाडेको थियो । ■


# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*



तेजबहादुर बस्नेत

# सडक आन्दोलनको टुंगो

## माओवादी केन्द्रीय समितिको बैठकले शान्तिपूर्ण संघर्ष गर्ने, कुनै पनि हालतमा युद्धविराम भंग नगर्ने र सहरमै बसिरहने निर्णय गरेको छ ।

■ **सुवास देवकोटा/काठमाडौं**

**सरकारसँगको** शान्तिवार्ताबाट आशातीत सफलता प्राप्त गर्न नसकेपछि सशस्त्र विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सडक आन्दोलनमा उत्रने निष्कर्षमा पुगेको छ । भदौ ११ देखि काभ्रेको कामीडाँडामा चालू माओवादी केन्द्रीय समितिको बैठकले 'सरकारको भन्डाफोर गर्न जनतामा जाने' निर्णय गर्दै सडक आन्दोलनको योजनासमेत तयार पारेको छ । बैठकले 'सात दलको सरकार विदेशी प्रभावमा पर्दै गएकाले सरकारलाई विदेशी दबाबबाट मुक्त गराउन आन्दोलन अत्यावश्यक भएको' निष्कर्ष निकालेको छ । स्रोतअनुसार भारतको हिरासतबाट भर्खरै छुटेका तीनसहित ३५ केन्द्रीय नेताको सहभागितामा चलिरहेको बैठक 'हेडक्वाटर'बाट प्रचण्डद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन पारित गरेपछि यसै साता टुंगिनेछ ।

माओवादी केन्द्रीय समितिको यो निष्कर्षले पहिले नै संकटग्रस्त बनेको शान्तिवार्ता थप संकटमा पर्ने निश्चित छ । दस वर्षसम्म शक्तिपरीक्षण र सशस्त्र संघर्षले संकटग्रस्त मुलुक सरकार र माओवादीबीच पुनः हुने शक्तिपरीक्षण र संघर्षले दीर्घकालीन द्वन्द्वमा फस्ने खतरा देखिँदै छ । यद्यपि, माओवादी केन्द्रीय समितिले शान्तिपूर्ण संघर्ष गर्ने, कुनै पनि हालतमा युद्धविराम भंग नगर्ने र सहरमै बसिरहने निर्णय गरेकाले तत्काल हिंसात्मक भिडन्तको सम्भावना भने देखिँदैन ।

गत वैशाख ११ सम्म सशस्त्र संघर्षमा रहेको माओवादीको सडक आन्दोलन कस्तो हुनेछ त ? के अनुमान गरिएजस्तै 'अक्टोबर क्रान्ति'को अभ्यास नै हुनेछ ? माओवादी स्रोत सहरी विद्रोह गर्ने निष्कर्षमा पार्टी नपुगिसकेको दाबी गर्छ । 'पहिले हामी आमसभाहरू गर्छौं, सरकारले सात दल र हामीबीचको बाह्रबुँदे समझदारी र आठबुँदे सहमति तोडेको बताउँछौं', स्रोत भन्छ, 'शान्तिवार्ता सफल बनाउन हाम्रो प्रयास रहनेछ, आन्दोलन पनि त्यसैका लागि आवश्यक भएको निष्कर्षमा पार्टी पुगेको हो ।' आन्दोलनमा सहभागिता वृद्धिका निम्ति माओवादीले दलित र जनजातिको मागलाई आन्दोलनमा प्रमुखता साथ उठाउने रणनीति बनाएको पनि स्रोत उल्लेख गर्छ ।

राजधानीको सबैभन्दा नजिकको 'जनमुक्ति सेना'को अस्थायी शिविरमा भइरहेको बैठक अध्यक्ष प्रचण्डको राजनीतिक प्रतिवेदनमाथिको छलफलमै अधिकांश समय बितेको स्रोत बताउँछ । प्रचण्डको राजनीतिक प्रतिवेदनबाहेक बैठकमा अन्य महत्त्वपूर्ण राजनीतिक एजेन्डा नरहेको उल्लेख गर्दै स्रोत भन्छ, 'हेडक्वाटरमा प्रचण्ड र डा. बाबुराम भट्टराई रहेकाले बाबुरामले छुट्टै दस्तावेज पेस गर्नुभएको छैन, अन्य कुनै नेताको फरक दस्तावेज यो बैठकमा आएको छैन ।' सात दल र सरकारसँगको वार्तामा पार्टी

लचिलो भएकोमा असन्तुष्ट रहेको विश्वास गरिएका वरिष्ठ नेता रामबहादुर थापा 'बादल'को पनि बैठकमा औपचारिक फरक मत नआएको स्रोतको दाबी छ । बादलसहित माओवादी सैन्यका डेपुटी कमान्डर नन्दकिशोर पुन 'पासाङ'ले पनि बैठकमा औपचारिक असन्तुष्टि जाहेर गरेका छैनन् । पासाङलाई बादल निकट सैन्य कमान्डर मानिन्छ ।

### हतियार व्यवस्थापन 'खारेज'

सरकार-माओवादी वार्तामा सरकारका तर्फबाट समस्याका रुपमा चित्रित माओवादी सेनाको हतियार व्यवस्थापन विषयलाई माओवादी बैठकले छलफल गर्नसमेत आवश्यक नठानेर 'खारेज' गरिदिएको स्रोतको दाबी छ । बैठकमा प्रस्तुत प्रचण्डको प्रतिवेदनमा हतियार र माओवादी सेना अलग गर्ने सरकार र विदेशीहरूको प्रयास अस्वीकार गर्ने पार्टीको अडान ठिक ठहऱ्याइएको छ । प्रचण्डको यो अडानमा केन्द्रीय सदस्यहरूको एकमत रहेको उल्लेख गर्दै स्रोत भन्छ, 'लडाइँमा कुनै पक्षले नजितेकाले संविधानसभापछि बन्ने वैधानिक सरकारलाई दुवै सेनाले हतियार समर्पण गर्नु पर्ने र त्यसपछि नै दुवै सेना समायोजन हुनु पर्नेमा बैठक एकमत रहेको छ ।' स्रोतका अनुसार आफ्नो सेना र हतियारबारे माओवादीमा कुनै विवाद नरहे पनि प्रचण्डले केन्द्रीय समितिमा नरहेका केही सैन्य कमान्डरहरूसँग पनि बैठकअघि भेटेर उनीहरूको धारणा बुझेका थिए ।

माओवादीले बैठकअघि पनि राजनीतिक विषय समाधानविना आफ्नो हतियारबारे सरकारसँग छलफल गर्न अस्वीकार गरिसकेको छ । उता, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला माओवादी सेना र हतियार अलग नगरी अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकारका विषयमा प्रवेश गर्न समेत रुचाइरहेका छैनन् । अमेरिका, भारत लगायत शक्तिशाली मुलुकको समर्थन प्राप्त भएकाले प्रधानमन्त्री कोइराला तत्काल आफ्नो अडानबाट पछि हट्ने सम्भावना देखिँदैन । माओवादी हतियारबारे सरकार र माओवादीका फरक अडानका कारण आगामी शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको सहभागिता समेत शंकामा परिसकेको छ । दुई पक्षको विवादकै कारण यसै साता नेपाल आइ पुगेका इयान मार्टिन नेता रहेको राष्ट्रसंघीय टोली कामविना रहनु पर्ने स्थिति आउन सक्ने देखिँदै छ । किनभने राजनीतिक समाधानविना माओवादीले आफ्नो सेना अस्थायी शिविरमा राख्न पनि अस्वीकार गरेको छ ।

### लोकतान्त्रिक मोर्चामा जोड

प्रधानमन्त्री कोइराला राजतन्त्रलाई 'सेरेमोनियल' बनाउन लागिपरेको निष्कर्षसहित माओवादी लोकतान्त्रिक गणतन्त्रपक्षीय मोर्चा बनाउनुपर्ने निष्कर्षमा पुगेको छ । 'लोकतान्त्रिक गणतन्त्र पक्षका सानातिना मात्र होइन, ठूला दलसँग समेत सहकार्य बढाउने निष्कर्षमा बैठक पुगेको छ', स्रोत भन्छ, 'लोकतन्त्र र राजतन्त्र पक्षधरबीच ध्रुवीकरण आवश्यक भएकाले पनि बैठक यो निष्कर्षमा पुगेको हो ।' प्रचण्डको प्रतिवेदनमा लोकतान्त्रिक गणतन्त्र लक्ष्य बनाएको एमालेसँग सम्बन्ध सौहार्द बनाउनुपर्ने प्रसंग समेत उल्लेख छ । वैशाख ११ को राजाको घोषणापछि खुला राजनीतिमा आएको माओवादी र संसदीय राजनीतिमा निरन्तर संलग्न एमालेबीच देखिएको कटुता घटाउन दुवै पार्टी निरन्तर प्रयासरत छन् । आपसी समझदारी बढाउन यसबीच दुई पार्टीका शीर्षस्थ नेताबीच अनेकौं पटक द्विपक्षीय वार्ता भइसकेका छन् ।

अन्य राजनीतिक दलहरूसँग सहकार्य र मोर्चा नबन्दै पनि माओवादीले मोर्चाका नाममा संगठनहरू निर्माणको लहर नै सुरु गरिसकेको छ । अहिलेसम्म त्यस्ता मोर्चामा अन्य पार्टी त्यागिसकेका र माओवादीसँग आकर्षित मानिसहरू संलग्न छन् । मोर्चालाई व्यवस्थित संरचनामा ढाल्न माओवादीले राजधानीमा समेत मोर्चाको कार्यलय खोल्ने योजना बनाइसकेको छ । बलियो संरचना बने आगामी आन्दोलन नै मोर्चाको नाममा गर्ने योजनामा माओवादी रहेको पनि स्रोत बताउँछ । यद्यपि, केन्द्रीय समितिको पछिल्लो निर्णयले पार्टीकै नाममा आन्दोलन हुने निश्चित भइसकेको स्रोतले बतायो । ■







हार्दिक बधाई एवं शुभकामना

उर्जा विद् डा. गोविन्द राज पोखरेल बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको 'कार्यकारी निर्देशक' जस्तो अति गरिमामय पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं । साथै उहाँको कार्यकालमा बैकल्पिक उर्जा क्षेत्रले नयाँ फड्को मार्न सफल रहोस् भनि कामना गर्दछौं ।

गोकुल गौतम
अध्यक्ष
तथा
रिमरेक परिवार

स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द्र
पो.ब.नं. : ०१९, धुलिखेल, काभ्रेपलाञ्चोक, नेपाल
फोन: ०९७७-११-४९००२१, फ्याक्स: ०९७७-११-४९०५४५



तस्वीरहरू : तेजबहादुर बस्नेत

# खेल खेलवाडको

■ विश्वमणि पोखरेल/काठमाडौं

**हालैको वरिष्ठ प्रहरीको** बढुवामा आफ्नो नाम नपरेका पाँचजना प्रहरी नायव निरीक्षक (डिएसपी)हरूले अपरान्ह डेढ घन्टासम्म प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निवासमा भेट्ने प्रयास सफल भएन । एसपीमा आफूभन्दा तल्लो समूहका अधिकारीहरूलाई राजनीतिक, आर्थिक प्रभावमा बढुवा गरिएको, प्रहरी संगठनमा वरिष्ठताक्रम तोडेको जस्ता गुनासो पोख्न पुगेका डिएसपीहरू शरद चन्द, प्रेम चन्द, ज्ञानविक्रम शाह, श्याम खड्का, पवन खरेल, श्याम खत्रीलाई प्रधानमन्त्रीका सहयोगी बालकृष्ण दाहालले 'भेट्ने समय लिनु भएको छैन, हुँदैन' भन्दै फर्काइदिएका थिए ।

भदौ ८ गते गृहमन्त्रालयबाट भएको वरिष्ठ प्रहरी अधिकारीहरूको बढुवा अहिले राजनीतिक वृत्तमा पेचिलो मुद्दा बनेको छ र यो छानबिनको दायरामा पर्ने सम्भावना बढेर गएको छ । प्रधानमन्त्री कोइराला यस मामलाबारे अनभिज्ञ छैनन् ।

राजनीतिक वृत्तमा गृहमन्त्री कृष्णप्रसाद सिटौलामाथि औंला ठड्याउने काम भइरहेका छन् भने प्रहरी संगठनभित्र बढुवा प्रकरणले ठूलै आकार लिँदै छ । अनुशासित सुरक्षाफौज भएका कारण तत्काल विद्रोहको सम्भावना नभए पनि यसपटकको बढुवाले व्यापक असन्तोष सृजना गरेको र वरिष्ठताको शृंखलामा गम्भीरखाले धक्का लागेको प्रहरी अधिकारीहरू बताउँछन् । संगठनको नेतृत्वकर्ता कायम मुकायम प्रहरी महानिरीक्षक ओमविक्रम राणा आफ्नै अधिकारीहरूसमक्ष आफूले केही गर्न नसकेको लाचारी व्यक्त गरिरहेका छन् ।

साउन २९ मा, नौजना एसएसपीलाई डिआइजीमा बढुवा गर्दा वरिष्ठतालाई मुख्य आधार बनाइएको थियो भने भदौ ८ गते एसएसपी, एसपी र डिएसपीमा गरिएको बढुवामा वरिष्ठता तोड्ने एवं कार्यदक्षता पन्छ्याउने कामहरू भएका छन् ।

विवाद सबै पदमा भएकाले छानबिन आयोग बनाएर अध्ययन गर्नु पर्ने माग प्रहरी संगठनमा प्रभावकारी बनेको छ । नाम उल्लेख गर्न नचाहने एक वरिष्ठ अधिकारी भन्छन्, 'अहिलेको बढुवा



# ठकुरीवाद ?

प्रदीपप्रताप बम मल्लले मेजर जनरलका रुपमा तीन वर्ष पूरा गरेका थिए र सैनिक ऐनअनुसार उनको पदावधि अझै २ वर्ष बाँकी थियो। माघ १९ गते राजा ज्ञानेन्द्रले सत्ता लिएको करिब २ महिनामा गरिएको नियमावली संशोधनमा मेजर जनरलको ५ वर्षको पदावधीलाई ३ वर्षपछि राजाको तजबिजमा अरू २ वर्ष थपिन सक्ने व्यवस्था गरिए पनि संशोधनपूर्व उक्त पदमा रहेकाहरूलाई त्यसले प्रभावित नपार्ने प्रावधान पनि राखिएको थियो। जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधिसभा र गठित सरकारले राजाको शासनमा गरिएका संशोधन रद्द भएको घोषणा गर्‍यो। तर, मल्ल 'गिनी पिग' बने त्यो मृत संशोधनको प्रयोगका लागि।

असार महिनामा ३ वर्षको अवधिपछि उनलाई अवकाश दिइयो। नयाँ सरकार 'ठकुरी'विरोधी भएकाले यसो गरिएको प्रतिक्रिया सैन्य मुख्यालयमा केहीले दिए पनि सुरक्षानिकायमा त्यसलाई एउटा अपवाद र ठट्टाका रुपमा धेरैले लिएका थिए।

तर, 'ठकुरीवाद' अहिले प्रहरी बढुवामा नीतिकै रूपमा अख्तियार गरिएको मात्र होइन, बढुवाबाट वञ्चित प्रहरी अधिकृतलाई मुख्यालय र गृह मन्त्रालयका हाकिमहरूले समेत भन्ने गरेका छन्, 'तिम्रो जातविरुद्ध गयो र 'समय तिम्रो राजनीतिक पहुँच भएन।'

प्रहरी प्रशासनमा ठकुरीहरूको पकड, प्रभाव र राम्रो चलखेल हुन्छ भन्ने मान्यतामा यसपटक गम्भीर चोट लागेको छ। जनआन्दोलन-२ को समयमा प्रहरी अतिरिक्त महानिरीक्षकको जिम्मेवारी सम्हालेका राजेन्द्रबहादुर सिंह, प्रहरी प्रधानकार्यालयको कार्यविभागको प्रमुख हुनु नै निलम्बित हुनु पर्ने प्रमुख कारण बन्यो, रायमाझी आयोगलाई। संगठनमा राम्रो पकड राखेका सिंह अहिले एजेपी बटलरले लेखेका पुलिस म्यानेजमेन्ट जस्ता पुस्तक अध्ययन गरेर दिन काट्दै छन्। प्रहरी महानिरीक्षक श्यामभक्त थापाको अवकाशपछि महानिरीक्षक हुने क्रममा रहेका सिंह राजनीतिक आक्रोशको सिकार बने। तर, हालै गरिएको माथिल्लो दर्जाका प्रहरीको बढुवामा पनि ठकुरीहरूलाई वाद गर्ने प्रपञ्च भएको आक्षेप लाग्न थालेको छ।

एसपी (उपरीक्षक)बाट एसएसपी (वरिष्ठ उपरीक्षक)मा उक्लिएका अठारजनामध्येका सबैभन्दा वरिष्ठ टपेन्द्रध्वज हमालको नाम गृहमन्त्रालयले किन काट्यो रहस्यमात्र होइन, आश्चर्य र विवादको विषय बनेको छ। हमाललाई किन बढुवा गरिएन भन्ने प्रश्नको उत्तर दिन प्रहरी प्रधान कार्यालयलाई पनि धौ धौ परिरहेको छ। हमालभन्दा तीन वर्षपछिका एसपीहरूले एसएसपीको फूली ढल्काइसकेका छन्। तर, उनीहरू विशेष क्षमताका कारण माथि तानिएका भने होइनन्।

त्यस्तै अर्का ठकुरी केशबहादुर शाहीलाई पनि एसएसपी हुनबाट रोकिएको छ। किन ? शाही आफैं चकित छन्, प्रहरी प्रधानकार्यालयका अधिकारीहरू उनलाई सम्झाउन सकिरहेका छैनन्।

डिसएपीबाट एसपी बनेका बाइसजनाको हुलमा जनआन्दोलन-२ मा कीर्तिपुरमा कार्यरत शरद चन्द आफैं आन्दोलनकारीको आक्रमणबाट घाइते बनेका प्रहरी अधिकारीमध्येका हुन्।

जनआन्दोलन-२ मा कीर्तिपुर लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण थलो मानिन्छ भने प्रहरीबाट कम बल प्रयोग भएको क्षेत्रको रुपमा समेत चिनिन्छ। तर, शरद चन्द मात्र होइन, प्रेम चन्द, ज्ञानविक्रम शाह पनि आफूहरूभन्दा पछिल्लो पुस्ताका तर राजनीतिक प्रभाव भएका समूहका ज्वाइँ, भतिजा र छोराहरूको बढुवा गर्ने अभियानको सिकार बनेका छन्। ■

---

प्रकरणमा आँखा चिम्लने हो भने प्रहरी संगठनमा जे गरे पनि हुन्छ भन्ने मानसिकता विकसित हुनेछ, पदीय मर्यादा र आदेश पालना गर्ने संस्कार र अनुशासन कायम गर्न समस्या पर्नेछ।'

एसएसपीमा बढुवा नपाएका तर एसपीहरूमध्ये सबैभन्दा वरिष्ठ टपेन्द्रध्वज हमाल आफूलाई बढुवा नगरिको विषय सांसदहरूमार्फत उठाउने, छानबिन गराउने र त्यस्तो गर्दा उपचार नपाएमा सर्वोच्च अदालतको ढोका ढकढक्याउने निर्णयमा पुगेका छन्। हमाल भन्छन्, 'ममाथि ठूलो अन्याय भएको छ। मभन्दा तीन वर्ष कनिष्ठहरूको बढुवा गरिएको छ, मेरो किन भएन म आफैं आश्चर्यमा छु।' बढुवा समितिको बैठक बस्ने थाहा पाएपछि सहकर्मीबाट बधाई प्राप्त गरेका हमालसँगैका समूहका अन्य सहकर्मीको दुई वर्षअघि नै पदोन्नति भएको थियो। त्यस बेला उनको नाम २०५९ को ओटु सुनकाण्डमा मुछिएकाले परेको थिएन। अहिले उक्त प्रकरणबाट उनले सफाइ पाइसकेको अवस्था छ। हमाल भन्छन्, 'म पहिले राज्य व्यवस्था समितिसँग गुहार माग्छु। त्यहाँबाट छानबिन भएन भने अदालत जाने सोच बनाउँदै छु।' प्रधानमन्त्री कोइरालासमक्ष गुनासो पोख्ने सोच बनाएका हमालले प्रहरी महानिरीक्षक राणालाई भने आफ्नो समस्या राखिसकेका छन्। राणाले 'मैले केही गर्न सकिनँ' भन्ने जवाफ दिएपछि मात्र हमाल न्यायिक उपचारमा लागिपरेका हुन्।

एसएसपीमा भएको बढुवामा २०५५ सालका एसपी हमाल छोडिएको छ, त्यस्तै २०५६ सालका छत्रपति श्रेष्ठ, मीनबहादुर पाण्डे, इन्द्रलाल श्रेष्ठ, २०५८ वैशाखको समूहका केशबहादुर शाही, हेमराजबहादुर मल्ल र विश्व जबरालाई कटौती गरेर वरिष्ठताको क्रममा निकै तल रहेका विमला थापा र पार्वती थापा (मगर)को पदोन्नति गरिएको छ। विमला र पार्वतीलाई महिला आरक्षणको बहानामा पदोन्नति गरिएको गृह मन्त्रालयका अधिकारीहरू स्विकार्छन्। बढुवामा आरक्षणको नीतिको खिलापमा प्रहरी अधिकारीहरू छन्। एक वरिष्ठ अधिकारी भन्छन्, 'आरक्षणको नाममा माथिल्लो पदमा बढुवा गर्न मिल्दैन, आरक्षणको




नीति बनाउनु पऱ्यो, सुरु भर्नामा त्यस्तो व्यवस्था गर्नु पऱ्यो, पदमा आरक्षण दिने कुरा होइन ।' बढुवा गरिएका एसएसपीहरूको वरिष्ठतामा प्रश्न उठेको छ । वरिष्ठताको एक नम्बरमा परेका उपेन्द्रकान्त अर्यालको शारीरिक सुगठनकै कमजोरी औंल्याउनेहरूको संख्या ठूलो छ । त्यसै गरी अन्य एसएसपीहरूमा पनि राजनीतिक प्रभाव र नाताको आधारमा वरिष्ठता क्रममा राखिएको देखिन्छ ।

डिएसपीबाट एसपीमा बढुवाको विवाद झन् चर्को छ । एसपीमा बढुवा ७५, ७७ र ९० टोलीका इन्सपेक्टरमध्येबाट जथाभावी किसिमले गरिएको छ । बाइसजना एसपी भएकामध्ये वरिष्ठताको क्रममा रहेका सुरुका सातजना ७५ टोलीका छन् भने प्रहरी नीति र वरिष्ठताको दृष्टिले बढुवाको सूचीमा पर्न नसक्ने भनेर आरोपित रमेशप्रसाद खरेल, राजेन्द्रमान श्रेष्ठ र सर्वेन्द्र खनाललाई क्रमशः ८, ९ र १० नम्बरमा राखिएको छ । खरेल, पूर्व आइजिपी अच्युतकृष्ण खरेलका भतिज नाता पर्छन्, खनाल पूर्व गृहसचिव पदमप्रसाद पोखरेलका ज्वाइँ र श्रेष्ठ नेपाली कांग्रेस बाँकेका नेता कृष्णमान श्रेष्ठका छोरा हुन् । त्यस्तै प्रधानमन्त्रीपुत्री सुजाताको नजिक मानिने राजेन्द्र श्रेष्ठ पनि ९० टोलीबाट फुत्त पदोन्नति पाउनेमध्येका हुन् । उनको वरिष्ठता क्रम २० छ ।

खरेल, खनाल र श्रेष्ठद्वय २०५५ सालदेखि नै उच्च प्राथमिकतामा पर्ने भाग्यमानीमध्येका हुन् । त्यस बेला इन्सपेक्टरबाट बढुवा गर्दा विशेष पद सृजना गरेर उनीहरूको बढुवा गरिएको थियो । दरबन्दी रिक्त नभएका बेला बढुवा विशेष पद सृजना गरेर बढुवा गर्नु पर्ने आवश्यकता प्रहरी संगठनलाई थिएन । तर, तत्कालीन गृहसचिव र आइजीको कृपा पाएका यी अधिकारीहरूको राजनीतिक लगाव कांग्रेसप्रति छ ।

९० टोलीका यी चारजना प्रभावशालीको पदोन्नति भएको छ भने ७७ टोलीका शरद चन्द, प्रेम चन्द, ज्ञानविक्रम शाह, श्याम खड्का, पवन खरेल र श्याम खत्रीको नाम काटिएको छ । यीमध्ये पाँचजना अहिले संगठित भएर प्रधानमन्त्रीदेखि सांसदहरू गुहार्ने अभियानमा लागेका छन् । एकजना डिएसपी भन्छन्, 'हाम्रो चिन्ता भनेको, आफूहरू परेनौं भन्ने मात्र होइन, आफूभन्दा मुन्तिरका लागि नातावाद, राजनीतिक स्वार्थ र पैसाको बलमा बढुवा गरियो भन्ने हो ।'

प्रहरी प्रवक्ता रमेश चन्द बढुवाका विवादका बारेमा प्रतिक्रिया दिन चाहँदैनन् । प्रहरी नियमावलीअनुसार काम भएको औपचारिक प्रतिक्रिया दिँदै चन्दले वरिष्ठताक्रम मिचिएको कुराले प्रहरी संगठनमा असर पार्न सक्ने संकेत भने गरे । चन्द भन्छन्, 'प्रहरी फोर्समा वरिष्ठता भन्ने कुराको ठूलो अर्थ र महत्त्व हुन्छ । त्यो बिग्रियो भने अनुशासन कायम गर्न र आदेश पालना गराउन चुनौती हुन्छ ।' उनले रोलक्रम र वरिष्ठताक्रम मिचिएकोमा वरिष्ठ अधिकारीहरूले असन्तोष व्यक्त गरिरहेको पनि जानकारी दिए ।

बाह्र वर्षपछि ५१ इन्सपेक्टर डिएसपीमा बढुवा गरिएका छन् । तर, इन्सपेक्टरको बढुवामा पनि अघिल्लो टोलीका मानिस छोडेर पछिल्लो पुस्ताबाट पदोन्नति काम भएको छ । तेह्र वर्षअघिको टोलीका प्रदीप आचार्य, सुदनसिंह बस्नेत लगायत चारजना र २०५१ सालको समूहबाट अशोक सिंह, उत्तम पाण्डे र ध्रुव राउतलाई चटक्क छोड्ने काम भएको छ । ५२ साल असारको टोलीका सातमध्ये तीनजना पहुँचवालाको पदोन्नति भयो भने प्रहरी र नेताको नातागोतामा पर्ने ५२ साल भदौको टोलीका ६ जना सबैको पदोन्नति भएको छ । अघिल्ला समूहकालाई छोडेर ५२ साल कात्तिकको समूहबाट पदोन्नति पाउनेमा पवनकुमार गिरी, राजुबाबु श्रेष्ठ, विष्णुकुमार केसी, राजेशनाथ बास्तोला, प्रमोद खरेल र लाममणि आचार्य हुन् । बास्तोला कांग्रेस सांसद हरिनाथ बास्तोलका छोरा, खरेल पूर्वप्रहरी महानिरीक्षक खरेलका नातेदार र आचार्य पूर्व गृहमन्त्रीका मीतछोराको साइनो पर्छन् ।

इन्सपेक्टरबाट डिएसपीमा बढुवा गर्दा वरिष्ठताक्रमलाई नराम्रोसँग तोडिएको देखिन्छ । खुला प्रतियोगिताबाट प्रहरीमा प्रवेश गर्दा दोस्रो नम्बरमा परेका अलराउन्डर बुद्धिराज गुरुङ ३६ नम्बरमा धकेलिएका छन् भने आतंककारी सेलमा रहेर जोखिमपूर्ण काम गरेका टेकप्रसाद राई जो आन्तरिक मूल्यांकनमा उत्कृष्ट ठहरिन्थे, उनलाई ३८ नम्बरमा पुऱ्याइएको छ । यहाँ पनि आरक्षणको नाममा चारजना महिला वरिष्ठताको क्रममा निकै माथि उचालिएको छ । महिलाहरूमा किरण बज्राचार्य, मीरा चौधरी, दुर्गा सिंह, किरण राणा क्रमशः १४, १५, १६ र १७ नम्बरमा छन् । महिला भएकै नाताले काठमाडौंबाहिर खट्नु नपरेका, हुलदंगा र भिडन्तमा जानु नपरेका यी महिलाहरू लहरै माथि आउनुमा आरक्षको उदारवादी नीतिमात्र कारण होइन । बज्राचार्य आइजी राणाकी पिए हुन् भने राणा नजिककी नातेदार ।

प्रहरी बढुवामा यसरी धाँधली हुनुका पछाडि बढुवा समितिले दिने नम्बर नै सबैभन्दा घातक हो । गृहसचिव-सहसचिव, महानिरीक्षक, प्रहरी प्रशासन विभागका अतिरिक्त महानिरीक्षक रहेको बढुवा समितिले ५० नम्बरसम्म दिन सक्ने लचिलो प्रावधान नै जथाभावी बढुवा गर्ने र धाँधली गर्ने मुख्य स्रोत हो । बढुवा गर्नु पर्ने मानिस पहिल्यै छुट्याएर उनीहरूलाई कति नम्बर दिँदा पुग्छ भन्ने हिसाब किताब गरेर त्यो नम्बर दिइन्छ, जुन गोप्य हुन्छ । जानकारहरूका अनुसार बढुवा बोर्डले पछि पार्नु पर्नेलाई शून्य र पदोन्नति गर्नु पर्नेलाई ५० नम्बरसम्म दिनसक्ने अधिकार राखिएको छ । बढुवाका लागि कार्यसम्पादन मूल्यांकनको नम्बर बढीमा १५० हुन्छ, तालिमहरूको ४०, पदकहरूको २०, कार्यालय प्रमुख भएर काम गरेको बढीमा १० र भौगोलिक क्षेत्रको २० नम्बर तोकिएको छ । सबैभन्दा बढी खेलवाड कार्यसम्पादनमा मूल्यांकन र बोर्डको नम्बरमा गरिन्छ । बोर्डको नम्बरमा गृहमन्त्री लगायतकाको राजनीतिक दबाव हुन्छ भने आन्तरिक मूल्यांकन बढुवा गरिने वर्षमा एकैपटक ३-४ वर्षको गणना गर्ने प्रहरी प्रशासनको कमजोरीका कारण वैज्ञानिक छैन ।

सधैं हुने बढुवा विवादबाट प्रहरी संगठनलाई मुक्त पार्न बढुवा र छनोट गर्ने काम बेग्लै प्रहरी सेवा आयोगले गर्ने वा लोकसेवा आयोगलाई प्रत्यक्ष संलग्न गराउने भन्ने बहस लामो समयदेखि चल्दै आएको छ । बेग्लै सेवा आयोग बनाउनेभन्दा लोकसेवा आयोगको अधिकार क्षेत्रमा राख्ने व्यवस्था गर्नु पर्ने मानसिकतामा वरिष्ठ अधिकारी छन् । वर्षौंदेखिको यस्तो सोच कहिलेदेखि कार्यान्वयन हुने हो ?

बढुवाको विवादले भावी दिनमा कुन रुप लिने हो, त्यो अहिल्यै आँकलन गर्न सकिँदैन । तर, गृहमन्त्री सिटौलाले एक महिनाअघि गरेको भगौडा प्रहरी पुनःस्थापना गर्ने निर्णय प्रहरी संगठनका लागि अर्को चुनौतीको विषय बनेको छ । सिटौलाले ५३ जना सईलाई पुनःस्थापना गरेपछि माओवादी सशस्त्र द्वन्द्वका समयमा भागेका, जागिर छोडेका ठूलो संख्याका जवान तथा अधिकृतहरूले पुनःस्थापना हुन आवेदन गरेका छन् । त्यस्ता प्रहरीको संख्या सशस्त्र प्रहरीमा ८ हजारको संख्यामा छ भने जनपदमा करिब १ हजार ४ सय ।

अपराध नियन्त्रण, शान्तिसुरक्षाको जिम्मेवारी लिएको प्रहरी संगठनमा राजनीतिकरण नेपालको सदावहार समस्या हो । तर, यसपटक राजनीतिकरण मात्र गरिएको छैन, वरिष्ठताक्रम तोड्ने गम्भीर खेलवाड पनि भएको छ । ■






डिबी लामाको समयमा प्रहरी संगठन दरवारबाट संचालित हुन्थ्यो भने अहिले राजनीतिक दलले सिंहदर वारबाट हैकम चलाइरहेका छन् ।

# राजनीतिक प्रभाव

# कहिले दरवार, कहिले दल

**सात सालको** राजनीतिक परिवर्तनपछि राणा शासनविरुद्ध क्रान्ति गर्ने रक्षादलका योद्धाहरू समावेश गराएर प्रहरी संगठनलाई प्रभावकारी बनाउने अभियानबाट सुरु भएको नेपाल प्रहरीको संगठन ५५ वर्षपछि पनि राजनीतिक अस्त्रको नियति भोग्न बाध्य छ । राणा शासनको अन्त्यपछि आधुनिक, व्यवस्थित र विधिको शासनभित्र रहेर प्रहरी संगठन निर्माण गर्नु पर्ने सोच, नीति, नियम र संरचना बनेको भए पनि नेपालको राजनीतिक तरलताको सिकार बन्यो प्रहरी संगठन ।

पंचायतको आखिरी समयदेखि प्रहरी संगठनमा व्यापक राजनीतिकरण भएको वरिष्ठ अधिकारीहरु बताउँछन् । एक अधिकारीका अनुसार तत्कालीन प्रहरी महानिरीक्षक डिबी लामाको समयमा प्रहरी संगठन दरवारबाट संचालित हुन थाल्यो । संवाद सचिवालयका सचिवहरूले प्रहरी परिचालन, बढुवा र पदस्थापनामा प्रत्यक्ष हस्तक्षेप गर्दथे । लामाको कार्यकालमा प्रहरी संगठनले भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय फड्को मारेको हो । वीरेन्द्र प्रहरी अस्पताल, दीपेन्द्र प्रहरी स्कुल जस्ता भौतिक निर्माण भए । तर, लामाकै कार्यकालमा प्रहरी संयन्त्र तस्करी र भ्रष्टाचारको दलदलमा फस्यो ।

दरवारकै आडमा तस्करीमा संलग्न लामा दरबारभित्रकै शक्ति संघर्षका कारण तस्करीको आरोपमा जेल समेत परे । लामापछि महानिरीक्षकको जिम्मेवारी हेमबहादुर सिंहले लिए । सिंहको कार्यकालमा प्रहरीको दसवर्षे योजना बन्यो र ककनीमा सशस्त्र प्रहरी तालिम केन्द्रको स्थापना भयो । तर, उनको कार्यकालमा प्रहरी संयन्त्र दरवारको संवाद सचिवालयको एउटा विभाग जस्तो बन्यो । एक वरिष्ठ अधिकारी भन्छन्, 'लामाले दरवारसँगको बाटो बनाएका थिए, सिंहले संगठनलाई भित्रै पसाउने काम गरे ।' जानकारहरूका अनुसार दरवारका तत्कालीन सैनिक सचिव ऋषिकुमार पाण्डेको प्रत्यक्ष निर्देशनमा चल्ने गर्थ्यो प्रहरी संगठन ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि रत्नशम्सेर जबराले संगठनको नेतृत्व लिए । भद्र स्वभावका जबरालाई गिरिजाप्रसाद कोइरालाले ३० वर्षे अवकाशको नियम लगाएर अवकाश दिए । जबरालाई अवकाश दिलाउने काममा तत्कालीन अतिरिक्त महानिरीक्षक मोतीलाल बोहराको हात थियो । दरवारको छायाँबाट मुक्त भएको प्रहरी संगठन रत्नशम्सेरको दुई वर्षभन्दा बढीको कार्यकालमा राजनीतिबाट टाढा हुने प्रयत्न गरेको भए पनि संस्थागत विकास हुन सकेन । बोहराले दरवारको छायाँबाट मुक्त भएको संगठनलाई कांग्रेसको राजनीतिक खेलौना बनाइदिए । २०५० देखि राजनीतिक दलको खेलौना बनेको प्रहरी संगठनमा बोहराको कार्यकालमा प्रहरी संगठनलाई प्रजातान्त्रीकरण, विकास र विस्तार गर्ने केही काम भए । बोहरापछि अच्युतकृष्ण खरेल सुरुमा ३५ दिन महानिरीक्षक बने । २०५१ सालको मध्यावधि निर्वाचनपछि एमालेको अल्पमतको सरकारका पालमा 'कांग्रेसी' टीका लागेका खरेललाई बलात् हटाइयो र ध्रुवबहादुर प्रधानलाई महानिरीक्षको कुर्चीमा बसालियो । त्यस बेला प्रहरी संगठन कांग्रेसबाट एमालेकृत हुन पुग्यो । खरेललाई सर्वोच्च अदालतले पुनःस्थापित गरेपछि प्रहरी संगठन मूलतः कांग्रेस र एमालेको राजनीतिक खेलौना बन्न पुग्यो । विभिन्नखाले संयुक्त सरकारले प्रहरी संगठन संचालनमा राजनीतिकरण गरे भने ५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र विद्रोहको पहिलो प्रहार पनि यही संगठन बन्यो ।

बोहरापछि प्रदीप शम्सेर महानिरीक्षक बने पनि राजनीतिकरण र माओवादी निसानामा परेर कमजोर बन्दै गएको संगठनमा कुनै परिवर्तन गर्न सकेनन् उनले । अहिले निलम्बित महानिरीक्षक श्यामभक्त थापाको कार्यकाल इतिहासमा सबैभन्दा कमजोर कालखण्ड मानिन्छ । प्रहरी अधिकारीहरूको जागिरे जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने सरुवा, बढुवा तथा पदस्थापना जस्ता सामान्य कुरामा समेत निर्णय गर्न नसक्ने थापाको पालामै राजाको प्रत्यक्ष शासनसमेत रहँदा प्रहरी संगठन फेरि दरवारको विभाग जस्तै बन्न पुग्यो । राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएको अवस्थामा, थापाले प्रहरी संयन्त्रलाई युनिफाइड कमान्डको नाममा सेनाको हतियार बन्ने अवस्थासम्म पुऱ्याए । तर, अहिले राजनीतिक शक्ति दरवारबाट राजनीतिक दलहरूमा फर्किएको छ भने प्रहरी संगठन पनि राजनीतिक खेलौना बनेको छ । सरुवा, बढुवा र पदस्थापना जस्ता कुरामा कांग्रेसीकरण भएको उच्च अधिकारीहरू स्विकार्छन् ।

प्रहरी संगठनको पछिल्लो दुई दशकलाई आँकलन गर्दा, सुरुका केही दरवारको, त्यसपछिको करिब एक दशक राजनीतिक दलहरूको खेलौना बन्यो भने पछिल्लो चार वर्षको अवधिमा दरवार हुँदै फेरि राजनीतिक दलको खेलौना बन्न पुगेको छ । ■






तेजबहादुर बस्नेत

# अझै खेलवाड

■ किरण भण्डारी/काठमाडौं

**विधेयकले विशिष्ट श्रेणीका कर्मचारी (सचिव) अतिरिक्त समूहमा बसेको अवधि पदावधिमा गणना नहुने व्यवस्था गरेको छ । शाही सरकारले अतिरिक्तमा राखेकामध्ये बहालवाला सचिवत्रय नारायणप्रसाद सिलवाल, टीकादत्त निरौला र उमेश मैनाली उक्त प्रावधानबाट पुरस्कृत हुने देखिएका छन् ।**

**सत्ता परिवर्तनपिच्छे** फेरिने निजामती सेवा ऐन यसपालि पनि संशोधनको मुखमा आइपुगेको छ । सामान्य प्रशासन, कानुन मन्त्रालय, लोकसेवा आयोग र मन्त्रिपरिषद् सचिवालयका अवरोधहरू एकदमै छोटो अवधिमा पार गरेको ऐन भदौ १४ गते प्रतिनिधिसभामा दर्ता भएको छ ।

ऐन पारित गराउन मरिमेटेर लागिपरेका निजामती कर्मचारी संगठन र युनियनका पदाधिकारीहरू ऐनलाई यथाशक्य छिटो टुंगोमा पुऱ्याउन दौडधुप गरिरहेका छन् । 'दसैंअघि नै ऐन जारी गराइछाड्न हामी दुवै संघ दबाबमूलक भूमिका निर्वाह गरिरहेका छौं', निजामती कर्मचारी संगठनका महासचिव भोला पोखरेल भन्छन्, 'दुवै संघको माग पनि समान प्रकृतिका नै छन् ।'

सरकार र उच्च प्रशासनिक अधिकारीहरूको टोलीले तयार गरेको विधेयक मस्यौदाका कतिपय प्रावधानले जनआन्दोलनको ऐतिहासिक परिवर्तनको भावनालाई आत्मसात गर्नुको साटो व्यक्तिपरस्त बनेको देखिएको छ ।

विधेयकले विशिष्ट श्रेणीका कर्मचारी (सचिव) अतिरिक्त समूहमा बसेको अवधि पदावधिमा गणना नहुने व्यवस्था गरेको छ । शाही सरकारले अतिरिक्तमा राखेकामध्ये बहालवाला सचिवत्रय नारायणप्रसाद सिलवाल, टीकादत्त निरौला र उमेश मैनाली उक्त प्रावधानबाट पुरस्कृत हुने देखिएका छन् ।

शाही सरकारले प्रताडित गरेको क्षतिपूर्तिको नाममा आएको त्यस्तो प्रावधानले सरकार ठूला कर्मचारीको प्रभावमा पऱ्यो भनी आलोचना भइरहेको छ भने अर्कोतर्फ ती कर्मचारीमाथि सत्ताको दुरुपयोग गरेको आरोप पनि लागेको छ । निश्चय नै विनाकारण अतिरिक्तमा थन्किनुपर्दा उनीहरू विक्षिप्तप्रायः भएका थिए । तर, त्यति बेला ती सबै सचिवले तलब सुविधा अरूसरह बुझिरहेका नै थिए । अहिले त्यो अवधिलाई गयल भएसरह मानेर अवधि थप्न खोज्दा 'प्रजातन्त्रवादी' भनिने उनीहरूको छविमा दाग लाग्ने सम्भावना नजिकिँदै गएको छ ।

'शाही कालमा सत्ता दुरुपयोगको पीडा भोगेकाहरू नै मौका पर्नेबित्तिकै सत्ताकै दुरुपयोगमा उत्रिएका छन्, जुन कुनै हालतमा न्यायोचित छैन ।' नाम उल्लेख नगर्ने सर्तमा मन्त्रिपरिषद्का एक सचिवले भने, 'सदनले यसबारे निर्णय लिनुअघि यो अतिरिक्तको अवधि नगन्ने प्रावधानले लोकमानसिंह कार्की पनि लाभान्वित हुन्छन् भन्ने तथ्य सम्झनु जरुरी छ ।'

माथिल्ला अधिकारीकै अनुकूल कानुन बनाइएको अर्को उदाहरण सहसचिवबाट सचिवमा बढुवा सिफारिसमा पछिल्लो ५ मध्ये उत्कृष्ट ४ वर्षको कार्यसम्पादन मूल्यांकनलाई आधार मान्ने भन्ने हो । यसलाई कर्मचारीवृत्तमा 'टाठाबाठाहरूको फेल'को संज्ञा दिइएको छ । सरकारले भने गत वर्ष मुख्यसचिव लोकमानसिंह कार्कीले जथाभावी मूल्यांकन बिगारिदिएको भन्दै यो प्रावधानको बचाउ गरेको छ । तर, मस्यौदाको भाषाले यो तर्कलाई

## आमाको उपेक्षा



हरेक राजनीतिक वा सरकार परिवर्तनपिच्छे निजामती प्रशासनको चौतर्फी सुधारको नारा घन्कने गरेको छ। मुलुकको राजनीतिले ऐतिहासिक कोल्टे फेरेको अहिलेको परिवर्तनपछि पनि प्रशासनलाई जनमुखी, सेवामुखी, सक्षम र पारदर्शी तुल्याउने वाचा दोहोरिएका छन्। निजामती ऐनको संशोधन त्यही लक्ष्य हासिल गर्ने कदम भएको अभिव्यक्ति सरकारका मन्त्रीहरूबाट आइरहे पनि कार्यशैलीमा भने कुनै परिवर्तनको अनुभूति हुन सकेको छैन।

प्रशासनको राणाकालीन रवैयालाई जनआन्दोलनकी योद्धा स्वर्गीय छायाँदेवी पराजुलीको प्रसंगले फेरि एकपटक उदांगो पारेको छ। सडक दुर्घटनामा परेर मन्त्रिपरिषद्ले निर्णय गरेको दुई सातासम्म पनि सहयोग रकम उनको हात नपरी असार १० गते बिहान लोकतान्त्रिक योद्धा पराजुलीको इहलीला समाप्त भयो। सरकारले उनको नाममा छुट्याएको रकम मृत्युको एक सातापछिसम्म पनि परिवारलाई हस्तान्तरण गरिएको छैन।

यसबारे १२ गतेको मन्त्रिपरिषद्को बैठकमा केही मन्त्रीले प्रश्न उठाए। अर्थ र स्वास्थ्य मन्त्रालयतर्फ सोभिएको प्रश्न दुवै मन्त्रालयको कर्मचारीको तहमा पुग्यो। उनीहरूले आफ्नो शासकीय सान भार्दै 'पराजुली र उनको परिवार लिन नआएकाले दिन नसकिएको' ओठे जवाफ दिए। जनआन्दोलनकी योद्धाले हात पसारेर वा निवेदन हालेर सरकारसँग सहयोग मागेकी थिइनन्। मन्त्रिपरिषद्को निर्णय हात पर्नेबित्तिकै खोजबिन गरेर पराजुलीलाई सहयोग रकम हस्तान्तरण नगरिनु दुवै मन्त्रालयका सम्बन्धित अधिकारी मात्र नभई आम निजामती कर्मचारीको लज्जाको विषय भएको छ। ■

## लोकसेवा आयोगको आपत्ति

- महिला विकास कार्यक्रममा कम्तीमा ५ वर्ष अस्थायी काम गरेकालाई परीक्षा लिई स्थायी बनाउने व्यवस्थाले सरकारका अन्य विकास कार्यक्रममा कार्यरत महिलालाई नसमेट्ने हुँदा महिला-महिला बीचमा नै विभेद हुने स्थिति देखिने।
- अपांगलाई आरक्षण गराउने व्यवस्था भएकोमा उनीहरूले गर्ने कार्य तथा पद निर्धारण हुनु पर्ने।
- अतिरिक्त समूहमा रही कार्य गरेको अवधि विशिष्ट श्रेणीको पदावधिको लागि गणना नगरिने व्यवस्था राख्न उचित नहुने।
- विशिष्ट श्रेणीका कर्मचारीका बढुवाका लागि पाँच वर्षको कार्यसम्पादनमध्ये उत्कृष्ट चारमात्र गणना गर्ने व्यवस्थाले अन्य श्रेणीका कर्मचारीप्रति असमानता हुने भएकाले एकरुपता कायम गर्ने।
- १६ र २० वर्ष सेवा अवधि पुगेका कर्मचारीलाई निश्चित आधारमा बढुवा गर्ने प्रावधानले योग्यता प्रणालीमा दूरगामी प्रभाव तथा खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्ने व्यवस्थामा पार्ने प्रभावका विषयमा सरकारले उचित ध्यान दिनु पर्ने।
- बढुवा समितिको सचिवालयको जिम्मेवारी समेत लोकसेवा आयोगलाई दिने गरी व्यवस्था गर्न उचित हुने।

## निजामती कर्मचारी संगठनको माग

- १६ र २० वर्ष एउटै पदमा काम गरेका कर्मचारीलाई कार्यक्षमता र ज्येष्ठताका आधारमा बढुवा दिने प्रस्ताव स्वागतयोग्य भए पनि अवधिलाई १५ वर्षमा झार्नु पर्ने। यसरी बढुवा हुन पछिल्लो तीन वर्षको कार्यसम्पादन अंक ९५ प्रतिशत हुनु पर्ने व्यवस्था भएकोमा त्यसलाई घटाएर विश्वविद्यालयहरूले समेत विशिष्ट श्रेणी मान्ने ८० प्रतिशत कायम गर्नु पर्ने।
- भौगोलिक क्षेत्रका लागि प्रस्ताव गरिएको अंकले जिल्ला जान प्रोत्साहन नगर्ने हुँदा पुनरावलोकन हुनु पर्ने।
- सचिव मात्र होइन निम्न र मध्यम श्रेणीका कयौं कर्मचारीले अतिरिक्त समूहको पीडा भोगेका हुँदा सचिवको मात्र पदावधि बढाउने व्यवस्था खारेज हुनु पर्ने।
- पछिल्लो ५ मध्ये उत्कृष्ट चारको आधारमा सचिवमा सिफारिस गर्ने प्रावधान अवैज्ञानिक भएकाले पुनर्विचार गर्नु पर्ने।
- बीमा प्रस्तावित व्यवस्था भेदभावपूर्ण भएकाले निम्नस्तरको कर्मचारीले पनि कम्तीमा एक लाख पाउने गरी संशोधन हुनु पर्ने।
- प्रहरी, सेना लगायतलाई राज्यकोषबाट यथावत् पेन्सन खुवाउने तर निजामतीको भने उसकै तलबबाट कट्टी गरेर कोष खडा गर्ने व्यवस्था भेदभावपूर्ण हुने।
- ट्रेड युनियन संचालनका व्यवस्था नियमबाट निर्धारण गर्ने प्रस्तावलाई संशोधन गरी विद्यमान ट्रेड युनियन ऐनको क्षेत्राधिकारमै छाडिदिने।
- अस्थायी कर्मचारीको रुपमा कार्यरत सबै महिलालाई एकपटकको लागि लोकसेवाले परीक्षा लिई स्थायी गरिदिने।

आफैं खण्डन गर्छ। पहिलेको व्यवस्था पछिल्लो ५ वर्षमा जसले अग्रता हासिल गरेको छ ऊ नै सिफारिसमा पर्ने थियो।

तर यसको विपक्षमा उभिएकाले कि शाही शासनको मूल्यांकन खारेज भन्नु पर्‍यो होइन भने पछिल्लो ५ मध्ये कुनै एक वर्षलाई छाड्ने मेलो रचेर नालायकहरूलाई रातो कार्पेट बिछ्याउने काम भएको आरोप लगाएका छन्। स्रोतहरूका अनुसार यो प्रावधान अहिलेका ३ कायम मुकायम सचिवलाई कन्फर्म बनाउनकै लागि ल्याइएको हो।

ऐनलाई स्वार्थी समूहको साधन बनाउन संवैधानिक निकाय पनि लागिपरेका उदाहरण भेटिएका छन्। संवैधानिक निकायको स्वायत्तता र दक्षता अभिवृद्धिका लागि सचिवालय कर्मचारी निजामती नभई अलग्गै व्यवस्था गर्नु पर्ने आवश्यकता महसुस भइरहेका बेला महालेखापरीक्षण सेवालाई समेत निजामतीको अंग बनाउने उल्टो प्रस्ताव गरिएको छ। महालेखापरीक्षक स्वयंले आफ्ना संगठनका कर्मचारीलाई निजामतीमा रुपान्तरण गर्दा उत्तम हुने धारणा प्रधानमन्त्रीसमक्ष राखेपछि मस्यौदा सोहीअनुसार बनेको हो।

केही दिनमै प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा छलफल प्रारम्भ हुने विधेयकले योग्यता पुगेका ज्येष्ठ कर्मचारीको बढुवा, महिला विकास कार्यक्रमका कर्मचारीका स्थायी बनाउने प्रक्रिया खुला, शाखा अधिकृतसम्मका कर्मचारीलाई ट्रेड युनियन अधिकार जस्ता आमकर्मचारीको चासोको विषयलाई समेत सम्बोधन गरेको छ।

यद्यपि, ती सबै प्रावधानमा पक्ष र विपक्षमा रहेका निजामती कर्मचारीका विभिन्न समूहले मन्त्रालय, लोकसेवा आयोग र मन्त्रिपरिषद्मा आफ्नो फरक मत दर्ज गर्ने क्रम पनि यथावत् चलिरहेको छ। प्रस्तावित विधेयकमा हाल कार्यरत पदमा न्यूनतम योग्यता पुगेकालाई २० वर्ष र माथिल्लो पदको योग्यता भएकालाई १६ वर्ष सेवा गरेपछि बढुवा गर्ने प्रस्ताव सर्वाधिक चर्चामा रहेको छ। यो पद्धतिले योग्यता प्रणालीलाई ध्वस्त पार्ने र नयाँ युवाहरूको प्रवेशको ढोका बन्द हुने तर्क विरोधमा उभिएकाहरूले सारेपछि मन्त्रिपरिषद्ले अन्तिम मस्यौदामा सामान्य हेरफेर गरेको छ।

जसअनुसार ज्येष्ठ कर्मचारीको अन्तिम तीन वर्षको कार्यसम्पादनको अंक ९५ प्रतिशतभन्दा बढी हुनु पर्नेछ। महिला, दलित, जनजाति, अपांगहरूका लागि आरक्षणमा छुट्याइएको छ। खुला प्रतियोगिताबाट सेवा प्रवेश हुँदा लागू हुने यो प्रावधान २० वर्षसम्म कायम रहनेछ। 'सधैं काममा दलिँदा कर्मचारी योग्य हुने उसैलाई एक जुगपछि पदोन्नति दियो भने अयोग्य हुने दोहोरो मापदण्ड अपनाउन पाइँदैन', पोखरेल भन्छन्।

समावेशी, फराकिलो बढुवा प्रणाली, ट्रेड युनियन अधिकार ग्यारेन्टी, अतिरिक्त समूहमा १ महिनाभन्दा बढी राख्न नपाइने, वैशाख १ गतेदेखि एकीकृत निजामती प्रणाली लागू हुने प्रस्तावलाई मस्यौदाको सकारात्मक पक्ष मान्नेहरूको संख्या अधिक छ। ■

# भोकमरीको संकेत

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)

**अत्यधिक वर्षाका कारण बाढीपहिरोले गर्दा नेपालको पश्चिमी भू-भागमा अहिले संकटग्रस्त छ, कयौं मानिस मारिएका छन् भने सयौं घाइते छन्। उद्धार कार्यको सरकारी संयन्त्र चुस्त नभएका कारण एकातिर हताहतको यकिन संख्या अहिलेसम्म आउन सकेको छैन भने अर्कोतिर बाढीपहिरो पीडितले उचित राहत पाउन सकेका छैनन्। राहतकै अभावमा पश्चिमी नेपालमा डरलाग्दो भोकमरीको संकेत देखा परेको छ।**

**भत्केको घरमा** अनाज र लत्ता कपडा भेटाउने आशाले होलियाकी मन्त्रादेवी हरिजन माटोले पुरिएको सामान खोजिरहेकी छन्। २१ जनाको परिवार बस्दै आएको मन्त्रादेवीको घर गत भदौ १० गतेको अत्यधिक वर्षापछि गाउँमा पसेको राप्ती नदीको बाढीले भत्काएको थियो।

गाउँमा बाढी पस्दा परिवारका सबै सदस्यहरूले जसोतसो ज्यान जोगाउन सके पनि अनाज र लत्ता कपडा बचाउन सकेनन्। भारतमा बस्ने आफन्तहरूले ल्याइदिएको चामलले केही दिन यता यो परिवारले खुला स्थानमा गुजारा चलाए पनि कहिलेसम्म यसरी धान्न सकिन्छ सबै अन्योल छन्। मन्त्रादेवी भन्छिन्, 'तत्काललाई आफन्तले ल्याइदिएको चामलले भोक टारे पनि धान खेती तयार हुन अझ धेरै समय बाँकी छ।'

बाढीले घर भत्काएपछि रेडक्रसले उपलब्ध गराएको चिउरा र गुडबाहेक अन्य सहयोग कतैबाट नपाएकी मन्त्रादेवी जस्तै सयौं बाढीपीडितहरूसँग भत्केको घर खोतल्नुबाहेक अर्को कुनै विकल्प छैन। 'भएको अनाज र लत्ताकपडा सबै घरसँगै पुरिएको छ', मन्त्रादेवी भन्छिन्, 'केही फेला परिहाल्छ कि भन्ने आशा छ।'

**बाढीले बगाएको घरको भग्नावशेषमा अन्नका गेडा खोज्दै गरेका मन्त्रादेवी र उनको परिवार**



राम्रोसँग पानी नपरेर रोपाइँ हुन नसकिरहेका बेलाको वर्षाले यसपालि बाँके, बर्दिया लगायत मध्य र सुदूरपश्चिम क्षेत्रको जनजीवन अस्तव्यस्त भएको छ। नेपाली भूमि नजिकै भारतले लक्ष्मणपुर बाँध बनाएका कारण विगतदेखि डुबानमा पर्दै आएको बाँकेका दस गाविस यसपटकको अत्यधिक वर्षाले पुन डुबाएको छ।

उज्यालो हुनै लाग्दा बिहानको ४ बजेपछि बाढी गाउँमा पसेका कारण गाउँलेहरूले ज्यान बचाउन सके पनि अनाज, लत्ताकपडा र सम्पत्ति बचाउन सकेनन्। 'बाढी गाउँमा पस्न थालेपछि बालबच्चालाई लिएर स्कुलको छत तथा जंगलतर्फ कुद्यौं', होलियाका रामप्यारे हरिजन भन्छन्, 'त्यो बेला ज्यान सबैभन्दा प्यारो भयो, अहिले भोकमरी लागेको छ।' उनका अनुसार झन्डै दुई हजार जनसंख्या रहेको होलियामा अधिकांशको घरमा पानी पसेको थियो। बाढीले सबैको अन्न, लत्ताकपडा तथा र घर पु‍र्‍यो। होलियामा मात्र १ सय ५० घर बाढीले भत्काएको उनले जानकारी दिए।

गत भदौ ९ गते बिहान सबैरैदेखि सुरु भएको वर्षा २४ घन्टासम्म रोकिएन। २४ घन्टाको अवधिमा ३ सय ७१ मिलिमिटर वर्षा भएको थियो। मौसम विज्ञान विभागका अनुसार, यति पानी सामान्यतया तीन साता पर्दा पनि बाढी जानेगर्छ। तर, एकैदिन मुसलधारे पानी पर्दा डुबान क्षेत्र मात्र नभई नेपालगन्ज, गुलरिया लगायत थुप्रै तराई क्षेत्र डुबानमा परेको थियो।



बाढीले अस्तव्यस्त बनाएपछि नेपालगन्जका स्कुलहरू तीन दिन बन्द भएका थिए भने विद्युत् आपूर्ति पनि तीन दिनपछि मात्र सुचारु भएको थियो। पानी मात्र देखेका सर्वसाधारण आकाशमा बादल देख्नासाथ त्रसित हुनथालेका छन्। वर्षाले बाँकेमा ६ र बर्दियामा १० हजार सर्वसाधारण प्रभावित भएको अनुमान गरिएको छ।

गृहमन्त्री कृष्ण सिटौला घटनालगत्तै बाँके, बर्दिया र अछामका केही बाढी प्रभावित क्षेत्रमा हेलिकोप्टरबाट पुगे पनि सबै बाढी पीडित क्षेत्रमा पुग्नसकेका छैनन्। पुगेका ठाउमा पनि गृहमन्त्री सिटौला हेलिकोप्टरबाट बाहिर ननिस्केको पीडितहरुको गुनासो छ। 'खटकनपुरवामा हेलिकोप्टर ल्याएर आएका गृहमन्त्री बाहिर निस्केनन्', स्थानीय नन्कौं डकारीले भने, 'राहतको आशा गरेका पीडितहरूलाई हेरेर गृहमन्त्री रमिते भए।'

यद्यपि, सरकारले बाढीग्रस्त बाँके र बर्दियाका बाढी पीडितहरूलाई १०-१० लाख सहयोग गर्ने घोषणा गरेको छ। तर, पीडितहरूले भनेका छन्, 'हामी खाना नपाएर भोक-भोकै भएको बेला सरकारी घोषणाले मात्र के हुन्छ र ?'

'यतिखेर हामीलाई खाना र लत्ताकपडा चाहिएको छ, सरकारको आश्वासन होइन', सन्तलियाका हरिगोपाल मौर्यले भने।

बाढी पसेर भत्केको घरमा बसेका सर्वसाधारणको दयनीय अवस्था देख्दासमेत सरकारी अधिकारीले कुनै वास्ता नगरेको बाढीपीडितहरूले गुनासो गरेका छन्। बर्दियामा बाढी पीडितहरूलाई शिविरमा राख्ने व्यवस्था गरिए पनि बाँकेमा त्यस्तो व्यवस्था मिलाइएको छैन। बाँकेमा सात र बर्दियामा तीनजना बाढीमा परी मारिएका छन्।

यसैबीच बाढीप्रभावित बाँकेको राप्ती नजिकका बासिन्दाहरूले सुरक्षित स्थानको खोजी गर्दै भारतसँग सीमा जोडिएको झोरा सामुदायिक वन क्षेत्रलाई आश्रयस्थल बनाएका छन्। आपसी सल्लाहअनुसार झन्डै ४ सय परिवारले झोरा जंगल ओगटेर अस्थायी शिविर बनाएका छन्।

बाढीपीडितहरूले सरकारले तुरुन्तै खाद्यान्न र औषधी व्यवस्था नगरेर बाढीप्रभावित क्षेत्रहरूमा संकट पर्ने जनाउँदै ज्यानको खतरा भएको याचना गरेका छन्। अहिले पनि कयौं बाढीपीडितहरूले एकसरो कपडा र एकछाक खानाले गुजारा गर्नु परेको उनीहरुले बताएका छन्। केही दिनलाई आफन्तहरूको सहयोग भए पनि सधैं यस्तो सहयोग हुने सम्भावना नभएकाले सरकारले गम्भीर भएर सोच्नु पर्ने बाढीपीडितहरूको माग छ।

## सुदूरपश्चिमको पीडा

वर्खामा खडेरी झेल्नु परेका सुदूर-पश्चिमेलीहरूलाई हिउदको मुखमा बाढीको बिपत्ति झेल्नुप‍र्‍यो। अविरल मुसलधारे वर्षाका कारण यहाँ झन्डै दुई दर्जन व्यक्तिले ज्यान गुमाउनु प‍र्‍यो भने ठूलो मात्रामा भू-क्षय र भौतिक क्षतिको सामना गर्नु प‍र्‍यो। पहाडी जिल्ला अछाम, डोटी दार्चुला र बैतडीमा अविरल वर्षाले ठाउँठाउँमा क्षति पु‍र्‍याएको छ भने अछाम, डोटी र बैतडीमा मात्रै पहिरोले पुरिएर मर्नेको संख्या १२ पुगेको छ।

अछामको खप्तड गाविसको वडा नं. ५ र ६ तथा देवीस्थानको १ र ९ मा गएको भीषण पहिरोमा परी नौजनाको मृत्यु भएको छ भने चारजना गम्भीर घाइते भएका छन्। घाइते अन्य दुईको अवस्था सामान्य छ। ती दुइटै गाविसमा गएको पहिरोले दुई सय पचास घर क्षतिग्रस्त भएको उद्धार कार्यमा संलग्न सेनाले जनाएको छ। खप्तडबाट गएको सेनाको टोली भदौ १२ गते दिउँसो साढे १२ बजे मात्र घटनास्थल पुगेको थियो। पहिरोबाट विस्थापित भएका दुई गाविसका चार वडाका बासिन्दा स्थानीय स्कुलमा आश्रय लिएर बसेका छन्। उनीहरूलाई तत्काल खाद्यान्न र पालको अभावले पिरोलेको छ। पहिरोले १ सय १६ बाख्रा र ८० भन्दा बढी गाईगोरु बगाएको छ।

उद्धार कार्यमा सेना, प्रहरी, प्रशासन र रेडक्रस संलग्न छन्। यसैबीच बैतडी जिल्लाको चौखाम गाविसमा गएको पहिरोले दुईजनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ। उनीहरूको भदौ ११ गते मृत्यु भएको हो।

उता डोटीको साना गाउँ र काडामाडौंबीचको गहिरा गाउँमा भदौ १० गते राति गएको पहिरोमा परी स्थानीय धरु बोहराको मृत्यु भएको छ। घटनामा अन्य तीन घाइते भएका छन्।

बर्खामा चाहिए जति पानी नपरेका कारण एकैचोटि ठूलो मात्रामा वर्षा भएपछि पहिरो गएको अड्कल स्थानीयले गरेका छन्।

## उद्धार जारी

अछाम जिल्लाको विकट गाविस खप्तड र देवीस्थानका चारवटा वडा नै बगाउने गरी आएको पहिरोमा परी हराएकामध्ये ६ जनाको शव प्राप्त भएको छ भने दुईजना अझै बेपत्ता छन्।

सुदूरपश्चिम पृतना मुख्यालय दिपायलले दिएको जानकारीअनुसार पहिरोमा परी मृत्यु हुनेहरूमा खप्तड गाविसका ५२ वर्षीय बुदे भुल, ४५ वर्षीय कम्पनी भुल, १२ वर्षीय कृष्ण भुल, १२ वर्षीय इन्द्रबहादुर रावल, देवी रावल र ६५ वर्षीय प्रेमबहादुर रावल रहेका छन्। मंगलबार नै सुरक्षाकर्मीहरूले ५ दिनकी सुत्केरी महिलासमेत १५ जनालाई पहिरोको बीचबाट उद्धार गरेका छन्।

पहिरोमा परी नौजना घाइते भएमध्ये तीनजना सिकिस्त छन्। सिकिस्त घाइतेलाई उपचारका लागि नेपालगन्ज लगिएको सुदूरपश्चिम पृतना मुख्यालयका प्रवक्ता ईश्वर पोखरेलले बताए। सिकिस्तहरूमा नवलसिंह रावल, वनदेवी रावल र वनी रावल रहेका छन्।

मृतकहरू खप्तड गाविसका भए पनि देवीस्थानमा खर्कमा गोरु पालेर बसेका थिए। अहिले नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी उद्धार कार्यमा संलग्न

छन् भने खप्तडबाट सेनाको उपचार टोली पनि घटनास्थल पुगेको छ ।

घटनास्थलमा ८३ परिवारका ६ सय ५० जना स्थानीय मेलपाताडाँडा र भोजडाँडामा छाप्रो बनाएर बसेको घटनास्थल पुगेर फर्केका सुदूरपश्चिम पृतना मुख्यालयका पृतनापति कुलबहादुर खड्काले बताए । भदौ १३ गते मात्र नेपाली सेनाले एक हजार किलो चामलका साथै अन्य खाद्य सामग्री पुऱ्याएको जनाएको छ । राहत सामग्री नेपालगन्जबाट पुऱ्याउने काम भइराखेको सुदूरपश्चिम क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी निरीक्षक दिलीप देउवाले बताए । पानी पर्न नरोकिए यी क्षेत्रमा अझै पहिरो जाने आशंका गरिएको छ । हेलिकोप्टर अवतरण गर्ने ठाउँ नभएकाले नजिकबाट खाद्यान्न र राहत सामग्री खसाल्नु परेको थियो । बर्खाकै कारण अछामको बयलखोला लघुविद्युत् बगेको छ भने सानागाउँ डोटीमा ८० रोपनी खेत र ३५ वटा पानीघट्ट बगाएको छ । गडसेरा ६ मा पनि ८० रोपनी खेत बगाएको समाचार प्राप्त भएको छ ।

## एकै घरका दसको मृत्यु

दशरथचन्द नगरपालिका ६ टाँकगाउँ बैतडीमा भदौ ९ गते राति पहिरोमा पुरिँदा एकै परिवारका दसजनाको मृत्यु भएको छ । मृत्यु हुनेहरू सबै दलित समुदायका छन् । जिल्ला प्रहरी कार्यालय बैतडीका अनुसार राति करिब ११ बजेतिर पहिरो आउँदा सो घटना भएको हो । घटनामा परी मृत्यु हुनेमा ८५ वर्षीय कैले महर, ३६ वर्षीय विश्राम महर, २८ वर्षीया लक्ष्मी महर, १३ वर्षीय धर्मेन्द्र, १८ वर्षीया गोमती, १३ वर्षीया रेखा, १० वर्षीया चिना, ४ वर्षीया प्रिकी, ४ वर्षीया रितु र २ वर्षीया शंका छन् । घटना भएको जानकारी पाउनासाथ सदरमुकामबाट गएको उद्धार टोलीले शनिवार साँझ ती शव फेला पारेको थियो ।

सदरमुकाम गोठालापानीबाट एक घन्टाको दूरीमा रहेको घटनास्थलबाट सबै शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल पुऱ्याइएको छ । घटनामा चारजना घाइते भएका छन् । घाइते हुनेमा १५ वर्षीया आशा, १६ वर्षीया पद्मा, ८ वर्षीय मधु र ११ वर्षीया उमा रहेका छन् । घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भइरहेको र उनीहरुको अवस्था सामान्य रहेको डा. दीपेन्द्रबहादुर अमात्यले बताए ।

परिवार नै सखाप हुने गरी भएको सो घटनापछि टाँकगाउँ शोकमा डुबेको छ । सदरमुकामबाट ६ किलोमिटर टाढा रहेको घटनास्थलमा अझै पहिरो जाने सम्भावना रहेकाले केही परिवारलाई सुरक्षित ठाउँमा सारिएको छ । जिल्ला प्रशासन कार्यालय बैतडीले घटनामा मारिनेका आफन्तहरूलाई जनही १५-१५ हजार राहत वितरण गर्ने बताएको छ । घटनामा करिब १० लाखबराबरको थप भौतिक क्षति हुन पुगेको छ । प्रतिकूल मौसमका बाबजुद पनि घटनास्थल पुगेको नेपाल प्रहरी, नेपाली सेना, रेडक्रस र स्थानीय बासिन्दाको टोलीले शनिवार साँझसम्म सबै शव फेला पारेको थियो ।

## पानीले थपेको अनिष्ट

विनाशकारी वर्षा र बाढीले लुम्बिनी अञ्चलमा पाँचको ज्यान गएको छ र करोडौंको धनमाल नष्ट भएको छ । बाढीले सबभन्दा बढी नवलपरासी जिल्ला प्रभावित भएको छ । जिल्लाका दक्षिणी भागका रामपुर खडौना, भुजहा लगायतका आठ गाविसहरूमा बाढीले उग्र रुप लिएको छ । त्यहाँका तीन दर्जनभन्दा बढी परिवार विस्थापित भएका छन् । विस्थापितहरूमध्ये धेरै जसो दलित परिवार रहेका छन् ।

त्यहाँ दर्जनौं घरहरू बाढीले भत्काएपछि गाउँलेहरू अलपत्र परेका छन् । तैपनि, राहतको सार्थक पहल भएको छैन । खडौना गाविसका निवर्तमान अध्यक्ष सुवान अलि अन्सारीका अनुसार त्यहाँ चौध सय विघाको धान बाली पूरै नष्ट भएको छ ।

जल उत्पन्न प्रकोप डिभिजन कार्यालयले ती डुबान क्षेत्रको अध्ययन भइरहेको जनाएको छ ।

बाढीले कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, गुल्मी र पाल्पाका ग्रामीण भागमा पनि क्षति पुऱ्याएको छ । बाढीबाट मृत्यु हुनेहरूमा नवलपरासीमा तीन, रुपन्देहीमा एक र अर्घाखाँचीमा एक रहेका छन् । हराइरहेकाहरूको खोजबिन जारी रहेको प्रशासनले जनाएको छ ।

वर्षाका कारण पहाडी जिल्ला जोड्ने सडकहरू अवरुद्ध भएका छन् । बुटवल-पाल्पा खण्डको सिद्धबाबा क्षेत्रमा प्रायः दिनदिनै पहिरो खसेर सडक अवरुद्ध भएको छ । बुटवलको तिनाउ नदी बगरमा बसिरहेका हजारौं सुकुमवासीको भविष्य संकटग्रस्त बनेको छ । असुरक्षित बगर कब्जा जमाएर बनाइएका सयौं झुप्राहरू पानी निरन्तर परिरहेमा बाढीले सोत्तर बनाउने खतरा छ । तराईका सीमावर्ती गाविसहरूमा यसको असर बढी रहेको छ । सीमावर्ती क्षेत्रहरूमा भारतले बाँधेका बाँधका कारण पानी थुनिएर नेपाली भू-भाग जलमग्न भएको स्थानीय बासिन्दा बताउँछन् । नवलपरासी जिल्लामा भएको क्षतिको कारण भारतीय तटबन्ध, बाँध नै भएको पीडित राजेश बर्माको भोगाइ छ ।

जिल्लाका भुजाहास्थित बन्दरा खोला नजिक र धनेवा खोलामा भारतले बनाएका संरचनाले पानी थुनेपछि नेपाली भू-भाग डुबेका हुन् । त्यहाँबाट विस्थापित अरबिन्द पटनाबरले डुबानको खास कारण भारतीय संरचना नै भएको बताए र गुनासो गरे, भारतीय बाँधले पनि गरिब, दलितलाई नै पीडा पुऱ्याउँदो रहेछ । कपिलवस्तु सीमाको लक्ष्मणपुर र रुपन्देही सीमाको रसियावाल खुर्दलोटन लगायतका बाँधहरू विनाशकारी छन् ।

## मुस्ताङमा नौजना मारिए

मुस्ताङको तते गाविसको कैकुमा भदौ १३ गते गएको पहिरोका कारण बेनी जोमसोम सडकमा काम गर्ने नौजना श्रमिकको मृत्यु भएको छ भने तीनजना सख्त घाइते भएका छन् । मृत्यु हुनेमा रोल्पाको उवा गाविसबाट सडक बनाउन आएका एकै परिवारका चारजना छन् । उद्धारकर्मीहरूका अनुसार पहिरोले बगाएको ठूलो चट्टानले थिचेर ती श्रमिकको मृत्यु भएको हो ।

*(साथमा श्याम भट्ट/महेन्द्रनगर, दीपक ज्ञवाली/बुटवल)*


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**ख्वप कलेज**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

**३ वर्षे स्नातक तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना**

स्थानीय निकायद्वारा सञ्चालित नेपालको पहिलो कलेज ख्वप कलेजमा स्नातक तहको निम्न लिखित शैक्षिक कार्यक्रमहरुमा नयाँ भर्नाको लागि आवेदन फारम वितरण भइरहेको छ ।

| क्र.सं. | शैक्षिक कार्यक्रम | भर्ना शुल्क* | बार्षिक शुल्क विवरण | | | जम्मा शुल्क (धरौटी बाहेक) |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| १. | BSc (Envt. Science, Zoolowgy and Chemistry) | १२,६००। | २१,०००। | १९,४५०। | २१,३५०। | ६१,८००। |
| २. | BSc (Physics, Chemistry and Mathmatics) | १२,६००। | २१,०००। | १९,४५०। | २१,३५०। | ६१,८००। |
| ३. | BSc (Physics, Statistics and Mathmatics) | १२,६००। | २१,०००। | १९,४५०। | २१,३५०। | ६१,८००। |
| ४. | BBS (Bachelor of Business Studies) | ६,३५०। | १०,१२५। | ९,१००। | ९,३५०। | २८,५७५। |
| ५. | BA (Bachelor of Arts) | ६,३५०। | १०,१२५। | ९,१००। | ९,३५०। | २८,५७५। |

- भर्ना फाराम वितरण: २०६३ भाद्र ५ गते सोमबारबाट
- फाराम बुझाउने अन्तिम मति: २०६३ भाद्र २२ गते बिहीबार
- प्रवेश परीक्षा: २०६३ भाद्र २३ गते शुक्रबार

भर्ना, विविध, त्रिविवि सेवा, पुस्तकालय, धरौटी, प्रयोगशाला, अध्ययन भ्रमण र दुई महिनाका शिक्षण शुल्क समेत

थप जानकारीको लागि सम्पर्क:

**ख्वप कलेज, भक्तपुर**
च्याम्हसिंह र देकोचा

इमेल: khwopa@enet.com.np

फोन नं ६६१३१४६, ६६१६०१८ च्याम्हसिंह, ६६१४३३६, ६६१८०३१ देकोचा, भक्तपुर
(सञ्चालित अन्य शैक्षिक कार्यक्रमहरु: **MBS, MSc Environmental Science)**



▲ हल्यान्डको द हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालतको मुख्यालय

# दोधारमा

**मानवअधिकारवादीहरूले** मुलुकले विगतमा भोग्दै आएको दण्डहीनता अन्त्यको लागि सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी 'रोम विधान'मा हस्ताक्षर गर्नु पर्ने दबाब दिँदै आए पनि सरकार भने उक्त विधान अनुमोदन नगर्ने मनस्थितिमा पुगेको छ।

सरकारको यो मनस्थितिका पक्षधरहरूको भनाइमा अमेरिका, भारत, चीन लगायतका मुलुकहरूले हस्ताक्षर नगरेको रोम विधान अनुमोदन गर्न हतारिनु पर्दैन। मुलुक संक्रमणकालीन अवस्थामा रहेको अहिलेको अवस्थामा यस्ता विधानहरू अनुमोदनतर्फ सरकारले हतारिएर निर्णय गर्न नहुने उनीहरूको तर्क छ।

तर पुनःस्थापित प्रतिनिधिसभाले हतार-हतारमा छलफल नै नगरी रोम विधानमा हस्ताक्षर गर्ने संकल्प प्रस्ताव पारित गरेको छ। प्रतिनिधिसभा मानवअधिकार समितिका अध्यक्ष महेन्द्र राय भन्छन्, 'समितिमा रोम विधानका बारेमा छलफल भएपछि मात्र संसद्ले पारित गर्नु पर्ने हो। तर, एकाएक पास भयो।' रोम विधानको पक्ष राष्ट्र भएपछि आन्तरिक सार्वभौमसत्तामा समेत असर पुग्ने भएकाले रोम विधान हस्ताक्षर गर्ने मनस्थितिमा सरकार नभएको बुझिएको छ।

तर, मानवअधिकारवादीहरू भने सरकारले तुरुन्त रोम विधानको अनुमोदन गर्नु पर्ने बताएका छन्। मानवअधिकारवादी नेता कृष्ण पहाडी भन्छन्, 'रोम विधान मानवीय कानुनको परिष्कृत रुप हो। तसर्थ यसको अनुमोदनमा सरकारले गरेको आनाकानीले सरकार मानवअधिकारप्रति प्रतिबद्ध नभएको देखाएको छ।'

मानवअधिकारको अनुगमन र संविधानसभाको निर्वाचनमा हतियार व्यवस्थापनको लागि संयुक्त राष्ट्रसंघीय मिसनले काम थालिसकेकाले यसको टुंगो लागेपछि मात्र अन्य अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन गर्ने नगर्ने बारेमा सरकारको ध्यान जानु पर्ने विश्लेषकहरूको तर्क छ।

उता परराष्ट्रमन्त्री केपी शर्मा ओलीले भने सैनिक ऐन पारित भएपछि रोम विधानमा हस्ताक्षर गर्ने प्रक्रिया सुरु हुने बताएका छन्। 'रोम विधान' हस्ताक्षर गरेमा युद्ध अपराध, मानवताविरुद्धको अपराध र आम नरसंहारसँग जोडिएका अपराधहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले राष्ट्राध्यक्षसहित जो कोहीलाई पनि कारबाही गर्न सक्छ।

मुलुकले दसवर्षे सशस्त्र द्वन्द्वको अवधिमा भोग्दै आएको बेपत्ता, अपहरण, यातना लगायतका गैरन्यायिक हत्या जस्ता घटना रोम विधान अनुमोदन गरेमा तुलनात्मकरुपमा घट्ने मानव अधिकारवादीहरूको तर्क भए पनि अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सोह्रवटा सन्धि सम्झौतामा हस्ताक्षर गरेको सरकारले पहिला त्यसलाई कार्यान्वयन गरेर मात्र रोम विधानमा हस्ताक्षर गर्नु पर्ने विज्ञहरूको

> प्रतिनिधिसभा मानवअधिकार समितिका अध्यक्ष महेन्द्र राय भन्छन्, 'समितिमा रोम विधानका बारेमा छलफल भएपछि मात्र संसद्ले पारित गर्नु पर्ने हो। तर, एकाएक पास भयो।'

सुझाव छ।

रोम विधान अनुमोदन गरेको मितिदेखि मात्र अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चल्ने भएकाले विगतमा भएका आम नरसंहारका अपराधीहरू भने अन्तर्राष्ट्रिय कठघराबाट उम्कनेछन्। अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चल्नको लागि घरेलु न्यायालयले अन्तिम निर्णय गरेको हुनु पर्छ। तर, यस्ता मुद्दा सीधै अन्तर्राष्ट्रिय अदालतमा सिधै पठाउन पनि सक्नेछ।

रोम विधान अनुमोदन गर्ने सय राष्ट्रहरूमा २७ अफ्रिकी महादेशका, १२ एसियाली, १५ पूर्वी युरोप, २१ ल्याटिन अमेरिकी र २५ पश्चिम युरोपका मुलुक छन्। विश्वमा बढ्दै गएको मानवअधिकार उल्लंघन नियन्त्रण गर्ने उद्देश्यले सन् १९९८ मा इटालीको रोममा भएको संयुक्त राष्ट्रसंघको कूटनीतिक सम्मेलनले आम नरसंहार लगायत युद्ध अपराध र अन्तर्राष्ट्रिय मानवताविरोधी कार्य गर्ने जो कोहीलाई पनि कारबाही गर्न सक्ने अधिकारसहित अन्तर्राष्ट्रिय फौजदारी अदालत गठनसम्बन्धी रोम विधान पारित गरेको थियो। आठ वर्षअघि नै रोम विधान पारित भए पनि अन्तर्राष्ट्रिय जनमत जुटाएर पक्ष राष्ट्र बनाउनु पर्ने लगायतका प्रक्रिया पूरा गर्नु पर्ने भएकाले गर्दा दुई वर्षदेखि मात्र अन्तर्राष्ट्रिय फौजदारी अदालतले कार्य सुरु गरेको छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि अन्तर्राष्ट्रियरुपमा कानुनी क्षेत्रमा रहेर मानवअधिकारको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका अठारजना न्यायाधीश पक्ष राष्ट्रहरूको एक तिहाइ बहुमतबाट छनोट गरिन्छ। निरंकुश नेतृत्वका कारण जघन्य अपराधबाट जनताले न्याय पाउन नसकेको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले न्याय दिने आशा रोम विधानका पक्ष राष्ट्रहरूले गर्छन्।

## घरेलु ऐन उस्तै

अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरे पनि त्योसँग बाझिएका कयौं कानुन अहिले पनि जस्ताको तस्तै छन्। कानुनमा सुधार नभएका कारण जनताले अन्तर्राष्ट्रिय सन्धिहरूले दिएको अधिकार सहजरुपमा उपभोग गर्न पाएका छैनन्। अधिवक्ता युवराज संग्रौला भन्छन्, 'अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग बाझिएका कुल ८४ वटा कानुनमा आठवटा मात्र संशोधन भएका छन्, अन्य जस्ताको तस्तै छन्।'

■ **गोविन्द परियार/काठमाडौं**

समावेशी लोकतन्त्रको निर्माण विशुद्ध राजनीतिक मुद्दा हो । यतातिर कसैको ध्यान गएको छैन । राज्यमा सहभागिता चाहियो भनेर स्याल हुइयाँ गर्नेभन्दा एजेन्डालाई ठिक ठाउँमा उठाउनु बुद्धिमता हुनेछ । राज्य अमूर्त कुरा हो, यसको मूर्त रुप सरकार हो । सरकार राजनीतिक दलले चलाउने हो । त्यसकारण राज्यप्रणालीमा समावेशीकरण गर्न दलमा समावेशीकरण हुनै पर्छ ।



■ भीमप्रसाद भुर्तेल

# दलहरूमाथि धावा बोल

**मुलुकमा समावेशी** र उन्नत लोकतन्त्र संस्थागत विकासको डिस्कोर्स अहिले उत्कर्षमा रहेको छ । सबैले समावेशी लोकतन्त्रको नारा लगाइरहेका छन् । तर, राज्य व्यवस्था र लोकतान्त्रिक समावेशीकरणको अर्थ, परिभाषा, विधि र प्रक्रियाबारे सबैमा भ्रम र अन्योल रहेको छ । यो राजनीति गर्ने नेताहरूमा योग्यता र सुझबुझको अभावको प्रमाण हो । आन्दोलनको नारा त समावेशी लोकतन्त्रको लगाइयो । तर, कसरी गर्ने प्रक्रियाबारे जानकारी नै भएन । यो भ्रमले राजनीतिकरण गरिनु पर्ने मुद्दा गैरराजनीतिकरण भएको छ । यसले नयाँ समस्या सिर्जना गर्नेछ । राज्यको विकल्पमा गैरराज्य संस्थाहरू देखिएका छन्, जस्तो नागरिक समाज, जातीय तथा धार्मिक-भाषिक संघसंस्थाको समावेशीकरणको चर्चा छ । यो खतरापूर्ण हुँदै छ । यस विषयमा राजनीतिक दल, प्राज्ञिक वर्ग तथा नागरिक समाजबाट स्पष्ट धारणा आएको छैन । यसले मुलुकको लोकतान्त्रीकरणमा नयाँ समस्या पैदा हुनेछ । यस विषयमा सैद्धान्तिकरण, अवधारणीकरण र सामान्यीकरणको प्रयास हुनेछ ।

## आधुनिक राज्य र राजनीतिक दल:

आधुनिक राज्य त्यस मुलुकका आम नागरिकको बृहत् सामाजिक सम्झौताको उपज हो । यो आम नागरिकको सामूहिक विवेक, विद्वत्ता, प्राज्ञिक क्षमता र स्वतन्त्रता प्रियताको उपज हो । नागरिकको स्वतन्त्र हुने चाहना, उसका प्राकृतिक र नैसर्गिक वा जन्मसिद्ध अधिकारमाथिका व्यवधान अन्त्य गर्न र आम जनताको जीवन, स्वतन्त्रता र सम्पत्तिमाथि आउने खतरासँग लड्न आधुनिक राज्य निर्माण भएको हो । यो अविवेकी हिंसा नियन्त्रण गर्न सामूहिक इच्छाद्वारा हिंसाको विवेकसम्मत प्रयोग नै राज्य हो । त्यसकारण राज्य सबै नागरिकको साझा सम्पत्ति र दायित्व पनि हो । लोकतान्त्रिक व्यवस्था हरेक नागरिकमा विवेक, तर्क र प्राज्ञिक क्षमता हुन्छ र त्यसको आधारमा स्वयं शासन गर्न सक्षम हुन्छ भन्ने मान्यतामा आधारित छ । तर, यस्तो राज्य सञ्चालन गर्न सबै जनता एकैपटक सहभागी हुन नसक्ने भएकाले प्रतिनिधिमूलक व्यवस्था कल्पना गरिएको हो । तर, प्रतिनिधिमूलक हुँदैमा कुनै राज्य लोकतान्त्रिक नहुने भएकाले राज्य सञ्चालनमा समावेशी लोकतन्त्र सबैभन्दा कान्छो तर्क हो ।

त्यसैगरी राजनीतिक दल लोकतान्त्रिक व्यवस्थाका आधार स्तम्भ हुन् । राजनीतिक दलविना आधुनिक लोकतन्त्रको कल्पना गर्न सकिँदैन । किनभने राजनीतिक दल लोकतान्त्रिक व्यवस्थाका प्रमुख अभिकर्ता हुन् । राजनीतिक दलहरू लोकतन्त्रका जीवनरेखा हुन् । दलहरूमार्फत नै लोकतन्त्रमा जनताको शक्ति प्रदर्शित हुन्छ । त्यसकारण लोकतान्त्रिक व्यवस्थामा शक्तिका स्रोत राजनीतिक दल हुन् । उनीहरू नै कुनै पनि मुलुकको आर्थिक सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा अग्रगामी परिवर्तनका वाहक हुन् । राजनीतिक दलहरूको नीति, सिद्धान्त, दृष्टिकोण र कार्यक्रमले राज्य व्यवस्था तथा राज्ययन्त्रको कार्य सम्पादन निर्दिष्ट हुन्छ । लोकतान्त्रिक व्यवस्थाको उत्थान, उत्कर्ष, स्थायित्व र पतनको मार्गचित्र यसको अभिकर्ता अर्थात् राजनीतिक दलको गठन, सिद्धान्त, सञ्चालन र यसको अभीष्टमा निर्भर गर्छ । अन्तिम रुपमा यो त्यस दलको शीर्षस्थ नेतृत्वमा निर्भर रहन्छ । त्यसको नेतृत्वमा लोकतन्त्रको भविष्य निर्भर हुन्छ ।

लोकतन्त्रका सत्तामा रहेको राजनीतिक दलले आफ्नो नीति कार्यक्रमअनुसार मुलुक हाँक्छ र विपक्षी दलले त्यसलाई नियन्त्रण र सन्तुलनमा राख्छ । एउटा दल खराब भए त्यसको विकल्पको रुपमा नागरिकको 'छनोटको क्षमता अधिकीकरण' गर्न दुई वा दुईभन्दा बढी राजनीतिक दलको कल्पना गरिएको हुन्छ । यसरी दलको नीति तथा नेतृत्वले मुलुकको सामाजिक, आर्थिक, राजनीतिक रुपान्तरण गर्नुको साथै समाजको संरचना, मूल्य, मान्यता, अवधारणा, अभिमुखीकरण, आस्था र विश्वास निर्माण गर्छ । राजनीतिक दलले राज्ययन्त्र मात्र सञ्चालन नगरी प्रमुख राजनीतिक-सामाजिक प्रक्रिया पनि सञ्चालन गर्छन् । लोकतन्त्रमा राजनीतिक दलको भूमिका अरू कुनै संस्थाले गर्न सक्दैन र गर्ने कोसिस पनि गरिनु हुँदैन । राजनीतिक दलको काम राजनीतिक दलले नै गर्नु पर्छ ।

राज्य व्यवस्था सञ्चालनको साधन दलबाहेक अरू हुँदैनन् भन्ने तर्क र तथ्यको जर्मनीमा हिटलर र इटालीमा मुसोलिनी जस्ता तानाशाहरूले पहिले दलीय राजनीतिबाटै सत्तामा पुग्नु परेकाले प्रमाणित गर्दछ । कम्युनिष्ट व्यवस्थामा पनि एक दलीय भए पनि राजनीतिक दल अनिवार्य सर्त हो । सैनिक तानाशाही र निरंकुश राजतन्त्रबाहेक सबै राज्य व्यवस्थामा दल अनिवार्य सर्त हो । दलविनाको राजनीतिक व्यवस्था कल्पनै गर्न नसकिने अवस्थामा लोकतन्त्रमा यसको महत्त्व र भूमिका अहं हुने नै भयो । त्यसमा पनि अहिले मुलुकमा जनताले चाहेको समावेशी लोकतन्त्रमा त राजनीतिक दल झनै महत्त्वपूर्ण छन् ।

समान प्रकारको दार्शनिक, वैचारिक र राजनीतिक आस्था, साझा स्वार्थ जस्तो वर्गीय, जातीय, धार्मिक, भाषिक, लैंगिक वा अन्य सामाजिक सम्बन्धको आधारमा राजनीतिक दल गठन हुन्छ । राष्ट्रिय संवेदनशीलता हेरेर साम्प्रदायिक तिक्तता ल्याउने खालको राजनीतिक दल खोल्न प्रतिबन्ध लगाइएको हुन्छ । ठूलठूला देशमा क्षेत्रीयताको आधारमा पनि दल खोलिएको हुन्छ । जे भए पनि आम नागरिकले आफ्नो चाहना, आकांक्षा तथा सामाजिक स्वार्थ पूर्ति गर्ने दललाई छान्ने गर्छन् । आ-आफ्ना स्वार्थ पूरा गर्ने नीति तथा कार्यक्रम भएको दललाई जनताले छनोट गर्छन् ।

यसरी लोकतन्त्रमा दलको अहं भूमिका हुने भएकाले पश्चिमी विश्वविद्यालयहरूले राजनीतिशास्त्रको एउटा प्रमुख प्रशाखाको रुपमा अहिले नयाँ विषयको अध्ययन अध्यापन गर्न थालेका छन् । यसलाई राजनीतिक दल शास्त्र (स्टेसियोलोजी) भनिन्छ । राज्य व्यवस्था सञ्चालनको लागि राजनीतिक दलको भूमिकाका कारण यो नयाँ विषय आएको हो । आधुनिक समाजमा राज्य बजार, नागरिक समाज, स्वतन्त्र प्रेस, व्यवसायिक संस्थाहरू जस्तै बार एसोसिएसन, हित समूह, दबाब समूह, अधिकारवादी अभियानकर्ताहरूको समूह र गैरसरकारी संस्था रहेका छन् । हरेकको आ-आफ्नो प्रकार्य रहेको छ । तर, राज्यको कार्य उक्त कुनै पनि गैरराज्य संस्थाले गर्न सक्दैन । यो आधुनिक राज्य व्यवस्थाको शाश्वत सिद्धान्त हो ।

## मुलुकको समस्या :

अहिले मुलुकको सबैभन्दा ठूलो समस्या भनेको नेपाल केन्द्रीकृत राज्यसत्ताको निर्माणको समयदेखिको एकीकृत हुँदै आएको तमाम सामाजिक सम्बन्ध र प्रक्रियाबाट उत्पन्न आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक विभेदीकरण, सीमान्तकरण तथा पृष्ठक्षेत्रीयकरण, शोषण, दमन, उत्पीडन,

अर्थराजनीतिक स्रोतको बाँडफाँड र राजनीतिक असमावेशीकरण र परिवर्जन प्रमुख हो। यसले महिला, जनजाति, आदिवासी, दलित, पिछडिएको क्षेत्र, भाषिक, धार्मिक र सांस्कृतिक अल्पसंख्यक समुदाय र पछिल्लो समयको समलैंगिक अल्पसंख्यक समुदायलाई राज्यले निरन्तर पाखा लगाइरहेको अवस्था हो, विगत। त्यस्तै समाजको आर्थिक रुपले सबैभन्दा तल्लो तहमा रहेको सुकुमवासी, बधुवा, कमैया, किसान र मजदुरमाथिको उत्पीडन पनि महत्त्वपूर्ण रहेको छ। यी समस्याको जगमा माओवादीले पुरानो सामान्ती अभिजात वर्ग र यसको विदेशीसँगको गठबन्धनको राज्यसत्तामाथि बन्दुक उठाए। त्यसले डढेलोझैं रुप लियो। कालक्रम बित्दै जाँदा जनताले जनआन्दोलन-२ मार्फत सबै समस्या निराकरणको लागि संविधानसभाको निर्वाचन अहिलेको राजनीतिक एजेन्डा बनाए। यसको प्रमुख उद्देश्य मुलुकमा अहिलेसम्म शासन गर्दै आएको अभिजात वर्गको स्थानमा सबै वर्ग, तह तप्काका नेपालीको सहभागिता हुने नयाँ शासन व्यवस्थाको निर्माण हो। शासन व्यवस्थामा परिवर्जित क्षेत्र र समुदायको प्रतिनिधित्व गराउने सवाल हो। मुलुकको भविष्यको राजनीतिक ऐनामा सबै नेपालीले आफ्नो अनुहार देख्न पाउने वातावरण बनाउनु यसको दायित्व हो।

अहिले मुलुक अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ। जनता अग्रगामी परिवर्तनतर्फ लक्षित छन्। तर, यो संक्रमणसँगै मुलुक अभूतपूर्व रुपमै भ्रम र अन्योलमा रहेको छ। मुलुकका राजनीतिक दलहरू, नागरिक समाज, अधिकारवादी अभियानकर्ताहरू, समावेशी लोकतन्त्रको वकालत गर्ने सबै भ्रममा छन्। जस्तो अहिले यसको लागि जनजातिका जस्तै राई, लिम्बू, तामाङ, मगर, गुरुङको आ-आफ्ना संस्थामार्फत राज्यमा सहभागिताको माग गरिरहेका छन्। त्यस्तै आदिवासी, मधेसी, दलित तथा महिला अभियानकर्ताहरू पनि आ-आफ्ना माग राज्यसँग गरिरहेका छन्। सबैले राज्य व्यवस्थामा आफ्नो सहभागिता खोजेका छन्। अभियान गैरसरकारी संस्था र नागरिक समाज, हित समूह र दबाव समूहको नाममा गरिरहेका छन्। यसबाट सबै राजनीतिक मुद्दाहरूको गैरराजनीतिकरण भइरहेको छ।

समावेशी लोकतन्त्रको निर्माण विशुद्ध राजनीतिक मुद्दा हो। यतातिर कसैको ध्यान गएको छैन। राज्यमा सहभागिता चाहियो भनेर स्याल हुइयाँ गर्नेभन्दा एजेन्डालाई ठिक ठाउँमा उठाउनु बुद्धिमता हुनेछ। राज्य अमूर्त कुरा हो, यसको मूर्त रुप सरकार हो। सरकार राजनीतिक दलले चलाउने हो। त्यसकारण राज्यप्रणालीमा समावेशीकरण गर्न दलमा समावेशीकरण हुनै पर्छ। कुनै पनि अभियानकर्ताले हामीलाई मुलुकका ठूला भनिएका र देश हाँक्ने, समावेशी लोकतन्त्रको महिसा ठान्ने दलमा सहभागिताको माग गरेका छैनन्। राजनीतिक दलका नेताहरू समावेशी लोकतन्त्रको लम्बे प्रवचन दिइरहेका छन्। तर, आफ्नै दलमा समावेशीकरणको प्रक्रिया सुरु गरेका छैनन्। राजनीतिक दल समावेशी लोकतन्त्रका साधन हुन् भने समावेशी र उन्नत लोकतन्त्र साध्य हो। साधनमा सहभागिता नखोजी साध्यमा सहभागिता खोज्ने खतरनाक र कतै नदेखिएको नयाँ रोग मुलुकमा देखिएको छ। यो गलत ठाउँमा माग्ने काम भएको छ। यो समावेशी लोकतन्त्रको अभियानकर्ताको दोष हो। राजनीतिक मुद्दालाई एनजिओकरणको परिणाम हो।

यस्तो अवस्थामा समावेशी लोकतन्त्र अहिले सबैभन्दा आकर्षक राजनीतिक नाराको रुपमा परिणत भएको छ। यो लोकप्रिय डिस्कोर्सको रुपमा विकसित भएको छ। अहिलेको अवस्थामा परिवर्तन नभएमा यो मूल्यहीन, सारहीन, खोक्रो र अर्थहीन पदावलीको रुपमा विकास भइरहेको छ।

## के गर्ने त ?

राज्य व्यवस्था चलाउने राजनीतिक दलले हो। त्यसकारण समावेशीकरण पहिला राजनीतिक दलमा गरिनु पर्छ। नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), जनमोर्चा, सद्भावना, राप्रपा लगायत सबै राजनीतिक दल तथा माओवादीले समेत आ-आफ्नो दलमा सबैलाई असमावेशीकृत समूहलाई समावेशीकरण गरिहाल्नु पर्छ। अहिले सबै दलमा पुरानै नेतृत्व छ। यो विशेष गरेर उच्च जात तथा विगतमा राज्यद्वारा सम्पोषित वर्ग हो। तर, समावेशीकरणका अभियानकर्ताले समावेशी लोकतन्त्रको पण्डित्याइँ छाँट्ने दलहरूमा तुरुन्त सबै समुदायको समावेशीकरणको माग गरेका छैनन्। राजनीतिक दलहरूमा जनजाति, आदिवासी, महिला, दलित, पिछडिएको क्षेत्रका नागरिकले सम्मानजनक सहभागिता वडाको तहदेखि केन्द्रीय तहसम्म गर्ने माग राखिनु पर्छ। यदि राजनीतिक दलहरूले यसो गरेनन् भने यी दलहरूको समावेशीकरणको नारा गफ मात्र हो।

त्यस बेला सबै दलहरूको गाउँदेखि केन्द्रीय तहसम्मको नेतृत्वमाथि परिवर्जित वर्गले धावा बोल्ने र नेतृत्व कब्जा गर्ने हो। यदि दलहरूले समावेशीकरण गर्दैनन् भने आफैं समावेशी हुनु पर्छ। आफैं समावेशी हुनु भनेको सबै राजनीति दलहरूको नेतृत्व कब्जा गर्ने नै हो। संविधानसभाको निर्वाचनअगावै यो प्रक्रियाले पूर्णता पाउनु पर्छ। संविधानसभामा नागरिक समाज वा अन्य गैरराज्य संस्थाले प्रतिनिधित्व गर्दैन। राज्य दल खोलेर चलाउनु पर्छ। त्यसकारण बल्खु दरवार, सानेपा दरवार, महाराजगन्ज दरवारहरू अहिले समावेशी लोकतन्त्र निर्माण गर्ने शक्ति केन्द्र हुन्। सिंहदरवार अहिले आवरण मात्र हो। यी दरवारहरूतर्फ पहिला समावेशीकरण हुनु पर्छ। यसो भएमा सिंहदरवार आफैं पुगिन्छ।

यसको लागि दलहरूलाई अहिले निरन्तर दबाब दिने समय हो। राज्यमा सहभागी हुने भनेको दलमा सहभागी हुने हो। दलमा सहभागी नभई बोक्रे नारा लगाएर समावेशीकरण हुँदैन। आफ्नै दलमा समावेशीकरण नगर्नेले राज्यमा समावेशीकरणको निर्लज्ज गफ गर्न सुहाउँदैन। दलहरूले तुरुन्त आ-आफूमा समावेशीकरण थाल्नु अत्यावश्यक छ।

अभियानकर्ताहरूले आफूलाई दलहरूमा समावेशीकरण गर्न जोडदार माग गर्नु पर्यो। मुद्दाको गैरराजनीतिकरण गरेर समावेशीकरण हुँदैन। राजनीतिक दलको कार्य गैरराजनीतिक संस्थाले दार्शनिक, सैद्धान्तिक र व्यवहारिक रुपमा मिल्दैन। यो शाश्वत नियमको हचुवाको भरमा उल्लंघन गर्ने अधिकार कसैलाई छैन। ■


**Our aim is to produce quality engineers competent enough to face any technological challenges of the 21st century at a comparatively reasonable cost**

**Programs Offered**

**Civil Engineering**

**Computer Engineering**

**Electronics Engineering**





**Kantipur Engineering College**
(Affiliated to Tribhuwan University)
Dhapakhel - 2, Lalitpur, Tel: 5-571004, Fax: 977-1-5-570344
e-mail: admin@kec.wlink.com.np, Url: www.kec.edu.np

**साँच्चै पूर्ण र 'समावेशी लोकतन्त्र' हामीलाई चाहिएको हो भने सर्वप्रथम त्यस्तो संविधानलाई जन्मदिने शक्तिका रूपमा सबै 'लोकतन्त्रवादी'हरू संगठित तथा सामूहिक हितका निम्ति समर्पित हुनु जरुरी हुन्छ । मन नमिलेका मानिसहरू एकै ठाउँमा बस्न सक्ने संस्कारको विकास नै लोकतन्त्रको लाक्षणिक सफलता हो ।**



# संविधान र कांग्रेस एकता

■ बद्रिनरसिंह केसी

*'... हामीलाई राजाबाट भन्ठान्या होला हामी शत्रु हौं । हामीलाई पनि लाग्दो हो, जसको हातबाट अधिकार लिनु पर्‍या छ, त्यो हाम्रो मित्र होइन भन्ने । तर, देशको राष्ट्रियता जोगाउने प्रयोजनमा राजालाई पनि साथ लिनुपर्ने हुनाले नै हामीलाई एउटा बडो अप्ठ्यारो स्थिति पर्न आएको छ । यदि हामीले प्रजातन्त्रको मात्रै कुरा गर्ने हो भने अब राजालाई त्याग्ने हो, राजालाई छोड्ने हो । त्यस्तो नारा दिने हो भने देशलाई पनि खतरा हुने सम्भावना छ ।'*

*– **विपी कोइराला** (१८ चैत, २०३७) खुलामञ्च, काठमाडौं ।*

**अन्तरिम संविधानको** मस्यौदा छिटो, छोटो र लक्ष्यको सुनिश्चित बाटो देखाउन सक्षम दस्तावेजका रूपमा आउला भन्ने जुन सहज अपेक्षा थियो, सोअनुरूप आउन सकेन । मस्यौदा आफैं गाँठी कुरामै गाँठो परेर द्विविधा, अनमेल र अन्योलग्रस्त रूपमा सार्वजनिक भयो । राष्ट्को (अन्तरिम) संविधान निर्माण गर्ने ऐतिहासिक जिम्मेवारीमा समेत दलगत स्वार्थ र पारस्परिक अविश्वासको छायाँ र प्रभाव देखापर्नु निश्चय नै सन्तोषजनक सन्दर्भ होइन । जनआन्दोलनको भावना र चाहनाअनुरूप लोकतन्त्रको खाका र चित्रण अन्तरिम संविधानको मस्यौदाले दिन नसक्नुको सोझो कारण स्वार्थको तानातानले थोपरेका विफलता हो । मस्यौदा समितिलाई कुनै बाह्य दबाब वा असहयोग, सुझावको अभाव, ज्ञान र अनुभवको कमी थिएन । अन्तरिम संविधानले सतहमा देखापरेका सबै विवादको निकासको बाटो दिन्छ कि भन्ने थियो । तर, त्यो आफैं औचित्यको प्रश्न र विवादमा फस्यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयंले नै सर्वप्रथम यसको औचित्यमाथि सार्वजनिक रूपबाट गम्भीर प्रश्न उठाएका हुन् ।

संविधान जतिसुकै पूर्ण लोकतान्त्रिक भए पनि राज्य र शासनको संचालनमा भागबन्डाको परम्परा एकोहोरो बढ्दै गयो भने लोकतन्त्रको संस्कार विकसित हुन सक्दैन । संविधान, त्यसका सबै अध्यायमा जतिसुकै लोकतान्त्रिक र क्रान्तिकारी भए पनि अभ्यासमा लोकतन्त्रवादी मानसिकताले काम गरेन भने त्यो व्यर्थ हुन्छ । जर्मनीमा सन् १९१८ मा पूर्ण प्रजातान्त्रिक संविधान जारी भएको थियो, जसलाई 'वेइमर संविधान' भन्ने गरिन्छ । तर, त्यो संविधानको गलत अभ्यासबाट नै अस्थिरता, भागबन्डा र विभाजनको दर्दनाक स्थिति त्यस मुलुकले भोग्यो ।

हरेक विद्रोहपछि प्रचलित संविधानको संशोधन, परिमार्जन वा पुनर्लेखनको बदला अर्को संविधान बनाउने काममा लाग्नु, संविधानवादी हुनु वा संवैधानिक परम्पराको पक्षधर हुनु कदापि होइन । यो त आफू बसेको घरमा कसिंगर थुप्रियो भनेर कुचो लगाउनुको सट्टा घरै त्याग्नुजस्तो कुरा हो । राजनीतिमा भए-गरेका दोषका लागि संविधानका निर्दोष धाराहरूले दण्डित हुनुपर्ने परिस्थिति एउटा गम्भीर असंगति तथा विडम्बना हो । निष्पक्ष दृष्टिकोणले हेर्ने हो भने २०४७ सालको संविधान स्वयं एउटा राष्ट्रिय शक्तिहरूको सन्तुलनको दस्तावेज थियो । यसले राजसंस्थाको स्थानलाई 'सेरेमोनियल किङ'का रुपमा स्थापित गरेको थियो । 'राजा संसद्मा' (किङ इन पार्लियामेन्ट) भन्ने आदर्श अपनाएको सो संविधानले राष्ट्रियता, लोकतन्त्र र विकासका लागि कहीं कतै बाधा अड्काउ गरेको थिएन । समस्या त यसको सञ्चालनमा देखिएको नियत नै भएको थियो । यसको अर्थ ०४७ सालको संविधान फेर्नु पर्दैन भन्ने होइन । तर, अन्तरिम संविधानको अभाव ०४७ को संविधानले पूरा गर्न नसक्ने बाधा-अड्चनको कुरा पनि थिएन ।

साँच्चै पूर्ण र 'समावेशी लोकतन्त्र' हामीलाई चाहिएको हो भने सर्वप्रथम त्यस्तो संविधानलाई जन्मदिने शक्तिका रूपमा सबै 'लोकतन्त्रवादी'हरू संगठित तथा सामूहिक हितका निम्ति समर्पित हुनु जरुरी हुन्छ । मन नमिलेका मानिसहरू एकै ठाउँमा बस्न सक्ने संस्कारको विकास नै लोकतन्त्रको लाक्षणिक सफलता हो । तसर्थ समान सिद्धान्त, विचारधारा र मान्यता भएकाहरूले जबरजस्ती दल र दिल फुटाएर बेग्लाबेग्लै बस्नु निःस्वार्थ भावनाको द्योतक होइन र लोक वा लोकतन्त्र कसैका लागि पनि उचित हुँदैन ।

माओवादीलाई शान्तिपुर्ण प्रतिस्पर्धात्मक राजनीतिमा सहयात्री बनाउनका लागि मात्र होइन, आजसम्म प्रजातान्त्रिक मूलधार तथा नीति निर्माण प्रक्रियाबाट उपेक्षित तथा तिरस्कृत सबै वर्ग, तप्का, जाति र समुदायलाई समेट्ने सामर्थ्यका लागि समेत लोकतन्त्रवादी शक्तिहरूको सशक्तिकरण तथा सुदृढीकरण आवश्यक छ । त्यस्तो सशक्तिकरण वा सुदृढीकरणको अभावमा माओवादीलाई हतियारविहीन राष्ट्रिय राजनीतिक शक्तिका रूपमा रूपान्तरण गर्न सम्भव नहुने हुनाले राजालाई अधिकारविहीन बनाइयो भन्ने गर्वको मात्र कुनै अर्थ नरहने यथार्थलाई हेक्का राख्नु आवश्यक छ । प्रतिनिधिसभा घोषणा (२०६३) कार्यान्वयनमा होस् वा सरकार-माओवादी आचार-संहिता पालन गर्न गराउनमा होस्, जनआन्दोलनमा जनतासमक्ष गरिएका वाचा हुन् वा पेट्रोलियम पदार्थको मूल्यवृद्धि निर्णयमा २ दिन टिक्न नसकेको दुर्बलता होस् । सरकार अत्यन्त कमजोर हुनाको पहिलो कारण राजनीतिक शक्तिको स्रोतका रूपमा हुनु पर्ने लोकतन्त्रवादी शक्तिहरूको विभाजन र बेमेल नै हो ।

राजनीतिक घटनाक्रमले नागरिक समाजमा निराशा बढाउँदै लगेको छ । आन्दोलन चलिरहेको छ, तथापि आमजनताको मनोबल खस्किरहेको छ । यस्ता आन्दोलन असुरक्षाको बोधबाट लखेटिएर अस्तित्वरक्षाको प्रयासस्वरूप भइरहेका देखिन्छन् । यस्तो परिस्थितिमा प्रजातन्त्रको सबैभन्दा जिम्मेवार अभिभावक तथा ठूलो संवाहक शक्ति नेपाली कांग्रेसको दुवै पार्टी एकीकरणको प्रयास र प्रक्रिया, निरास वातावरणमा आशाको सञ्चार गराउने सुखद सन्दर्भ हो । दुवै कांग्रेसलाई एकीकृत रूपमा फर्किन मुलुकको मध्यमार्गले प्रतीक्षा गरिरहेको छ । वास्तवमा मध्यम वर्ग र मध्यममार्ग नै मुलुकको राष्ट्रिय परिस्थितिलाई परिवर्तन, सुधार तथा अग्रगति दिने 'ड्राइभिङ फोर्स' हो । यो थन्कोबाट कांग्रेसले विचलित हुन नहुने दृढता नै देश, जनता र प्रजातन्त्रप्रतिको व्यवहार-कुशलताको द्योतक हो । सुदृढ, सशक्त र एकीकृत नेपाली कांग्रेस नै आजको पनि निर्णायक मध्यमार्गी धार तथा सार्थक प्रजातन्त्रको आधार हो ।

जनताका लागि संविधानसभासम्म पुग्ने वर्तमानको यात्रा शान्ति, लोकतन्त्र, विकास र सुशासन सम्भव होला भन्ने आशाले नै हो । राजाका लागि संविधानसभाको उपयोगिता राष्ट्रिय सार्वभौमिकता, मुलुकको अखण्डता र राष्ट्रिय एकता अक्षुण्ण रहोस् भन्ने भावनाले हो । माओवादीलाई संविधानको परिधिभित्र ल्याउने तर राजसंस्थालाई त्यो परिधिभित्र कुनै स्थान नदिने अहिलेको अतिवादी सोचाइ भोलिका लागि अनिष्टकारी हुने अवश्यंभावी छ । कांग्रेसले यी सबै भावना र यथार्थ समेटेर अगाडि बढ्नु नै उसको ऐतिहासिक तथा नैतिक विजय हो । इरान, अफगानिस्तान, कम्बोडिया जस्ता एसियाली मुलुकमा राजतन्त्र उखेलिएको डोब जनताको आँसु र रगतले भरिएको दर्दनाक स्थितिको पुनरावृत्ति शान्तिप्रेमी नेपालीहरू भोग्न चाहँदैनन् । किनकि राष्ट्रिय एकता, मेलमिलाप र सहमतिबाट जुन भव्य उपलब्धि हासिल हुन्छ, त्यस्तो उपलब्धि दुस्मनी, टक्कर र भीडतन्त्रबाट हासिल हुँदैन भन्ने विश्वासबाट आमजनता ओतप्रोत छन् । कांग्रेसको एकतालाई यसै प्रयोजनमा हेर्ने गरिएको छ ।

राष्ट्रिय एकता, सहमति र सद्भावको वातावरणका लागि प्रजातन्त्रका शक्तिहरूमा एकता सुरु हुनु जरुरी छ । नेपाली कांग्रेसको एकीकरण उसको एकल पार्टी हालीमुहालीका लागि होइन, संवैधानिक परम्पराको विकास, विधिको शासन तथा सच्चा समावेशी प्रजातन्त्रको सफलताका लागि, फुटेका राष्ट्रिय प्रजातन्त्र पार्टी, सद्भावना पार्टी लगायत अन्य संसद्वादी दलहरूको पुनः एकताको प्रेरणाका लागि हो । पूर्ण लोकतन्त्रको लामो यात्रा एवं नवयुगको स्वागतका लागि समेत यस्तो एकता जरुरी हुँदैआएको हो । ■

# विवश व्यास

**सदरमुकाम खलंगादेखि** दुई दिनको हिँडाइपछि मुलुकको पश्चिमोत्तर कुनामा भारत र तिब्बतजस्ता समृद्ध छिमेकीसँग सीमा जोडिएको दार्चुलाको व्यास गाविस विवशताको पीडामा छट्पटाइरहेको छ ।

व्यासका पूर्व अध्यक्ष जयन्द्रसिंह ऐतवान भन्छन्, 'भारतले कालापानी कब्जा जमाएपछि द्विदेशीय सम्बन्धमा आएको चिसोपनसँगै सशस्त्र द्वन्द्वका नाममा सरकारले समेत व्यासको महत्त्व नबुझिदिँदा लोकतन्त्रको अनौपचारिक पुनःस्थापनापछि पनि व्यास आफ्ना पीडा आफैँ भित्र पिउन विवश छ ।'

भारत-तिब्बत १९६२ को युद्धपछि नेपालको कालापानीमा भारतले अन्तर्राष्ट्रिय कानुन र प्रमाणको मान मर्दन गर्दै कब्जा जमाएपछि सोझा नेपालीहरूले चार दशकदेखि आफ्ना पुर्खाले तिब्बतसम्मको व्यापारका लागि प्रयोग गर्दै आएको टिंकर भञ्ज्याङभन्दा २ हजार फिट कम उचाइ भएको लिपुलेकको बाटो प्रयोग गर्न पाएका छैनन् ।

व्यासको सबैभन्दा ठूलो समस्या हो बाटो । पाँच वर्षअघि सशस्त्र द्वन्द्वका नाममा मर्मत हुन नसकेर बन्द भएको यो पैदलमार्ग अझ पनि सुचारु हुन नसक्दा नेपालीले दुई दिन भारतीय भूमिमा हिँड्नु पर्ने बाध्यता छ । दार्चुलास्थित जिविस प्रशासन र प्रहरीले प्रमाणित गरेको पत्रमा छिमेकी भारतको धार्चुलास्थित प्रशासनको मोहर नलागुन्जेल कुनै पनि नेपाली भारतीय बाटो भई व्यास पुग्न सक्दैन । यहाँसम्मको भारत घुम्न आउने पर्यटक पनि बैतडीको सीमावर्ती पिथौरागढभन्दा उत्तर जान पाउँदैनन् ।

उच्च समस्थली क्षेत्र भएका कारण व्यास लगायत दार्चुलाका राप्ला, खण्डेश्वरी जस्ता गाविसमा ६ महिना मात्र मानव बसोवास हुने गरेको छ । मुख्यतया वैशाखदेखि असोजसम्म यी गाविसमा मानवीय उपस्थिति हुने गरेको छ । त्रिदेशीय सीमा बन्द भएका कारण अन्य गाविसभन्दा व्यासमा मानव उपस्थिति हुनु अर्थपूर्ण मान्छन्, सीमा प्रशासन कार्यालय प्रमुख फकिरसिंह धामी ।

तिंकरका युवा गोपाल बुढाथोकीका भनाइमा - हामीले आफ्नो देशको बाटो मात्रै पनि प्रयोग गर्न पाउने हो भने छिमेकी भारतीय भूमिमा झुकेर हिँड्नु पर्ने बाध्यता हुने थिएन । व्यासमा हुने अवाञ्छित गतिविधिमाथि नियन्त्रण गर्न सुरक्षा संयन्त्र बसाउने प्रयास भइरहे पनि त्यसको टुंगो नलाग्नु दुःखद पक्ष हो । आफ्नो बहुमूल्य सम्पदा यार्सागुम्बा, पाँचऔँले जस्ता २८ किसिमका जडिबुटी र बहुमूल्य वनस्पति एवं जीवजन्तुको खानी दार्चुलालाई व्यास जस्तो राज्यविहीन नाका टाउको दुखाइ बन्नु स्वभाविक हो, छिमेकीहरूका वातावरणविरोधी क्रियाकलाप देखेर । जिल्ला वन कार्यालय दार्चुलाले यार्सागुम्बा र काष्ठसम्पदाको अहिलेसम्म एक रुपैयाँ पनि राजस्व उठाउन पाएको छैन । उता माओवादीले व्यासमा बसेर तिब्बत र भारतको व्यापार र अवैध कारोवारमा सरिक भएर गत र यो वर्ष गरी करोडौं रकम असुल गरेका छन् ।।

मुख्यतया छिमेकी भारतमा नेपालको काठ नभए चुलो बल्दैन भने तिब्बती गाउँहरूमा नेपाली काठ नभएसम्म घर बनाउन सकिन्न । हुम्लाको यारी, बझाङको उडैलेक र दार्चुलाको तिंकर भञ्ज्याङ भएर परम्परादेखि नेपाली काठ तिब्बतमा तस्करी हुँदै आएको हो । पछिल्लो समयमा चीनमा भएको विद्युतीय क्रान्तिले ऊर्जाका लागि विदेशिने काष्ठ पैदावरमा केही कमी भए पनि अन्य प्रयोजनले हुने काठको अवैध निकासी रोकिएको छैन । यी सबैभन्दा पनि टाउको दुखाइको विषय हो, व्यासबाट वन्यजन्तुका हाड र छालाको अवैध तस्करी भारत र तिब्बततिर हुनु । प्रतिवर्ष ठूलो मात्रामा निर्दोष वन्यजन्तुका हाड र छाला दलालहरूमार्फत व्यास हुँदै बेइजिङ र दिल्ली पुगिरहेको जिल्ला प्रशासनलाई थाहा भए पनि ऊसँग मुकदर्शक बन्नुबाहेक अरू कुनै विकल्प छैन । व्यासमा पाँच वर्ष अघिसम्म राज्य संयन्त्रको ६ महिना भए पनि उपस्थिति हुने गर्थ्यो । विद्यालय, गाविस, स्वास्थ्यचौकी, प्रहरीचौकी, सीमा प्रशासन कार्यालय, भन्सार कार्यालय जस्ता एक दर्जन सरकार कार्यालयले व्यासलाई राज्यको डोरीमा समाहित गरेका थिए । सशस्त्र द्वन्द्वको नाममा सदरमुकाम फर्किएका यी कार्यालय अझै पुनःस्थापन हुन नसक्दा माओवादीले पछिल्लो वर्षदेखि आफ्नो उपस्थिति अझ सशक्त पारेका छन् ।

व्यासबाट महाकाली नदीमाथि भारत जोड्ने सीतापुल नाका टिंकर भञ्ज्याङ काटेर एक दिन हिँडेमा पश्चिमी तिब्बतको विकासशील सहर ताक्लाकोट पुगिन्छ । भारतले महाकाली किनारै किनार धार्चुलाको जौलजीवीदेखि टनकपुरसम्म १ सय ९ किमि लम्बाइ रहेको महत्त्वाकांक्षी सडक योजनामा काम गरिरहेको छ । अहिले धार्चुला-टनकपुरको दूरी झन्डै ३ सय किमि हुन आउँछ । यही बाटोलाई भारतले धार्चुलाभन्दा ३५ किमि उत्तर तावाघाटको घट्टे बगरसम्म पुगाएको छ, जहाँबाट कालापानी पुग्न डेढ दिन मात्रै हिँड्नुपर्छ भने कालापानीबाट तिब्बत पुग्न एक दिनको मात्रै हिँडाइ बाँकी रहन्छ । यो योजनाले भारतको कालापानीमाथि कब्जाको मनोदशालाई स्पष्ट पार्दै तिब्बतसँग आफ्नो व्यवसाय बढाउने महत्त्वाकांक्षा झल्काउँछ । उसो त डेढ महिनाअघि सदरमुकाम खलंगामा पनि चारपांग्रे पुगेको खुसियाली सदरमुकामवासीले मनाएकै हुन् । नेपाल भएर नै खलंगा पुगेको यो महाकाली राजमार्ग नियमित सुचारु हुन अझ केही समय लाग्नेछ ।

■ श्याम भट्ट/दार्चुला

▼ नेपालबाट तिब्बत तस्करी हुँदै गरेको काठ





# फैलँदो जालो

■ मनीष गौतम/काठमाडौं

**लागूपदार्थ कारोबारमा संलग्न हुँदा रातारात धनी हुने लोभले लाग्छन् मानिसहरू यो धन्दामा । तर, यसमा लागेका कारण भोग्नु पर्ने नियतिको अन्दाज भने गरेका हुँदैनन् उनीहरूले ।**



**लागूपदार्थको कारोबारमा** संलग्न केही नेपालीले अन्तर्राष्ट्रियस्तरकै सञ्जाल बनाएका छन् । उनीहरूको 'सिन्डिकेट'ले सबै महादेशलाई छोएको छ । मुलुक भित्र र बाहिर रहेर लागूपदार्थको कारोवार चलाएका केही नेपालीहरू विश्वकै लागि 'मस्ट वान्टेड'का रुपमा समेत रहेका छन् ।

इन्डोनेसियामा रहेर विश्वभर लागूपदार्थ 'सिन्डिकेट' चलाउने कुख्यात नाइके मानसिंह घले अथवा लागूपदार्थको भरिया बनेर बैंककको एयरपोर्टमा समातिएर अहिले त्यहाँ बन्दी जीवन बिताइरहेका लोकबहादुर तामाङलाई लागूपदार्थको व्यापारमा होमिन के कारणले बाध्य बनायो ?

समाजशास्त्री गणेश गुरुङ यसलाई पाँचवटा कोणबाट विश्लेषण गर्छन् । ती हुन् : लागूपदार्थको सञ्जाल, आँट, विनापरिश्रम धनी हुने सपना, कानुनी ज्ञान र वैकल्पिक रोजगारको अभाव तथा परिवारको इज्जतको ख्याल नहुनु । 'यी कारणले लागूपदार्थ जस्तो नराम्रो कारोबारमा मानिसहरू होमिएका छन्', गुरुङ भन्छन्, 'यसको कारोवार बाध्यतामा लिइएको बताइए पनि अधिकांशका लागि छोटो समयमा धेरै सम्पत्ति कमाउने इच्छा हो ।'

लागूपदार्थ कारोवारमा संलग्न रहेकाहरूको तथ्यांक नियाल्ने हो भने अधिकांश राज्यबाट उपेक्षित जनजाति रहेका छन्, जसमा बाहुल्यता काठमाडौंसँग जोडिएका आधा दर्जन जिल्लाका तामाङ समुदायका व्यक्तिहरूको छ । विगत १० वर्षको तथ्यांक केलाउँदा लागूपदार्थको कारोबारमा संलग्न भएका कारण पक्राउ परेका करिब ३ सय व्यक्तिमध्ये आधाभन्दा पनि धेरै जनजाति र त्यसमा

पनि तामाङ समुदायका नै छन् ।

अचम्मलाग्दो कुरा के छ भने अपवादबाहेक पक्राउ पर्ने सबैजसो काठमाडौं उपत्यकाको छिमेकी जिल्ला धादिङ, नुवाकोट, गोरखा, लमजुङ, मनाङ र मकवानपुरका देखिन्छन् । लागूपदार्थ कारोवारमा अधिकांश हिस्सा किन यी सीमित जिल्लाका मानिस मात्र छन् त ? समाजशास्त्रीहरू यसलाई राज्य संरचनासँग जोडेर हेर्न चाहन्छन् । सत्तरीको दशकतिर राजा महेन्द्रले मनाङबासीलाई सात समुद्रपारको व्यापारमा भन्सार सुविधा दिन छुट दिनका लागि जब लालमोहर लगाए, त्यसपछिका वर्षहरूमा लागूपदार्थको कारोबारमा संलग्न हुनेहरू मनाङसँग जोडिएका जिल्लाका अशिक्षित व्यक्तहरू हुन थाले । समाजशास्त्री गुरुङले भनेझैं लागूपदार्थको कारोवारको सञ्जाल विश्वासपात्रहरूका बीचमा फैलिएको हुन्छ । बेलायती तथा भारतीय सेनामा भर्ना हुन नसकेका त्यति बेलाका लमजुङका बेरोजगार युवाहरू झिंटीगुण्टा व्यापारमा मनाङेहरूको पछि लागेर हङकङ, बैंकक र सिंगापुर पुग्न थाले । यहीबाट सुरु हुन थाल्यो, लागूपदार्थको कारोबार पनि जसले समय क्रममा अन्य छिमेकी जिल्लालाई समेट्दै लग्यो । काठमाडौं यी सबैजनाको मिलनको केन्द्रविन्दु बन्यो ।

समाजशास्त्री गुरुङको विश्लेषणसँग मिल्दोजुल्दो धारणा लागूपदार्थको कारोबारलाई नजिकबाट नियालेका लागूऔषध नियन्त्रण तथा कार्यान्वयन एकाइका एसपी हेमन्त मल्लको छ । 'लागूपदार्थ विश्वासमा अडेको कारोवार हो', मल्ल भन्छन्, 'त्यसैले यसको नेक्सस यिनै जिल्लामा केन्द्रित छ ।' लागूपदार्थको कारोवारमा संलग्न भएकाहरूबीच बिहेबारी तथा 'मित'को सम्बन्धसमेत कायम भएको पाइएको छ ।

लागूपदार्थ कारोबारमा संलग्न हुँदा छोटो समयमा धन आर्जन हुने लोभले काम गरेको हुन्छ । तर, यसमा लागेका कारण भोग्नु पर्ने नियतिको अन्दाज भने गरेका हुँदैनन् उनीहरूले ।

लागूपदार्थ ओसार पसारमा संलग्न भएका सयौं युवाहरू विदेशका जेलमा कष्टकर बन्दी जीवन बिताउन बाध्य छन् । कारोवारको नेतृत्व गर्ने नेपाली दलालहरूले सकेसम्म लागूपदार्थ आफैंले बोक्ने गर्दैनन् । यसका लागि उनीहरूले आफ्नो 'क्लोज नेटवर्किङ'मार्फत आयात निर्यातको निहुँमा बेरोजगार तथा आर्थिक अभावको उल्झनमा परेका यिनै जनजाति युवाहरूलाई सामान ओसार पसार गर्ने भरियाको रुपमा प्रयोग गरेको पाइएको छ ।

धादिङका लोकबहादुर तामाङ यति बेला थाइल्यान्डको जेलमा २५ वर्षको कारावास सजाय भोगिरहेका छन् । सुनौलो भविष्यको सपना बोकेर यो धन्दामा लागेका उनको सपना बैंकक एयरपोर्टमै तुहियो । उनी एयरपोर्टबाटै सिधै बैंककस्थित नोथानपुरी रोडस्थित ब्यांकवाङ जेलमा पुगे हेरोइन बोकेको अभियोगमा । उनी विगत ६ वर्षदेखि त्यहाँको जेलमा रहँदै आएका छन् ।

१८ वर्षको कलिलो उमेरमा जेल परेका तामाङलाई उनकै गाउँकी माया तामाङ नाम गरेकी एक महिलाले जागिर लगाइदिने प्रलोभनमा उनलाई पाकिस्तान पुऱ्याएकी थिइन् । त्यहाँबाट सामान बोकेर बैंकक जाँदा उनले बोकेको झोलामा १४ सय ग्राम हेरोइन भेटिएको थियो । बैंककका विभिन्न जेलमा बन्दी बन्न पुगेका नेपालीको संख्या करिब सत्तरी रहेको छ ।

लागूपदार्थको कारोवारमा संलग्न भएको आरोपमा पक्राउ परी बैंककका विभिन्न जेलमा बन्दी जीवनयापन गरिरहेका कतिपय नेपाली लागूपदार्थ तस्करीमा संलग्न अन्तर्राष्ट्रिय नाइके हीरालाल गुरुङको गिरोहको भरिया हुनसक्ने अनुमान लागूऔषध नियन्त्रण तथा कार्यान्वयन एकाइले गरेको छ ।

पूर्वी एसियाली मुलुकहरूमा लागूपदार्थ गिरोहको सञ्जाल फैलाएर हेरोइन र चरेसको 'सिन्डिकेट' चलाउने ४३ वर्षीय यी गुरुङ अहिले जेलमा छन् । विगत १२ वर्षदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रहरीहरूको आँखामा परेका गुरुङसहितको गिरोहलाई ७३ किलो चरेसको साथमा एकाइले एक अपरेसनमा दुई वर्षअघि पक्राउ गरेको थियो ।

गोरखाको सिर्दिबास गाविसमा स्थायी घर भएका गुरुङ पञ्चायतकालको गाविसस्तरको राजनीति चटक्कै छोडेर लागूपदार्थको दुनियाँमा भरिया बनेर छिरेका थिए । करिब डेढ दशकको यस यात्रामा कारोबार फस्टाउँदै जाँदा उनले बैंककमा रहेर आफ्नो व्यापारलाई ताइवान, अस्ट्रेलिया र अमेरिकासम्म पुऱ्याएका थिए । सन् २००१ देखि बैंककमा बसेर धन्दा चलाउन गाह्रो भएपछि उनले नेपालमै लागूपदार्थ कारोवार सञ्चालन गरेका थिए ।

'अशिक्षा र गरिबीका कारणले गर्दा जनजाति त्यसमा पनि तामाङहरू लागूपदार्थ कारोवारको दलदलमा परेका छन्', समाजशास्त्री तथा योजना आयोगका सदस्य चैतन्य सुब्बा भन्छन्, 'यसमा संलग्न हुँदा ज्यानै जाने अथवा विदेशी जेलमा बन्दी जीवन बिताउनु पर्ने कानुनी ज्ञानको अभावमा भरिया बन्नेहरूले दुःख पाएका छन् ।' लागूपदार्थको कारोवारमा संलग्न भएकाहरू कतिपय बारम्बार पक्राउ परे पनि फेरि यसैमा संलग्न भएको देखिन्छ । 'यो गैरकानुनी काम हो भन्ने कुरा राम्ररी थाहा पाएकाहरू पनि नियतवश लागूपदार्थको कारोवारमा संलग्न भएको देखिएको छ', मल्ल भन्छन्, 'थोरै समयमा धेरै सम्पत्ति आर्जन गर्ने मोहले पनि यस कारोवारमा कतिपयलाई आकर्षण गरेको छ भने कतिपय अवस्थामा दलालहरूले झुक्याएर अथवा प्रलोभनमा पारेर युवाहरूको प्रयोग गरेका छन् ।'

विदेशी तस्करहरूसँग साँठगाँठ गरी यी नेपाली दलालहरूले हवाई तथा स्थलमार्ग प्रयोग गरी चरेस थाइल्यान्ड, हङकङ, जापान, नेदरल्यान्ड, स्विजरल्यान्ड, अस्ट्रिया, जर्मनी, रूस, क्यानडा, अमेरिका र बेलायत पुऱ्याउने गर्छन् । छिटफुट रुपमा हेरोइन समेत यहाँबाट 'स्मग्लिङ' हुने भए पनि लागूपदार्थका नेपाली तस्करहरूक व्यापार चरेसले नै थेगेको छ । हेरोइन अन्य देशबाट नेपाल हुँदै अन्तर्राष्ट्रिय बजारमा पुग्ने गरेको छ ।

पछिल्लो समयमा काठमाडौंमा अफ्रिकी मुलुकका नागरिक विशेष गरी नाइजेरियालीहरू लागूपदार्थको कारोवारमा संलग्न भएको पाइन्छ । नेपाललाई 'ट्रान्जिट' बनाएर चीनतर्फ लागूपदार्थ ओसार पसार गर्ने उनीहरूको नियत भएको पाइएको छ । काठमाडौं केन्द्रित अधिकांश यी नाइजेरियालीहरूको राहदानीमा चिनियाँ भिसा लागेको देखिन्छ । ■



## बाली नाइन र नेपाल

**पश्चिमी छापा** तथा विद्युतीय संचारमाध्यमले समेत चासो दिएर प्रमुखताका साथ प्रकाशन तथा प्रसारण गरेको 'बाली नाइन' काण्ड अन्तर्राष्ट्रिय लागूपदार्थ गिरोहका एक प्रमुख नाइके मानसिंह घलेसँग जोडिएको छ । उनलाई १६ महिनाअघि अस्ट्रेलियाली र इन्डोनेसियाली प्रहरीको संयुक्त टोलीले भाग्दै गरेको अवस्थामा बालीमा 'सुट' गरेर मारेको थियो । मारिने बेला उनको उमेर ३० वर्ष रहेको थियो । मारिनु केही महिनाअघि इन्डोनेसियामा 'हेरोइन'सहित पक्राउ परेका नौजना अस्ट्रेलियाली नागरिकलाई उक्त लागूपदार्थ घलेले नै उपलब्ध गराएको आशंकामा छापा मार्दा उनी मारिएका थिए । यी नौजनामध्ये केहीलाई इन्डोनेसियाली सरकारले मृत्युदण्डको सजाय सुनाएको छ ।


'मानसिंह घले निकै खतरा व्यक्ति हो', लागूपदार्थ नियन्त्रणअन्तर्गतको इन्डोनेसियाली राष्ट्रिय प्रहरी प्रमुखले त्यति बेला भनेका थिए, 'उसलाई मार्नुबाहेकको अर्को कुनै विकल्प थिएन ।' घलेको मृत्युपछि उनी रहेका घरमा खान तलासी गर्दा प्रहरीले त्यहाँबाट बन्दुक र हेरोइन बरामद गरेको थियो ।

हेरोइनको कारोवारको मुख्य नाइके मानिएका घलेलाई थाइल्यान्ड, अमेरिका, अस्ट्रेलिया, इन्डोनेसिया र नेपाल लगायतका मुलुकले 'मस्ट वान्टेड लिस्ट'मा राखेका थिए । मृत्यु हुनु एक वर्षअघि समातिएका उनी त्यहाँ जेल तोडेर उम्किन सफल भएका थिए ।

धादिङ सतिदेवी घर भएका घले राजधानीस्थित सरस्वती क्याम्पसमा आइए पढ्दै गर्दा भरिया बनेर लागूपदार्थ कारोवारको दुनियाँमा प्रवेश गरेका थिए । ■

विश्व स्वास्थ्य संघका अनुसार विश्वमा बर्सेनि एक करोड ७० लाख मानिस मुटुसम्बन्धी रोगका कारण मर्ने गर्छन् । जसमा आधाभन्दा बढी नेपाल जस्ता विकासोन्मुख देशका मान्छेहरू छन् ।

# मुटुरोगलाई निम्तो



■ रमेशकुमार पौडेल/काठमाडौं

**पूर्वी चितवनका** पिप्ले-७ गड्यौलीका आत्मराम रिजालको मुटुका दुईवटा भल्भ उनी १८ वर्ष नपुग्दै खराब भए । उपचारका लागि पाँच लाख रुपैयाँ खर्च लाग्ने कुरा सुन्दा उनको परिवार छाँगाबाट खसेझैं भयो । उनका बाबु आमा सुकुमवासी हुन् । उपचारका लागि चाहिने यति धेरै पैसा उनीहरूसँग थिएन । जवान छोरालाई बचाउनका लागि उनकी आमा पवित्रा नारायणगढमा हुने मेला महोत्सवमा पैसा माग्न बसिन् । संघ, संस्था र साहु सहयोगीहरूलाई गुहार्दा पनि नपुगेपछि बाटोमा गाडी रोकेर समेत पैसा उठाइयो ।

अनेक गरेर पैसा जुटाएपछि गत वैशाखमा उनको उपचार भयो । आत्मराम ५-६ वर्षको हुँदा घाँटी र घुँडा दुख्ने गरेर ज्वरो आएको आमा पवित्रा सम्झिन्छिन् । यदि त्यति बेलै डाक्टरलाई देखाउन पाएको भए यति बेला लाखौं खर्च र अनेकौं सास्ती व्यहोर्नु पर्ने रहेनछ ।

जोर्नीहरू दुख्ने गरेर ज्वरो आउने हुनाले चिकित्सकहरू यसलाई बाथ ज्वरो भन्छन् । बाथ ज्वरोले बाथ मुटुरोग हुन्छ । जसको सुरुमै उपचार भए २-४ हजार रुपैयाँ मात्र खर्च लाग्छ । भल्भ बिग्रेर अप्रेसन गर्न परे कम्तीमा एक लाख खर्च हुन्छ ।

मुटुरोग नेपालमा मात्र होइन विश्वमै समस्याका रुपमा आइरहेको छ । विश्व स्वास्थ्य संघका अनुसार विश्वमा बर्सेनि एक करोड ७० लाख मानिस मुटुसम्बन्धी रोगका कारण मर्ने गर्छन् । जसमा आधाभन्दा बढी नेपाल जस्ता विकासोन्मुख देशका मान्छेहरू छन् । विश्व स्वास्थ्य संघले सन् २०२० सम्म यो संख्या बढेर २ करोड ५० लाख पुग्ने जनाएको छ । अन्य सबै रोगलाई उछिनेर मुटुरोग मृत्युको मुख्य कारण बन्नेछ ।

नेपाल हृदयरोग निवारण प्रतिष्ठान केन्द्रीय कार्यालयको अनुमानित तथ्यांकअनुसार नेपालमा ४० लाख मुटुरोगी छन् । विभिन्न प्रकारका मुटुसम्बन्धी रोगमध्ये बाथ मुटुरोगीको संख्या पनि ठूलै छ । काठमाडौंका मुख्य उपचार केन्द्रहरूमा आएका मुटुरोगीमध्ये बाथ मुटुरोगीको संख्या तेस्रो स्थानमा रहेको प्रतिष्ठानको तथ्यांक छ । त्यस्तै मुटुरोगको मात्र उपचार हुने काठमाडौं बाँसबारीको सहिद गंगालाल हृदय रोग केन्द्रमा उपचारका लागि भर्ना भएकामध्ये बाथ मुटुरोगीको संख्या विगत चार वर्षदेखि नै दोस्रो स्थानमा छ । भर्ना भएकामध्ये बाथ मुटुरोगी २० प्रतिशतको हाराहारीमा रहेको केन्द्रले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।


'हामीले सन् २००४ मा सर्वेक्षण गरेका थियौं, जसबाट नेपालमा बाथ मुटुरोगीको संख्या ७५ हजार रहेको अनुमान छ ।' नेपाल हृदय रोग निवारण प्रतिष्ठानका केन्द्रीय अध्यक्ष तथा मुटुरोग चिकित्सक डा. अवनिभूषण उपाध्याय बताउँछन् । तीमध्ये ५० हजार जतिको भल्भ बिग्रिनसकेको अनुमान छ । उनीहरूलाई वार्षिक प्रतिव्यक्ति चार सय रुपैयाँ लाग्ने पेनिसिलिन सुई दिन पाए समस्याबाट उम्काउन सकिन्छ । यो सुई पाँच वर्षसम्म लगाउन पर्छ ।

काठमाडौंको वीर अस्पतालमा कार्यरत मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मी बाथ ज्वरो तीनदेखि १५ वर्ष उमेरका बालबालिकालाई आक्रमण गर्ने बताउँछन् । बिटा हेमोलाइटिक स्ट्रेप्टोकस नामको किटाणुका कारण यो ज्वरो आउँछ । ज्वरो दोहोरिएर आइरहन सक्छ र मुटुमा असर गर्न थाल्छ । ज्वरो नै नआउने खोपको आविष्कार भएको छैन । तर, ज्वरो नफर्कियोस् र मुटुलाई गर्ने असर पनि कम होस् भन्नका लागि पेनिसिलिनको सुई दिनुबाहेक विकल्प नभएको डा. रेग्मी बताउँछन् ।

केटाकेटीमा ज्वरो आउँदा यी हेक्का नराखे मुटुको समस्या भोग्नु पर्ने हुन्छ । बाथ ज्वरो भएको यति नै समयपछि मुटु बिग्रिहाल्छ भन्ने छैन । मुटुको



मुटु रोगको उपचारपछि घरमा बसेका आत्मराम



अपरेसन गर्न लागिएको मुटु

झल्भमा असर परेको छैन भने ज्वरोले अन्तिम पटक आक्रमण गरेको अवधिदेखि ५ वर्ष अथवा १८ वर्षको उमेर नपुग्दासम्म जुन बढी हुन्छ त्यही बेलासम्म सुई लगाउनु पर्छ । झल्भमा असर गरेको छ भने ४० वर्षको उमेरसम्म या अप्रेसन गरेको अवस्थामा जिन्दगीभर नै सुई लगाउनु पर्छ भन्छन्, डा. रेग्मी ।

नेपाली समाजमा एक त यी सुई लगाउनु पर्छ भन्ने जानकारी नै पुगेको छैन । अर्कोतर्फ सुई सजिलैसँग उपलब्ध पनि हुँदैन । सुई लगाउँदा एलर्जी हुने र त्यसैका कारण मान्छे मर्न सक्छ । त्यसैले जो सुकैले सुई लगाइदिँदैनन् । जम्मा २५ रुपैयाँ मोल पर्ने सुई लगाउँदा बेकारमा अरू गाल पनि किन बोकौं भन्ने मानसिकता लिनेहरू पनि भएको बताउँछन्, हृदयरोग प्रतिष्ठानका अध्यक्ष डा. उपाध्याय । त्यसैले सुई लगाउने जिम्मा सरकारले लिनु पर्छ र अनुभवी चिकित्सकलाई खटाउनु पर्छ भन्छन् उनी ।

तर विडम्बना त के छ भने बाथ रोगका लागि प्रभावकारी भनेर विश्व स्वास्थ्य संघले सिफारिस गरेको एकपटक लगाएपछि तीन सातासम्म असर रहने पेनिसिलिन नेपालका प्रायः सरकारी स्वास्थ्य निकायमा पाइँदैन । सो पेनिसिलिन स्वास्थ्य चौकीबाहेक माथ्लो तहका स्वास्थ्य चौकीमा अनिवार्य उपलब्ध हुनु पर्ने नीति रहे पनि व्यवहारमा त्यस्तो नरहेको बताउँछन्, डा. उपाध्याय । नेपालका स्वास्थ्य निकायमा एक दिन मात्र प्रभाव रहने अर्कै पेनिसिलिन पाइन्छ ।

मुटुरोगसम्बन्धी उपचार सुविधा देशभित्रै पाउन सकिन्छ । तर, त्यसका लागि काठमाडौं आउनु पर्छ । काठमाडौंबाहिर पोखरा र विराटनगरमा मात्र मुटुरोग चिकित्सकको दरबन्दी छ । जसका कारण मुटुरोग भुसको आगोझैं भित्र भित्रै फैलिरहेको उनी ठान्छन् ।

मुटुरोगसँग सिधै जोडिएको बाथ ज्वरोको बारेमा

**बाथ रोगका लागि प्रभावकारी भनेर विश्व स्वास्थ्य संघले सिफारिस गरेको एकपटक लगाएपछि तीन सातासम्म असर रहने पेनिसिलिन नेपालका प्रायः सरकारी स्वास्थ्य निकायमा पाइँदैन ।**

हृदयरोग प्रतिष्ठानले एउटा योजना प्रस्ताव गरेको उपाध्यायले बताए । जुन कार्यान्वयन हुन सकेमा मुटु रोगको एउटा कारणको मुहान सुकाउन सहयोग पुग्ने उनी बताउँछन् । ७५ हजार बाथ मुटुरोगीमध्ये झल्भ बिग्रिनसकेको भनेर अनुमान गरिएका ५० हजारलाई निःशुल्क सुई दिनुपर्ने प्रतिष्ठानको प्रस्ताव छ । प्रतिव्यक्ति चार सयका दरले यसका लागि वार्षिक दुई करोड रुपैयाँ खर्च हुन्छ । पहिलो चरणमा एक करोडको सुई २५ हजारलाई दिइहाल्नु पर्ने उपाध्याय बताउँछन् । जिल्ला, अञ्चल, उपक्षेत्रीय, क्षेत्रीय र केन्द्रीय गरी ८३ अस्पतालमा पहिलो पटक पेनिसिलिन पठाउनु पर्छ । दोस्रो पटकमा देशभरका स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकीहरूमा पुग्नु पर्ने प्रस्तावमा उल्लेख छ ।

'तर सरकारले यसपटक ३० लाख रुपैयाँ छुट्याएछ', डा. उपाध्यायले बताए । यसअघि बाथ मुटुरोगलाई भनेर सरकारको कुनै कार्यक्रम पनि थिएन र बजेट पनि छुट्याइँदैनथ्यो ।

मुटुरोगीको उपचारमा सहुलियत होस् भनेर सरकारले गत वर्षको बजेट भाषणमा पेस मेकर लगायतका उपकरणको आयातमा कर छुटको व्यवस्था गर्‍यो । असहाय र गरिब विरामीका लागि भनेर १०० झल्भ निःशुल्क दियो । यस पटकको बजेट भाषणमा १५ वर्षसम्मका मुटुरोगी बालबालिकाको निःशुल्क उपचार गर्ने भनेर भनिएको छ । तर, यी प्रयास रोगले सताएपछि उपचारका आउने अवस्थाका लागि मात्र केन्द्रित भए । 'रोग नै नलागोस् र उपचारका लागि आउन नपरोस् भन्नेतर्फ खासै ध्यान गएन भन्छन्', प्रतिष्ठानका अध्यक्ष डा. उपाध्याय ।

'रकम कम होला तर यसलाई सुरुवात मानौं काम गर्दै जाँदा सिक्दै र थप्दै जाउँला', स्वास्थ्य मन्त्रालयको नीति, योजना र कार्यक्रम शाखाका उपसचिव कृष्णमुरारि न्यौपाने बताउँछन् । यो रकम पेनिसिलिनका लागि काठमाडौंका पाँचवटा केन्द्रीय अस्पताल र काठमाडौंबाहिर नौवटा अञ्चल अस्पतालमा पठाइने उनले बताए । राष्ट्रिय योजना आयोगबाट रकम स्वीकृत भएर आइसकेको छ । तर, कुन अस्पताललाई कति पठाउने भन्नेबारे अझै टुंगो लागेको छैन ।

उपसचिव न्यौपानेले भने, 'आवश्यक छ भनेर रकम छुट्याएको हो । कुन अस्पतालमा कसरी बाँड्ने भनेर हृदयरोग प्रतिष्ठान जस्ता संस्थाहरूसँग बसेर छलफल गर्नु पर्नेछ ।'

विश्व स्वास्थ्य संघको हृदयरोग विभागका निर्देशक डा. रोवर्ट वेगहोलले मुटुरोग मृत्युको कारण मात्र होइन, आर्थिक रुपमा पनि निकै बोझिलो हुने चेतावनी सन् २००४ मै दिएका थिए । जसको बढी असर विकासोन्मुख देशहरूमा पर्ने उनको भनाइ छ । मुटुरोग बनाउने बाथ ज्वरोको नियन्त्रणप्रति कम ध्यान दिनु भोलि गएर ठूलो भारमा पर्नु प्रस्ट हुन्छ ।

'झल्भ त बाँडिएको छ, अब पेनिसिलिन पनि बाँडेर झल्भ नै फेर्नु नपर्ने अवस्थातिर जान पर्‍यो, तब मात्र मुटुरोगको क्षेत्रमा राम्रै काम गरेको देखिन्छ', हृदयरोग प्रतिष्ठानका अध्यक्ष डा. उपाध्याय आग्रह गर्छन् । त्यतातिर नलाग्ने हो भने चितवन पिप्लेकी पवित्राले पाए जस्तो सास्ती नेपालले पनि व्यहोर्नु पर्नेछ ■



तस्वीरहरू : तेजबहादुर बस्नेत

# केमा ध्यान दिने ?

**कलेजहरूको भीडमा राम्रो कलेज छान्नु पक्कै सजिलो छैन । विज्ञापनको पछि लागेर वा छात्रवृत्तिको प्रलोभनभन्दा पनि गुणस्तर खुट्याएर व्यवहारिक शिक्षा दिने कलेज छनोट गर्नु उपयुक्त हुन्छ ।**

■ छत्र कार्की/काठमाडौं

**प्लस टु वा प्रमाणपत्र** उत्तीर्ण विद्यार्थीहरू अहिले उच्चशिक्षाको लागि कलेज छान्ने ध्याउन्नमा छन् । उच्चशिक्षाको लागि कलेज छनोट गर्दा सबभन्दा पहिले विषयगत शिक्षकमा ध्यान दिनु आवश्यक हुन्छ । प्राइम कलेजका प्रिन्सिपल नरेशप्रसाद श्रेष्ठ भन्छन्, 'जुन विषयमा भर्ना हुने हो, त्यो विषय पढाउने शिक्षकहरू दक्ष हुनु आवश्यक छ । त्यसैले पनि विद्यार्थीले शिक्षकबारे पूर्ण जानकारी राख्नु पर्छ ।' त्यसो त शिक्षकका अतिरिक्त पुस्तकालय, प्रयोगशाला, भौतिक र शैक्षिक वातावरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

२०४६ सालमा प्रजातन्त्र पुनःस्थापनापछि मुलुकमा व्यवस्थापनमा स्नातक तहको पाठ्यक्रम पढाउने एक सयभन्दा बढी कलेज खुलेका छन् । त्यस्तै विभिन्न कलेजले विज्ञान, कृषि, इन्जिनियरिङ, चिकित्सा, मानविकी, शिक्षा विषयमा स्नातक तहको शिक्षा उपलब्ध गराइरहेका छन् । राजधानीमात्र नभएर विराटनगर, पोखरा, नेपालगन्ज, धरानलगायत सहरमा पनि उच्चशिक्षामा स्तरीय पठनपाठन भइरहेको छ ।

त्रिभुवन, काठमाडौं, पोखरा, पूर्वाञ्चल विश्वविद्यालयले सञ्चालन गरेका नयाँ नयाँ विषयप्रति विद्यार्थीको ध्यानाकर्षण भइरहेको छ । उच्चशिक्षाको क्रममा कम शुल्कमा नयाँ नयाँ विषय पढाइने भनेर विभिन्न कलेजले प्रचार गरे पनि त्यसलाई मात्र प्राथमिकतामा राखेर कलेज छनोट गर्नु हुँदैन । जस्तो कि बिबिए पढाउने कलेजको मासिक शुल्क न्यूनतम ७ सयदेखि ५ हजारसम्म पर्छ । त्यसैले सस्तोको पछि दौडनुको सट्टा गुणस्तरलाई प्राथमिकता दिनु उचित हुन्छ ।

एपेक्स कलेजका निर्देशक टीका उप्रेती भन्छन्, 'विद्यार्थीले कलेज छान्नुअघि शिक्षण प्रक्रिया, मूल्यांकन पद्धति, शिक्षकलगायत समग्र शैक्षिक वातावरणलाई ख्याल राख्नु पर्छ ।' परिवर्तित सन्दर्भसँगै विभिन्न कलेजले शिक्षण प्रक्रियालाई सूचना प्रविधिसँग जोडेका छन् । यसरी सिकाइ क्रियाकलापमा सूचना प्रविधि अँगाल्ने अग्रणी कलेज पनि मुलुकभित्रै छन् । पाठ्यक्रम, मूल्यांकन, शिक्षण विधिलगायत सबै क्रियाकलापको रेकर्ड कम्प्युटरमार्फत दुरुस्त राखेर शिक्षण गर्दा प्रभावकारी हुने देखिन्छ । अभिभावकले यहाँ अध्ययनरत कुनै पनि विद्यार्थीको हरेक प्रगति विवरण कम्प्युटरबाट नै हेर्न सक्छन् ।'

अहिले उच्चशिक्षामा व्यवस्थापनतर्फ आकर्षित हुने विद्यार्थीको संख्या बढी छ । प्लस टु साइन्स लिएर उत्तीर्ण भएका विद्यार्थी पनि व्यवस्थापन पढ्न तम्सिएका छन् । व्यवस्थापनमा पनि सूचना प्रविधि र व्यवस्थापनको एकीकृत कोर्स पढ्न विद्यार्थीहरू लालयित छन् । त्यसैले होला, बिबिस र बिबिएपछि बिसिआइएस बिआइएम, बिआइटी, बिसिआइएस, बिआइटीलगायत विषय लोकप्रिय छन् । ग्लोबल कलेज अफ म्यानेजमेन्टका भाइस प्रिन्सिपल नरबहादुर विष्ट भन्छन्, 'व्यवस्थापन शिक्षामा विश्वव्यापी रूपमै विद्यार्थीको चाप बढ्दो छ । त्यसको प्रभाव नेपालमा पनि देखिनु स्वभाविक हो ।' कम शुल्कमा बिबिएस, बिबिएलगायत कार्यक्रम चलाएर व्यवस्थापन शिक्षा प्रदान गर्ने कलेजबीच हानथाप परेको देखिन्छ ।

अहिले स्तरीय कलेजको तुलनामा व्यापारिक मानसिकताबाट सञ्चालित कलेजको संख्या पनि कम छैन । कलेजहरूको भीडमा राम्रो कलेज छान्नु पक्कै सजिलो छैन । विज्ञापनको पछि लागेर वा छात्रवृत्तिको प्रलोभनभन्दा पनि गुणस्तर खुट्याएर व्यवहारिक शिक्षा दिने कलेज छनोट गर्नु उपयुक्त हुन्छ ।

सरकारले सबै खालका कलेजलाई एउटै श्रेणीमा राखेर न्यायोचित काम नगरेको आरोप पनि छ । भौतिक सुविधा र शैक्षिक गुणस्तरको आधारमा कलेजको श्रेणी छुट्याइएमा विद्यार्थीलाई छनोट गर्न सजिलो हुने देखिन्छ । ■

# जनशक्तिको क्षमता बढेको छ

**अहिले उत्पादित व्यवस्थापन स्नातकहरूको गुणस्तरचाहिँ कस्तो छ ?**
अहिलेका व्यवस्थापन स्नातकहरू पहिलेको दाँजोमा बढी क्षमतावान् देखिन्छन्। धेरैले मुलुकभित्रकै राम्रा संस्थामा रोजगारी पनि पाएका छन्। तर, यत्तिकैमा चित्त बुझाउने ठाउँचाहिँ पक्कै छैन। अझै पनि बजारले जुन खालको व्यवहारिक सीप भएको जनशक्ति खोजेको हो, त्यो पूर्ति हुन सकेको छैन।

**अहिले व्यवस्थापन शिक्षाका चुनौती के कस्ता छन् ?**
व्यवस्थापन शिक्षा बढी व्यहारिक र सिर्जनशील हुनु पर्छ। विश्वको जुनसुकै कुनामा गएर पनि प्रतिस्पर्धा गर्न सक्ने खालको हुनु पर्छ। हामीकहाँ त नयाँ विषय सुरु भए पनि दक्ष शिक्षकको ठूलो अभाव छ। धेरै शिक्षकको पढाउने ढाँचा पुरानै खालको छ। ती शिक्षकले आफूलाई समयसापेक्ष परिष्कृत गरेको पाइँदैन।



**नरेशप्रसाद श्रेष्ठ**
प्रिन्सिपल, प्राइम कलेज

**उच्चशिक्षामा निजी क्षेत्रको भूमिका कस्तो छ ?**
प्रजातन्त्र पुनः स्थापनापछि शिक्षामा निजी क्षेत्रको प्रवेशले ठूलो फड्को मारेको छ। निजी क्षेत्रले उच्चशिक्षामा हात हालेपछि अर्बौं रकम विदेशिनबाट बचेको छ। तर, निजी क्षेत्रको भूमिकालाई राज्यले उचितरूपमा आत्मसात गरेको छैन।

**नयाँ कलेज छनोट गर्दा विद्यार्थीले के के कुरामा ख्याल गर्नु पर्छ ?**
मूलरुपमा विद्यार्थीले कलेजको शैक्षिक वातावरणबारे बुझ्नु पर्छ। कलेजको फ्याकल्टी सदस्यमा को को छन्, पठनपाठन विधि के कस्तो छ लगायत सबै कुरा जानकारी राख्नु पर्छ।


BBS TU
BACHELOR OF BUSINESS STUDIES

CAREER
Upon graduation, you should embark upon the careers as a manager in business, industry and government & have a variety of career opportunities in different sectors of business including entrepreneurship and creating abundant jobs for others.

BA TU
RD
MM
ME
ECO
MCJr
SOC

ADMISSION ANNOUNCE

VALIDATING BODY **TRI-BHUVAN UNIVERSITY**

**ELIGIBILITY FOR ADMISSION** PCL **OR** 10+2 **OR** CBSE **OR** A LEVEL **OR** EQUIVALENTS

XAVIER INTERNATIONAL COLLEGE

**Visiting Address:**
**Xavier Building, Kalopul, Kathmandu**
Tel: 4439471, 4439472. 4439491, 4439492
**Kamalpokhari, Kathmandu**
Tel: 4444257, 4412684, 4411298



PEOPLE'S CAMPUS
DEDICATED TO QUALITY EDUCATION

Opens Admission
for
T.U. Affiliated

B.B.A.
(4 Year Bachelor of Business Administration)

B.B.S.
(3 Year Bachelor of Business Studies)

B.A.
(3 Year Bachelor of Arts)

SCHOLARSHIPS FOR DESERVING STUDENTS

*For more information*
Contact:
PEOPLE'S CAMPUS
Paknajol, Kathmandu
Phone No. 4251990, 4251412


यती एयरलाइन्सले 'जेटस्ट्रिम-४१' विमान

# यतीको चौथो जेटस्ट्रिम

**यती एयरलाइन्सले** चौथो 'जेटस्ट्रिम-४१' विमान भित्र्याएको छ। चौथो विमानको आगमनपछि आफ्नो उडान तालिका अरू फराकिलो हुने र यात्रुलाई थप गुणस्तरीय हवाई सेवा प्रदान गर्न सकिने विश्वास यती एयरलाइन्सले लिएको छ। अन्तर्राष्ट्रिय हवाई सेवाका उच्च प्रविधियुक्त जेटस्ट्रिम विमानको सेवा विस्तार गर्ने क्रममा यतीको यो विमान आइपुगेको हो। यसअघि उसले तीनवटा यस्ता विमान नेपाल भित्र्याएर यात्रुलाई सेवा उपलब्ध गराइसकेको छ।

एयरलाइन्सका अनुसार जेटस्ट्रिममार्फत भद्रपुर, विराटनगर, पोखरा, भैरहवा, नेपालगन्ज र हिमाली दृश्यावलोकनमा उडानहरू संचालन हुँदै आएका छन्।

# एलजीको चकलेट मोबाइल

**विश्वको ठूलो** इलेक्ट्रोनिक सामान उत्पादक एलजी कम्पनीको नेपालका लागि अधिकृत बिक्रेता चौधरी समूहले अत्याधुनिक प्रविधि र डिजाइनयुक्त एलजी चकलेट केजी ८०० मोबाइल सेट नेपाली बजारमा बिक्री वितरण प्रारम्भ गरेको छ। यसलाई नेपाली बजारमा चकलेट फोनसमेत भन्ने गरिएको छ।

यो सेटले सन् २००६ का लागि उत्कृष्ट पुरस्कारसमेत प्राप्त गरेको छ। सन् २००५ को नोभेम्बरमा उत्पादन सुरु गरिएको यो सेट विश्व बजारमा ५ लाखभन्दा बढी संख्यामा बिक्री भएको छ। पातलो आकारमा रहेको उक्त सेट प्रयोग गर्नुअघि कालो रंगको हुने तथा कीप्याड सक्रिय हुनासाथ यसको 'आइकन'को रंग परिवर्तन हुने गर्छ। यसमा एम्पी थ्री म्युजिक प्लेयर, १ सय २८ मेगावाइट क्षमताको मेमोरी, १.३ मेगपिक्सलको क्यामरा लगायत सुविधा छन्।

एलजी इलेक्ट्रोनिक्सको दक्षिणपूर्वी एसिया अपरेसन विभागका उपप्रमुख मुन बुम सिनले एलजी इलेक्ट्रोनिक विशिष्ट डिजाइनसहितको मोबाइल उत्पादन गर्ने पहिलो उत्पादक भएको र मोबाइल उत्पादनमा चकलेट फोनको विशिष्ट प्राविधिक उपलब्धि रहेको बताएका छन्। ■

# फेब्रिक आर्ट प्रशिक्षण

**फेब्रिक आर्टसम्बन्धी** विशेष प्रशिक्षण राजधानीमा हालै सम्पन्न भएको छ। प्रशिक्षणमा प्रशिक्षार्थीलाई कामना प्रकाशन समूहका नायब महाप्रबन्धक कैलाश प्रधानले एक समारोहका बीच प्रमाणपत्र वितरण गरेका छन्।

'फेविक्रिल हवी आइडियाज' नाम दिइएको उक्त प्रशिक्षण भारतको पिडिलाइट इन्डस्ट्री र ट्राइस्टार कोल्मनको सहयोग तथा पिडिलाइटको नेपालस्थित प्रमुख वितरक महेश्वरी ट्रेडर्सको आयोजनामा भएको थियो। प्रशिक्षणको व्यवस्थापन बिक्री स्टेसनर्सले गरेको थियो।




भारतीय प्रशिक्षक अनुपम पुरीले थ्रीडी फेब्रिक हाइलाइट्स, सिर्भस, पर्ल इफेक्ट, सिक्वेन्स क्रिस्टल रिबन आदिको प्रयोगका साथै इम्ब्रोइडरी लेबोरियस स्टिडिचसम्बन्धी प्रशिक्षण दिएका थिए। महेश्वरी ट्रेडर्सका नरेश गुप्ताले उक्त प्रशिक्षण नेपालमा पहिलो भएको बताएका छन्। ■

# नेपाल इन्भेस्टमेन्ट बैंकको नयाँ एटिएम

**नेपाल इन्भेस्टमेन्ट** बैंक लिमिटेडले ललितपुरको मंगलबजारमा एटिएम सुविधा विस्तार गरेको छ। यसअघि बैंकले पुल्चोक, दरवारमार्ग, ठमेल, भाटभटेनी सुपर मार्केट र पोखराको लेक साइडमा एटिएम सेवा उपलब्ध गराएको छ। एनआइबी नेपालको पहिलो भिसा इलेक्ट्रोन कार्ड सुविधा दिने बैंक हो। यो वर्ष बैंकले आफ्नो बीसौं वार्षिकोत्सव मनाएको छ। गत वर्ष यसले 'बैंक अफ द इयर' अवार्ड हात पारेको थियो। बैंकले उत्कृष्ट ग्राहक सुविधा प्रदान गर्ने उद्देश्यले प्राविधिक सेवाहरूमा लगानी गरेको बताएको छ। ■

# हेयर एन्ड केयर तेल




**मारीको हेयर** एन्ड केयर सुगन्धित तेल नेपाली बजारमा आएको छ। नेपालमा हेयर एन्ड केयर तेल हल्का तेलहरूको समूहमा सबैभन्दा पहिलो श्रेणीमा पर्ने दाबी गरिएको छ। हेयर एन्ड केयर तेल अन्य तेलभन्दा ५० प्रतिशतसम्म कम चिल्लो हुने तेल हो। हेयर एन्ड केयर तेल हर्बल प्रोटिनहरूको समिश्रणबाट बनेकाले यसले कपाललाई पौष्टिकता दिन्छ।

मारीको उपभोक्ता सामग्री तथा सेवा उत्पादनमा अन्तर्राष्ट्रिय बजारमा अग्रणी कम्पनी हो। नरिवलको तेल, केश तेल, जुम्रा मार्ने औषधी, खाने तेल, वस्त्र हेरचाह आदिको बजारमा मारीकोको पहुँच राम्रो छ। मारीकोका ब्रान्डेड सामानहरू बंगलादेश तथा अरू सार्क राष्ट्र र मध्यपूर्वमा पनि रहेका छन्। ■

# युरो फेसन इनर्स




**भित्री पहिरन** 'युरो फेसन इनर्स' नेपाली बजारमा भित्रिएको छ। भारतीय बजारमा लोकप्रिय यो ब्रान्डले नेपाली उपभोक्ताको मन जित्ने विश्वास गरिएको छ। यो कम्पनीले पुरुष, महिला र बालबालिकाहरूको लागि पनि भित्री पहिरन बनाएको छ। यसका उत्पादनहरू विभिन्न रंग र नापहरूमा पाइन्छ। अहिले नेपालको खास गरी काठमाडौं उपत्यकाको लुगा पसलहरूमा यसका उत्पादन राखिएका छन्। ■

# खासै सुध्रेन

■ नवीन अर्याल/कोलम्बो (श्रीलंका) तस्वीर : एनएफपिजे

**नेपालले दक्षिण एसियाली खेलकुदको २२ वर्ष लामो इतिहासमा विदेशी भूमिमा सबैभन्दा बढी पदक जितेको इतिहास यसै सागमा बनायो । तर, यो सागबाट नेपालले गर्व गर्नेभन्दा पनि नेपाली खेलकुदको भविष्यतर्फ चिन्तित हुन सम्बन्धित खेल पदाधिकारीहरूलाई घचघचाएको छ ।**

**दुई वर्षपछि** बंगलादेशमा भेटिने वाचा गर्दै दक्षिण एसियाली खेलकुद (साग)को दसौं संस्करण श्रीलंकाको राजधानी कोलम्बोमा भदौ १२ गते (सोमवार) सकियो । आठ देशका करिब २ हजार खेलाडी सहभागी यसपालिको सागमा नेपाल पुरानै स्थानमा रह्यो । छिमेकी भारतले यसपालि पनि आफ्नो सुपरपावर छविलाई उजागर गऱ्यो । पाकिस्तानले सुधारेको प्रदर्शन गऱ्यो भने आयोजक श्रीलंका सधैंझैं तेस्रो स्थानमा रह्यो । दक्षिण एसियाली खेलकुदको नवौं संस्करणदेखि सागमा समाहित अफगानिस्तानले निकट भविष्यमै आफू यस क्षेत्रका राष्ट्रहरूको लागि राम्रो प्रतिस्पर्धी हुने स्पष्ट सन्देश दियो । दक्षिण एसियाली खेलकुदमा समावेश भएको दुई वर्षको अन्तरालमै पदक तालिकामा अफगानिस्तानले ल्याएको उथलपुथलले सो सन्देश दिएको हो ।

नेपालले दसौं सागमा ९ स्वर्ण, १४ रजत र ३१ काँस्य गरी कुल ५५ पदक जितेको छ । यसपालिको सागमा भारत १ सय १८ स्वर्णसहित पहिलो स्थान, पाकिस्तान ४३ स्वर्णसहित दोस्रो र आयोजक श्रीलंका ३७ स्वर्णसहित तेस्रो स्थानमा रह्यो । नेपाल सदाझैं चौथो स्थानमा सुरक्षित रह्यो । नेपाली मार्सल आर्टलाई गतिलो जवाफ दिएको अफगानिस्तान ६ स्वर्ण, ७ रजत र १६ काँस्यसहित पदक तालिकामा कुल २९ पदक जितेर पाँचौं रह्यो । नवौं साफमा पाँचौं स्थानमा रहेको बंगलादेश ३ स्वर्णसहित छैटौं स्थानमा झऱ्यो, यद्यपि, यो देशले ३४ काँस्यसहित कुल ५२ पदक जितेको थियो । माल्दिभ्स नवौं सागको इतिहास दोहोऱ्याउने क्रममा यसपालि पनि पदकविहीन रह्यो । माल्दिभ्स दक्षिण एसियाली खेलकुदमा सातौंपल्ट कुनै खेलमा पदक नजिती घर फर्किएको हो । यो देशले काठमाडौंमा भएको पहिलो साफमा १ काँस्य, मद्रासमा भएको सातौं साफमा १ काँस्य र काठमाडौंमा भएको आठौं साफमा ४ काँस्यबाहेक दक्षिण एसियाली खेलकुदमा पदक जितेको छैन ।

प्रदर्शनको हिसाबले दसौं साग एथ्लेटिक्स, भारोत्तोलन र उसुका लागि अविस्मरणीय रह्यो । मार्सल आर्ट र बक्सिङमा आशा गरेअनुरूप नतिजा आउन सकेन । पौडी, ब्याडमिन्टन, टेबल टेनिस, भलिबल, स्क्वास र जुडोको प्रदर्शन खराब रह्यो । झन् आर्चरी, सुटिङ , पुरुष भलिबल, कबड्डी र महिला साइक्लिङमा कुनै पदक नथापीकनै घर फर्किन बाध्य भयो ।

व्यक्तिगतरूपमा यो प्रतियोगिता एथ्लेटिक्समा राजेन्द्र भण्डारी, तेक्वान्दोमा दीपक विष्ट, भारोत्तोलनमा कमल अधिकारी र एथ्लेटिक्समा कान्छीमाया कोजूका लागि स्वर्णिम बन्यो । राजेन्द्रले ५ हजार मिटर र ३ हजार मिटर स्टेपल चेजमा दोहोरो स्वर्ण जिते । कोजू दस हजार मिटर दौडमा रजत जित्न सफल भइन् । उनी दक्षिण एसियाली खेलकुदको इतिहासमा रजत जित्ने पहिलो नेपाली महिला धाविका हुन् । तेक्वान्दोका दीपकले वेल्टरवेटतर्फ स्वर्ण जित्दै दक्षिण एसियाली खेलकुदको २२ वर्षे इतिहासमा म्याराथुन धावक वैकुण्ठ मानन्धरपछि लगातार तीनवटा स्वर्ण पदक जित्ने इतिहासलाई अंगीकार गरे । भारोत्तोलनतर्फ एसियामा उदाउँदो राष्ट्रको रूपमा परिचित भारतको अनुपस्थितिमा ६९ केजी तौलसमूहमा कमल अधिकारीले जितेको स्वर्ण पनि यसपालिको सागमा सम्झनलायक बन्यो । डोपिङका कारण यसपालि सागमा भारतीय भारोत्तोलकलाई भाग लिन प्रतिबन्ध लगाइएको थियो भने यो मौकाको फाइदा उठाउँदै कमलले ऐतिहासिक स्वर्ण पदक जिते । उनी भारोत्तोलनमा स्वर्ण जित्ने अहिलेसम्मकै एक्ला नेपाली खेलाडी बने ।

यसपालि नेपालले १८ खेलमा २ सय १२ खेलाडीलाई प्रतियोगितामा सहभागी गराएको थियो, जसमा सबैभन्दा सफल खेल उसु रह्यो । उसुमा १२ खेलाडी सहभागी थिए, जसमा ११ खेलाडीले पदक थापे । पहिलोपल्ट सागमा सहभागी भएको यो खेलमा नेपालले २ स्वर्ण, तीन रजत र ६ काँस्य जित्यो । नेपालका लागि यसपालि तेक्वान्दोले २ स्वर्ण, ३ रजत र १ काँस्यमात्र जित्यो, जसमा लाइटवेटमा मनिता शाहीले स्वर्ण जितिन् । ओलम्पियन खेलाडी संगीना वैद्यले काँस्यमै चित्त बुझाउनु पऱ्यो । कराँतेमा २ स्वर्ण ३ रजत र ५ काँस्य जित्यो, जसमा कुशल श्रेष्ठ र सुलोचना सिजाख्वाले स्वर्ण जिते । मद्रास साफमा ४ स्वर्ण जितेको नेपाली जुडो टोलीले यहाँ एउटा पनि स्वर्ण थाप्न सकेन । खालि २ रजत र ४ काँस्यमा मात्र यो खेलले चित्त बुझाउनु पऱ्यो । पौडीमा बंगलादेश र पाकिस्तान 'डिसक्वालिफाइ' भएपछि पाँचौं स्थानमा रहेको ४ गुणा सय नेपाली पुरुष मिडल टोलीले काँस्य जित्यो ।

फुटबलले यसपालि पनि सुखद नतिजा दिएन । नौजना राष्ट्रिय खेलाडी समावेश फुटबल टोली काँस्यमै खुम्चियो । अन्तर्राष्ट्रिय मान्यताविपरीत दुई दिन लगाएर खेलाइएको पाकिस्तानविरुद्धको सेमिफाइनल खेलमा अतिरिक्त समयमा २-१ गोलअन्तरले पराजित नेपाल फाइनल पुग्नबाट वञ्चित भयो । नेपाल र पाकिस्तानबीचको खेल मध्यरातमा खेलाइएको थियो भने यसको नतिजा निस्कन अर्को दिन लागेको थियो ।



मनीता शाही

## अन्तिम पदक तालिका

| देश | स्वर्ण | रजत | काँस्य | कुल |
|---|---|---|---|---|
| भारत | ११८ | ६९ | ४७ | २३४ |
| पाकिस्तान | ४३ | ४४ | ७१ | १५८ |
| श्रीलंका | ३७ | ६३ | ७८ | १७८ |
| नेपाल | ९ | १५ | ३१ | ५५ |
| अफगानिस्तान | ६ | ७ | १६ | २९ |
| बंगलादेश | ३ | १५ | ३४ | ५२ |
| भुटान | ० | ३ | १० | १३ |
| माल्दिभ्स | ० | ० | ० | ० |

### मार्सल आर्टको दुर्दशा

दक्षिण एसियामा आफूलाई सधैं बाघ सम्झिने नेपाली मार्सल आर्टको हविगत यसपालि पनि मुसाझैं बन्न पुगेको छ। सात वर्षअघि काठमाडौंमा भएको आठौं साफमा आयोजकको नाताले नेपालले मार्सल आर्टतर्फ एकमुष्ठरूपमा सोरेको स्वर्णको प्रतिकूल असर कोलम्बोमा अनुभव गर्न पर्‍यो। नेपालले आठौं साफमा तेक्वान्दोतर्फ १६ प्रतिस्पर्धामा १४ मा स्वर्ण र कराँतेमा पनि १६ स्पर्धामा १४ नै स्वर्ण जितेर पदक तालिकामा ऐतिहासिक छलाङ मारेको थियो। तर, त्यति बेला पदकमा मारेको छलाङको ऋण अब विस्तारै नेपालले अन्य देशमा भइरहेको दक्षिण एसियाली खेलकुदमा ब्याजसमेत गरेर चुकाउन थालेको छ। फेरि आत्मरतिमा रमाउने नेपालीहरूको पुरानो बानीका कारण पनि यसपालि मार्सल आर्टको प्रदर्शन खस्किन पुग्यो। नेपालले यसपालि कराँतेमा २ स्वर्ण, ३ रजत र ५ काँस्यमात्र जित्न सफल भयो। तेक्वान्दोमा पनि २ स्वर्ण, ३ रजत र १ काँस्यमात्र जित्यो। दुई वर्षअघि पाकिस्तानको राजधानी इस्लामाबादमा भएको नवौं साफमा कराँतेले १ स्वर्ण २ रजत र ६ काँस्य जितेको पृष्ठभूमिमा यसपालि कराँतेको प्रदर्शनलाई राम्रो मान्नेहरूको कमी नभए पनि दक्षिण एसियाली कराँतेमा आफूलाई सधैं बाघ मान्ने नेपालको प्रदर्शनबाट सायदै कसैले गर्व गर्लान्। आठौं र नवौं साफमा स्वर्ण जितेका दीपक श्रेष्ठ पदकविहीन रहे। यति मात्र होइन, उनी अनुशासनको कारबाहीमा परेर २ वर्षका लागि अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन नपाउने भएका छन्। आफ्नो प्रतिस्पर्धामा रेफ्रीले एकपक्षीय निर्णय गरेको बताउँदै दीपकले म्याटमै बसेर विरोध जनाएका थिए।

यस्तै अवस्थामा तेक्वान्दो पनि देखियो। ओलम्पियन खेलाडी संगीना वैद्य तीन साताअघि पत्थरीको शल्यक्रिया गरेर आराम गरिरहेको अवस्थामा नेपालमा उनको तौलबाट खेल्ने अरू कुनै खेलाडी नै नभएझैं टोलीमा समावेश गरिएको थियो। उनी दोस्रो खेलमै अफगानिस्तानी खेलाडीबाट पराजित भइन्। नेपालले नवौं साफमा ६ स्वर्ण जित्दै नाक जोगाएको थियो। नवौं साफदेखि दक्षिण एसियाली खेलकुदको संस्करणमा समावेश भएको अफगानिस्तानले तेक्वान्दोमा ३ स्वर्ण जित्दै र कराँतेमा पाकिस्तान र श्रीलंकाली खेलाडीहरूले आफ्नो प्रभाव जमाएको स्थितिमा नेपाली मार्सल आर्टले आत्मरतिमा रमाउनुभन्दा पनि भविष्यतर्फ सतर्क हुन यसपालिको सागले चेतावनी दिएको छ।

### जनआन्दोलनको अपमान

२१ जना सहिदको रगत र १९ दिन लामो शान्तिपूर्ण जनआन्दोलनबाट स्थापित लोकतन्त्रको खिल्ली उडाउने काम कोलम्बोमा भएको छ। देशभित्र सद्गत भइसकेको राष्ट्रिय गान 'श्रीमान् गम्भीर नेपाली'को भूत भदौ ८ गते नेपाल र पाकिस्तानबीच मध्यरातमा आयोजित फुटबल खेल सुरु हुनुअघि सुगाथादासा रंगशाला जागेको थियो। सो गीत एक्कासि बज्न थालेपछि दसौं दक्षिण एसियाली खेलकुद (साग)मा भाग लिन आएका खेलाडी र अफिसियलहरूले जनआन्दोलनकै अपमान भएको महसुस गरेका छन्।

दसौं साग सुरु हुनुभन्दा एक साताअघि काठमाडौंमा खेलाडीहरूलाई बिदाइ गर्ने बेला सात राजनीतिक दलका नेताहरूले संयुक्तरूपमा खेलकुदको छुट्टै नयाँ गानको लोकार्पण गरेका थिए। यो सागमा खेलकुदको यही गानको धुन बजाउने सरकारी निर्णय भएको थियो। सागको 'सेभ द मिसन' बनेका राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठले जुलाई २७ र २८ तारिखमा कोलम्बोमा भएको आठवटै देशका 'सेभ द मिसन'हरूको बैठकमा सरकारले निर्णय गरेको नयाँ खेलकुद गानको धुन आयोजक समितिलाई बुझाएका थिए। ११ दिन लामो यस प्रतियोगितामा नेपाल सहभागी भएको १८ खेलहरूमा सबैमा सरकारले निर्णय गरेकै धुन बज्यो। तर, फुटबलमा, त्यो पनि सेमिफाइनलको अत्यन्तै महत्त्वपूर्ण खेलमा राजाको स्तुति गाइएको पुरानो राष्ट्रिय गान बज्न पुगेको थियो।

'हामीले सारा नेपालीको अपमान भएको ठानेका छौं। त्यसैले आयोजक समितिसँग सार्वजनिकरूपमा आत्मालोचनाको माग गरेका छौं', मरिसकेको राष्ट्रिय गान रंगशालामा बज्दा तत्कालै कुनै प्रतिवाद नगरेर कुर्सीबाट उठेका सदस्य-सचिव जीवनराम श्रेष्ठले *समय*सँग भने। उनले चाँडै नै आयोजक समितिले सार्वजनिकरूपमा माफी माग्ने आशा गरे पनि भदौ १२ गते प्रतियोगिता सम्पन्न हुँदासम्म यो बारेमा आयोजक समिति मौन रहेको छ। 'सबै कुरा छानबिन हुनेछ', जीवनरामले भने। ■



### दीपकको ह्याट्रिक

**ओलम्पियन खेलाडी** संगीना वैद्य र कराँतेका होनहार खेलाडी दीपक श्रेष्ठ दक्षिण एसियाली खेलकुदमा लगातार तेस्रोपल्ट स्वर्ण जित्न असफल भए पनि दीपक विष्टले कोलम्बोमा यो इतिहास रचेका छन्। तेक्वान्दो खेलाडी दीपकले वेल्टरवेटतर्फ भारतका इब्राहिम खानलाई ६-३ अंकले हराउँदै सागमा लगातार तेस्रो स्वर्ण जिते। उनी नेपालका चर्चित म्याराथुन धावक वैकुण्ठ मानन्धरपछि दक्षिण एसियाली खेलकुदमा लगातार तीनवटा स्वर्ण जित्ने खेलाडी बन्न पुगेका छन्। वैकुण्ठले काठमाडौंमा सन् १९८४ मा सम्पन्न पहिलो साफ, सन् १९८५ मा ढाकामा भएको दोस्रो साफ र सन् १९८७ मा कोलकातामा भएको तेस्रो साफमा म्याराथुनतर्फ स्वर्ण जितेर ह्याट्रिक गरेका थिए।

'वैकुण्ठ मानन्धरले साफ गेममा तीनवटा स्वर्ण जितेको सुनेको थिएँ। आज मैले त्यही कीर्तिमानलाई बराबरी गरेको छु, म निकै खुसी छु', गत आइतवार कोलम्बोको सेन्ट जोसेफ कलेजको कभर्डहलमा दक्षिण एसियाली खेलकुदमा स्वर्णको ह्याट्रिक गरेपछि ३० वर्षीय दीपकले *समय*सँग भने। दीपकले काठमाडौंमा सन् १९९९ मा भएको आठौं साफमा फेदरवेट तौलसमूहमा स्वर्ण जितेका थिए। दुई वर्षअघि सन् २००४ मा पाकिस्तानको इस्लामाबादमा भएको साफमा पनि उनले सोही समूहमा स्वर्ण पदक जितेका थिए। त्यति बेला खेलकै दौरान उनको दायाँ खुट्टाको जोर्नी भाँचिएको थियो। राष्ट्रिय खेलकुद परिषद्ले वाचा गरेअनुरुप उनको उपचारका लागि छिटै पैसा उपलब्ध नगराएका कारण दीपकले धेरैपछि आफ्नो खुट्टाको उपचार गराएका थिए। उनी यहाँ प्रतियोगिता खेल्न आउनुअघि पनि पूर्णरूपले स्वास्थ थिएनन्। तर, पहिलो खेल बाइ पाएका दीपकले दोस्रो खेलमा पाकिस्तानका जाभेद कारिमलाई ११-४ ले हराएका थिए। उनले बुसान एसियाडमा काँस्य पदक जितेका थिए।

 राजेन्द्र भण्डारी




# नयाँ हिरोको उदय

राजेन्द्र भण्डारी राष्ट्रिय खेलाडी बन्ने उद्देश्यले २० वर्षको युवावस्थामा पहिलोपल्ट काठमाडौंको दशरथ रंगशालास्थित एथ्लेटिक्स ट्र्याकमा उत्रिँदै, उनको गठिलो शरीर देखेर त्यहाँ उपस्थित सबै एथ्लेटिक्स प्रशिक्षकहरू लोभिएका थिए। उनीहरूले त्यति बेलै घोषणा गरेका थिए, देशले निकट भविष्यमै ऐतिहासिक धावक वैकुण्ठ मानन्धरपछि अर्को गर्विलो धावक पाउनेछ। उनीहरूले भविष्यवाणी गरेको ९ वर्ष बित्न पाउँदा नपाउँदै राजेन्द्र भण्डारीले प्रमाणित गरेका छन्, उनी नेपाली एथ्लेटिक्सका चम्किला तारा हुन्।

राजेन्द्रले श्रीलंकाको राजधानी कोलम्बोमा भएको दसौं सागमा एथ्लेटिक्सतर्फ दुई स्वर्ण पदक जित्ने क्रममा आफू नेपाली एथ्लेटिक्सकै सबैभन्दा सफल धावक भएको प्रमाणित गरेका छन्। उनले पाँच हजार मिटर दौडतर्फ सागको नयाँ कीर्तिमानसहित सातौं सागपछि देशलाई पहिलो स्वर्ण दिलाए। तीन हजार मिटर स्टेपल चेजमा निकै लामो दूरीको अन्तरमा आफ्ना सबै प्रतिद्वन्दीलाई उछिन्दै दोस्रो स्वर्ण पदक पनि जिते उनले।

उनी गत शुक्रवार सुगाथादासा रंगशालाको सेन्थेटिक ट्र्याकमा पाँच हजार मिटर दौडका लागि तयार हुँदा श्रीलंकाली धावकमात्र होइन, दक्षिण एसियाको महाशक्ति मानिने भारतीय खेलाडीहरूले समेत उनको उपस्थितिलाई हल्का लिने भुल गरेका थिए। यति मात्र होइन, समाचार संकलनका लागि कोलम्बो आएका भारतीय पत्रकारहरू सुरुदेखि नै भारतीय धावककै गतिमा दौडिरहेका राजेन्द्रलाई मजाकको पात्र बनाएर उडाइरहेका थिए। तर, दौडको अन्तिम ल्यापमा आफ्नो प्रतिद्वन्दी भारतका सुनिलकुमार सिंहलाई निकै पछाडि छोड्दै सागको नयाँ कीर्तिमानसहित नेपाललाई स्वर्ण दिलाएपछि पूरै रंगशाला स्तब्ध बन्न पुगेको थियो। उनले १४ मिनेट ०१ दशमलव १९ सेकेन्डमा दौड पूरा गरेका थिए, जुन सन् १९९५ मा भारतको मद्रासमा भएको सातौं साफमा भारतका बहादुर प्रसादले राखेको १४ मिनेट ५ सेकेन्डको साफ कीर्तिमानको तुलनामा ४ सेकेन्ड छिटो थियो। सुनिलले १४ मिनेट २ दशमलव ४३ सेकेन्डमा दौड पूरा गरेका थिए। राजेन्द्रको नाममा यो प्रतिस्पर्धामा १४ मिनेट ४ सेकेन्डको राष्ट्रिय कीर्तिमान थियो।

सन् २००४ मा इस्लामावादमा सम्पन्न नवौं दक्षिण एसियाली खेलकुदमा पहिलोपल्ट सहभागी जनाएका राजेन्द्रले ५ हजार मिटर दौडको यही प्रतिस्पर्धा १४ मिनेट ४२ दशमलव ६३ सेकेन्डमा पूरा गर्दै रजत जितेका थिए। उनी पाकिस्तानका नौसाद खानसँग पछि पर्न पुगेका थिए।

दुई वर्षको लामो तयारीपछि दसौं सागमा भाग लिन कोलम्बो आइपुगेका राजेन्द्रले नवौं साफमा तीन हजार मिटर स्टेपल चेजमा गुमाउनु परेको स्वर्ण जित्न त्यति कडा मेहनत गर्नु परेन। भारत, श्रीलंकालगायत सबै देशका धावक उनीभन्दा निकै फितलो देखिए। नवौं साफमा यो प्रतिस्पर्धामा उनी श्रीलंकाका उपेन्द्र भन्डाराभन्दा पछाडि रहँदै रजतमा खुम्चिएका थिए। यसपालि उनले स्वर्णका लागि ८ मिनेट ५१ दशमलव ७६ सेकेन्डको समय खर्चंदा भारतका ओम प्रकाश निकै पछाडि पर्न पुगेका थिए। रजत विजेता ओमले ९ मिनेट शून्यदशमलव ९९ सेकेन्डमा दौड पूरा गरेका थिए। उनले यो प्रतिस्पर्धामा आफ्नो पुरानो राष्ट्रिय कीर्तिमानमा पनि सुधार ल्याएका छन्। नवौं साफमा उनले आठ मिनेट ५७ दशमलव शून्य चार सेकेन्डको राष्ट्रिय कीर्तिमान राखेका थिए।

'हामीले सुरुमा एउटा स्वर्णको आशा गरेका थियौं। तर, उसले दुईवटै स्वर्ण जितेर आफू दक्षिण एसियाकै उत्कृष्ट धावक भएको प्रमाण दिएको छ', नरबहादुर शाहीपछि करिब आठ वर्ष राजेन्द्रको प्रशिक्षक रहेका पुष्प ओझाले *समय*सँग भने। सन् २००४ मा सिंगापुरमा भएको एसियन अल स्टार प्रतिस्पर्धामा राजेन्द्रले ५ हजार मिटर दौडमा १४ दशमलव १६ सेकेन्डमा स्वर्ण पदक जितेका थिए।

'मेरो एउटै लक्ष्य थियो सागमा स्वर्ण जित्ने। यो पूरा भएको छ। अब मेरो लक्ष्य एसियाडमा पदक जित्ने हुनेछ', त्रिभुवन आर्मीका २९ वर्षीय राजेन्द्रले *समय*सँग भने। तनहुँको सदरमुकाम दमौलीदेखि करिब ४० किलोमिटर बसयात्रालाई छिचोल्दै २ घन्टा हिँडेर पुगिने चिसापानी भन्ने ठाउँबाट १८ वर्षकै उमेरमा नेपाली सेनामा भर्ती भएका राजेन्द्र सेनाको तालिम सिध्याएपछि मात्र दौडमा सामेल भएका थिए। उनले नौ वर्षको आफ्नो अथक प्रयासमा एउटै सागमा दुईवटा स्वर्ण जित्ने कीर्तिमान बनाए। सन् १९८४ मा नेपालबाट सुरु भएको दक्षिण एसियाली खेलकुदको २२ वर्षे इतिहासमा वैकुण्ठ मानन्धरले पहिलो, दोस्रो र तेस्रो साफमा म्याराथुनतर्फ लगातार तीनवटा स्वर्ण जित्दै ह्याट्रिक गरेका थिए। यसैगरी मद्रासमा भएको सातौं साफमा टिका बोगटीले म्याराथुनमै स्वर्ण जितेका थिए। त्यसबाहेक नेपालले एथ्लेटिक्सको कुनै पनि प्रतिस्पर्धामा स्वर्ण जितेको थिएन। पछिल्लो समय भारत र श्रीलंकाले एथ्लेटिक्समा गरेको द्रुत विकाससँगै नेपाली एथ्लेटिक्सको भविष्य खतरामा पर्दै गइरहेको महसुस हुन थालेको थियो। यस स्थितिमा राजेन्द्रको सफलताले नेपाली एथ्लेटिक्समा एकपल्ट फेरि सम्भावनाको ढोका खोलेको छ, वास्तवमै उनी च्याम्पियन हुन्। नेपाली नयाँ हिरो। ■

# राजनीतिक कविताहरू

***मेरा पिताजी* कुनै गुनासो नै नगरी**
***आँसु पिउनुहुन्छ,***
***र, म एक टक भएर उहाँलाई***
***नियालिरहन्छु,***




अर्थात् कविता संग्रहको 'किन ...? भन्ने शीर्षकभित्र कवि नारायण तिवारीले कविताका रुपमा बोलेका शब्दहरू हुन् यी। मुलुकले फेरेको क्रान्तिको रङमा सधैं हुनेखानेहरू नै रमाएका छन्। जसले लडे, रगत बगाए उनीहरूको अर्थ कहीं बाँकी छैन। परिवर्तनको चहलपहल हुँदा नहुँदै फेरि उनै सामन्तीहरू माथि आइपुग्छन्। कविताको मूल सार यही हो।

कविता आम जनसरोकारको विषयभन्दा टाढा हुनै सक्दैन। उसलाई मानवीय घेरोभन्दा टाढा लग्न पनि सकिँदैन। अर्थ्याउन पनि सकिँदैन मानवीय सीमाभन्दा टाढा पुर्‍याइयो भने। यही सिमानाभित्रै रहेर परिभाषित गरिएको छ, अर्थात्मा।

कविता अर्थात् मानवीय सिमाना। परिभाषाभित्रै कवितालाई बाँध्न नसकिए पनि अर्थात्मार्फत कविले यही कुरा खुट्याउन खोजेको हुनु पर्छ। कविता कला हो जतातिर पनि मोड्न सकिन्छ। तैपनि, कवितालाई अर्थ्याउने क्रममा कवि नारायण तिवारीले मानवीय सिमानालाई नै अँगालेको हुनु पर्छ।

मानिसहरूको विवशताको जिन्दगीको चित्र देखाउने प्रयास मात्र गरेका छैनन् कविले, मुलुकमा हरेकचोटि आन्दोलनमा हिँडिरहँदा पनि कुनै परिवर्तन नदेखिनुलाई पनि चोटिलो शब्दवाण हानिएको छ।


***'हो बहुदल आएर पनि***
***सबै कुरा ठिक भएको छैन,***
***सबैको घरमा मेरो घरमा जस्तो***
***उज्यालो बलेछैन,'***

महिनैपिच्छे मुलुकमा राजनितिक परिवर्तन भइरहेछ। तैपनि, जुन आवश्यकताका लागि हरेकपल्ट उनै गरिब र अशक्तहरू बाटोमा ओर्लिन्छन्, उनीहरूका लागि कुनै परिवर्तनको खाका कोरिएको छैन। मुलुकको हविगत यस्तै छ, यही हविगतलाई उतारेका छन्, कविले आफ्नो कविता संग्रह अर्थात्मार्फत।

■ **ज्योति देवकोटा/काठमाडौं**

# कलात्मक सौन्दर्य

**कविता साहित्यमा** सबैभन्दा बढी लेखिने विधा हो। तर, स्तरीय कविता लेख्ने कविहरू औंलामा गन्न सकिन्छ। चालीसको दशकदेखि कलम चलाउँदै आएका रमेश क्षितिज सुन्दर कविता लेख्ने कवि हुन्। त्यसो त क्षितिजले गीति सिर्जनाको क्षेत्रमा पनि आफूलाई सशक्त हस्ताक्षरका रूपमा स्थापित गरेका छन्। 'आफ्नो साथी आफैं भएँ', क्षितिजको भर्खरैमात्र प्रकाशित गीत संग्रह हो, जसमा ८८ थान सुन्दर गीत संगृहित छन्।




गीत सरल, बोधगम्य र लालित्यपूर्ण हुनु पर्छ। यसले श्रोतामा छोड्ने प्रभाव झनै प्रभावकारी हुनु पर्छ। भनिन्छ, साँच्चिकै जीवनका गीत लेख्ने सर्जक मात्र कालजयी बन्न सक्छ। तर, अर्थ न बर्थका गीत लेखेर वास्तविक गीतको परिभाषामाथि नै प्रहार भइरहेको अवस्थामा क्षितिजको प्रयास सार्थक लाग्छ। मायाप्रीति, दुःख, वेदना, हाँसो, पीडालाई बडो जीवन्त रूपमा गीतमा उतारेका छन्। त्यसो त सामाजिक विकृति र विसंगतिप्रति उछितो काढ्न पनि पछि परेका छैनन् उनी। क्षितिजले प्रेमप्रणयलाई गीतमार्फत यसरी अभिव्यक्त गरेका छन्:

***जुन बाटो हिँडे पनि पुग्दोरै'छु***
***तिमी छेउ***
***भोलि कहाँ हुन्छु होला आज यतै***
***वास देऊ।***

संग्रहमा केही गीत राष्ट्रिय भावनाले भरिएका पनि छन्। उनले मुलुकको लागि बलिदानी गर्ने सपूतहरूलाई सम्झेका छन्, उनीहरूले देखाएको बाटो अवलम्बन गर्नु पर्ने आग्रह गरेका छन्। रमेशले गीतमा बिम्ब र प्रतीकको प्रयोग गजबले गरेका छन्, जसको कारण गीतमा कलात्मक सौन्दर्य बढेको छ। क्षितिजका गीतबारे प्रकाश सायमी लेख्छन्, 'एउटा कुराको गर्वशाली पक्ष छ, त्यो हो निर्वैयक्तिक पक्ष, जहाँ उनले आफूलाई नवीकरणको उचाइमा उचालेका छन् भने पुनर्परीक्षण हुनबाट बचाएका छन्।'




| | |
|---|---|
| किताब | : जनताको बहुदलीय जनवादका आधारहरू |
| लेखक | : राजेन्द्र गौतम |
| पृष्ठ | : १२० |
| मूल्य | : रु १२०/– |
| प्रकाशक | : विराट प्रकाशन |




| | |
|---|---|
| किताब | : इन्सर्जेन्सी एफेक्टेड पिपल आफ नेपाल |
| लेखक | : उज्ज्वल उपाध्याय |
| पृष्ठ | : ११६ |
| मूल्य | : रु १००/– |
| प्रकाशक | : आईआईडिएस |




| | |
|---|---|
| किताब | : बालअधिकार |
| लेखक | : विमलकुमार थापा |
| पृष्ठ | : ५० |
| मूल्य | : रु ५०/– |
| प्रकाशक | : मायादेवी थापा |




| | |
|---|---|
| किताब | : यस पटकको रावण |
| लेखक | : उमेश उपाध्याय |
| पृष्ठ | : १४० |
| मूल्य | : रु १००/– |
| प्रकाशक | : परिवेश प्रकाशन |

# चिथोरिएर, कोपरिएर बाँच्ने मान्छे

■ झमक घिमिरे



कसैले मप्रति दयाभाव नखन्याओस्, म कसैको अनावश्यक दयाभाव खन्याउने वस्तु हुइनँ, कसैले दयाभाव देखाएर धर्म गर्ने वस्तुको रुपमा पनि परिणत हुन सक्दिनँ म । किनभने मसँग मान्छे हुनुको अर्थ छ । मान्छे भएर बाँच्नुको अर्थ मरेको छैन । त्यसैले कसैले विचरी भनेर उपेक्षात्मक दयाका पोकापत्यौरा ममाथि नबिसाओस्, विचरी म होइन, बरु कसैले आफूलाई बलियो ठानेर मलाई विचरा बनाएको हो ।

**मलाई बेला न कुबेला** चिथोर्न चाहनेहरूले मलाई चिथोरिरहेकै हुन्छन्, कोपर्न चाहनेहरूले पनि कोपरिरहेकै हुन्छन् । तर, म चिथोर्नेहरूसँग ऐया भन्दिनँ, कोपर्नेहरूसँग पनि मलाई दुख्यो भन्दिनँ । त्यो भन्नु पनि आफूलाई कमजोर देखाउनु या आफैंलाई लाचार देखाउनु हो । मलाई पीडा भएको कुरो म किन अरूलाई देखाऊँ ? कसैले भन्ने गर्छन् मतर्फ अंकित गरेर, 'विचरा यसलाई कति पीडा भएको होला ? कति दर्द भएको होला हगि !' विचरा भनेर उनीहरूले सहानुभूति देखाउने नाममा कसैको अस्तित्वप्रति उपेक्षा गरेका छन् । भो, यस्तो चाहिँदैन । मेरो पीडा र दर्द जति भए पनि मैले नै भोग्नु पर्ने हो । उनीहरूले च्व ! च्व ! गरेर चुकचुकाएर विचारको रुपमा हेरेर त्यो आधासरो कम हुँदैन क्यारे !

कसैले भन्ने गर्छन्, 'आमाबाबुको शेषपछि त कन्तविजोग हुन्छ होला, विचारी कठैबरा !' मेरो कन्तविजोग होला भन्ने लाग्नेहरूले पहिला आफ्नै बारेमा सोचून् । आफूले कति अरूलाई गर्न सक्छ भन्ने आत्ममूल्यांकन गरेर कसैप्रति सहानुभूति देखाउँदा राम्रो हुन्छ कि ? कसैले मप्रति दयाभाव नखन्याओस्, म कसैको अनावश्यक दयाभाव खन्याउने वस्तु हुइनँ, कसैले दयाभाव देखाएर धर्म गर्ने वस्तुको रुपमा पनि परिणत हुन सक्दिनँ म । किनभने मसँग मान्छे हुनुको अर्थ छ । मान्छे भएर बाँच्नुको अर्थ मरेको छैन । त्यसैले कसैले विचरी भनेर उपेक्षात्मक दयाका पोकापत्यौरा ममाथि नबिसाओस्, विचरी म होइन, बरु कसैले आफूलाई बलियो ठानेर मलाई विचरा बनाएको हो । जसले कसैलाई विचरा बनायो ऊ स्वयं हो विचरा । तर, मान्छेका आँखाहरूले ममाथि विचराको भाव फाल्ने गर्छन् ?

मेरो मन यहीनेर कुँडिने गर्छ, सायद म यहीनेर चोइटिने गर्छु । मान्छेहरूले मलाई यहीनेर भत्काइदिने खोज्छन्, चर्काइदिन खोज्छन् । तर, उनीहरूले यो कुरो कसैलाई भत्काउनु उनीहरू स्वयं आफू भत्किनु हो । कसैलाई चर्काउनुको अर्थ स्वयं आफू चर्किँदै जानु हो । तर, म कसैले भत्काउन खोजेर भत्किएकी छुइनँ, कसैले बिथोल्न खोजेर पनि बिथोलिएकी छुइनँ । किनभने मसँग जिउँदो मान्छे भएर बाँच्नुको अझै अर्थ छ । संसारसँगै मेरो पनि अस्तित्व छ भने म किन डराउने कसैदेखि ? विचलित पनि किन हुने ? त्यसैले मलाई कसैले कोरा दयाको भिक्षा दिनु पर्दैन । अरू म उसलाई कसैको आत्मस्वाभिमानमा ठेस नपुऱ्याऊन् भन्छु । यस दुनियाँमा सबैको आ-आफ्नो अस्तित्व हुन्छ, आत्मस्वाभिमान पनि हुन्छ । त्यसप्रति ठेस पुऱ्याउने अधिकार कसैलाई पनि छैन ।

मलाई कुनै राष्ट्रियस्तरका एकजना नेताले केही रुपैयाँ आफ्नो गोजीबाट बक्सिस दिएका थिए । तर, त्यो पैसा स्वीकार्य भएन, विनाश्रमको रुपैयाँ लिन मैले कहिल्यै जानेकी छुइनँ । हुनत मैले यी नेताज्यूले जस्तो आरामदायी भवनभित्र बसेर आरामको जिन्दगी बाँचेकी हुँ ? न आफ्नै पजेरो चढेर चिल्ला सडकहरूमा कुद्न सकेकी छु ? न त त्यसको लागि आँखा डेढो पारेर औंलो नंग्याउन जानेको छ मेरो स्वभावले ? यी नेता र ममा के फरक छ र ? उनी पनि यही देशका नागरिक हुन्, म पनि यही देशकी नागरिक । उस्तै हाड, छाला र मासुको शरीर । फरक यति हो- उनी राजनीति गर्छन्, म साहित्य लेख्छु, आ-आफ्ना क्षेत्रबाट यही देशको लागि काम गर्ने गर्छौं । राज्यले उनले पाउने सुविधा र मैले पाउने सुविधामा किन अन्तर गरेको छ ? उनी राज्यकोषबाट भत्ता र कमिसन खाएर पजेरो कुदाउने गर्छन् भने म सामान्य ज्यालादारीमा जिइरहेकी छु । हुनत उनले एउटा सामान्य ज्यालादारी जिन्दगी बाँच्ने मान्छेलाई आफ्नो गोजीबाट केही रुपैयाँ दान गर्नुलाई धर्मै ठाने क्यारे । यस्तो कुरो सामान्य हुनसक्छ उनका लागि । तर, मान्छेलाई मान्छे हुनुको अर्थमा व्यवहार गर्नु पर्छ भन्ने यिनले बुझेका रहेनछन् क्यार, यहाँ कामको भेद किन छ ? के एउटा राजनीतिज्ञले जस्तो एउटा साहित्यकारले काम गरेको हुँदैन । कुनै भूमिका खेलेको हुँदैन ? एउटा डाक्टर, इन्जिनियर, पाइलटले जस्तो एउटा कलाकारले देशको सेवा गर्दैन ? दया, दानको कुरो, नातावाद, कृपावादको कुरो, चाकडी, चाप्लुसीको कुरो यहीनेर लागू हुने गरेको छ अनि स्वाभिमानी आत्माहरू स्वाभिमानी मनहरू यहीनेर मारिइरहेछन्, कस्तो विडम्बना !

त्यस्तै कुनै राष्ट्रियस्तरका कामरेडकी श्रीमती मकहाँ आएर केही रुपैयाँको पोको मेरो छेउमा राखिँदै भनिन्, 'यो तिमीलाई ।' हुन त कमरेड पत्नीले मेरै हित सोचेर त्यो पोको अगाडि राखिदिएकी थिइन् होला । मैले चाहिँ त्यो पोको उनैलाई फिर्ता दिएर भनें, 'यो पोको अहिले मलाई आवश्यक छैन, कुनै समय आवश्यक पऱ्यो भने म तपाईंसँगै मात्र होइन, अरूसँग पनि लिनेछु ।' यस्तै यस्तै मेरो जिन्दगीमा थुप्रै घटना परिघटना थुप्रने गरेका छन् । मैले ती जम्मैलाई खात लगाएर एक ठाउँमा राखिदिने गरेकी छु । जिन्दगीका कुनै कुनामा पारेर बाँच्नेछन् कुन्नि इतिहासमा सायद उनीहरूले बिर्सेका छन्, सम्झनु पनि आवश्यक छैन । म दर्शनका मन्त्रहरू फलाकेर कुनै घीन लाग्दो खेल खेल्दिनँ । कुनै आलिसान भवनभित्र बसेर राजनीति पनि गर्दिनँ न त गर्छु झूटा सपनाहरूको खेती । अहँ मैले यस्तो बेइमानीका काम गर्न पटक्कै जानेकी छैन । तर, इमानको सास फेरेकी छु चाहे कुल्लीको जिन्दगीसरह किन नहोस् ? ज्यालादारी भए पनि आत्मसम्मानको जिन्दगी जिइरहेछु, के तपाईंलाई यस्तो जिन्दगी स्वीकार्य छ ?

२० साउन २०६३



# 'आफैं छान्न पाम्'

**दुई वर्षअघि** दण्डपाणि पाण्डेले गायिका कोमल वलीलाई हेरेर एउटा गीत बनाए- *ऐलेसम्म कोही हेर्न नि आ' छैन, त्यसैले बिहे भा'छैन*। 'बिहे भा छैन' बजारमा आएपछि एउटा तरंग पैदा भयो। सामान्य लोकगीत नै भए पनि त्यो गीत कोमल वलीले गाइदिएकाले चर्चा भएको बुझ्न दण्डपाणिलाई गाह्रो भएन। त्यसो त घतलाग्दो गीत लेखेपछि कोमलको कमलो मन दण्डपाणिको लेखनीप्रति तानियो। 'ल दण्डजी यसपाला तीज गीत अलि राम्रै बनाऊँ', कोमलको आग्रह थियो। यसपछि तयार भयो एउटा तीज गीत जसले यसपालिको तीजलाई पूरै *पोइल जान पाम्*मय बनाइदियो। के बूढा, के तन्नेरी, के बालिका सबै किसिमका महिलालाई यो गीतले छोयो। तर, धेरैले यसलाई अश्लील गायनको पराकाष्ठा माने। कतिसम्म भने उनको गृहजिल्ला दाङमा उनको एल्बम *पोइल जान पाम्* जलाइएको छ र महिलाहरू र भाषाविद्हरूको आग्रहमा बेच्नसमेत प्रतिबन्धित छ। गीतले भन्छ-

गीतको पोइल शब्द धेरैका लागि आपत्तिजनक बनेको छ। त्यसो त गीत बनेपछि उनलाई पनि गाउन त के सुन्दा पनि लाज लागेको थियो। 'कन्सेप्ट त मैले नै दिएकी थिएँ। तर, गीत तयार भइसक्दा पोइल भन्ने शब्दले मलाई पनि घोच्यो', कोमल भित्री कुरा खोल्छिन्, 'यसलाई गाउने कि नगाउने भनेर म्युजिक नेपालको गीत छान्ने समूहमा पनि कुरा पुग्यो। पोइल शब्दलाई अनेक शब्दले विस्थापित गर्नेबारे सोचियो। तर, पोइल शब्दले जति *पन्च* दिन्थ्यो, अरूले दिएन।'

तर, यसैबीच ढुंगा खोज्दा देउता भेटिएझैं भयो कोमललाई- 'लोकगीतका विद्वान् तुलसी दिवसले मलाई फोन गर्नुभएका बेला मेरो द्विविधा पोखें। उहाँले त्यस गीतमा कुनै अश्लीलता देख्नु भएन। त्यही भएर ढुक्कसाथ गाउनुअघि राप्ती अञ्चलका लोकगीतमा विद्यावारिधि गर्नु भएका डा. गोविन्द आचार्यलाई पनि फोन गरेर मेरो समस्या राखें। केही बेर सोचेपछि उहाँले पोइल शब्दले पुनर्जीवन पाउने र यसमा कुनै अश्लीलता नझल्किने बताएपछि ढुक्क भएर रेकर्ड गरें।'

विद्वान्हरूसँग सरसल्लाह गरिसकेपछि एल्बम बजारमा आएलगत्तै उनलाई दैनिक सयौं एसएमएस आउन थालेका छन्। कसैको प्रस्ताव हुन्छ त कसैको बधाई र कसैको गाली पनि। केहीको त धम्कीपूर्ण म्यासेज हुन्छ। यी सबै त ठिकै थिए, तर नेपाल टेलिभिजनले उनको गीतलाई प्रतिबन्ध लगाएपछि भने उनलाई चित्त दुखेको छ, 'विद्वान्हरूले उचित ठहऱ्याएका गीतलाई टेलिभिजनका जागिरेहरूले प्रतिबन्ध लगाइदिएकाले मेरो चित्त दुखेको छ। जनताले एकमुखले भनून् मेरो गीत चित्त बुझ्ने भनेर। एक महिनाभित्रै पचास हजार एल्बम बिक्री भइसकेको छ। कुनै पर्वको गीत यति धेरै बिक्री भएको यो पहिलो अवसर हो। तर, केही व्यक्तिहरू मेरा पछाडि खोइरो खन्न लागिपरेका छन्।'

यो गीतको प्रभाव कतिसम्म रह्यो भने दुई वर्षअघि स्थापित बाराही म्युजिकले यस गीतको जवाफ पनि बजारमा ल्याएको छ।

*मेरो बिहे भा छैन भन्नेलाई*
*भेट्न पाए ती बूढी कन्नेलाई*
*पोइल जान पाम् पाम् पाम् भन्नेलाई*
*मैले ल्याउन पाम्, मैले ल्याउन पाम्*

*'मैले ल्याउन पाम्'* नामबाट बजारमा निस्किएको यो एल्बमका लेखक तथा गायक प्रेम बराल आफूले कोमल वलीको कामबाट प्रेरणा मिलेपछि एल्बम निकालेको बताउँछन्। 'लोकदोहोरी द्विपक्षीय वार्तालाप हो। उहाँको कामलाई होस्टेमा हैंसे गर्न यो निकालेको हुँ', बराल थप्छन्।

एल्बमको सफलता र चौतर्फी चर्चाका कारण कोमल मक्ख छन्। 'तर आमा (दीपा)लाई मन परेको छैन', कोमलको स्पष्टोक्ति थियो, 'बुबा (ललितबहादुर)लाई अहिलेसम्म मन परेको गीतै यही बन्यो।'

के कोमलले उनले चाहेजस्तो केटा नभेटेकी नै हुन् त ? उनले गाएजस्तै विवाहप्रति उत्तिकै उत्कट इच्छा छ त ? 'म ढाँट्तिनँ', कोमल खुल्छिन्, 'म अहिले बिहेप्रति नकारात्मक छैन। सुरुमा कलेजका दिनमा विवाहप्रति म ज्यादै नकारात्मक थिएँ।' अहिले उनी आफ्नो ऐकान्तिक जीवनमा कहिलेकाहीँ कलेजका एक गुरुले भनेको सम्झन्छिन्- 'तिमी सफलताको एउटा चरणमा पुगेपछि पछाडि फर्कंदा बिहेको महत्त्व बुझ्नेछौ। बिहे गर्नु भनेको सामाजिक बन्धन मात्र होइन, यो आजीवन आफ्ना सुखदुःख साट्ने विधि पनि हो।' तर, एक दर्जन सामाजिक संस्था र आफ्नै जागिरका कारण पनि सोच्ने अवसर नपाएकीले उनका घनिष्ठ पुरुष साथीहरू बन्न सकेनन् र भएकाहरू पनि साँघुरो सोचभन्दा माथि उठ्न सकेनन्। उनको बिहेप्रति नकारात्मक सोच हुनुमा यही कारण मुख्य थियो।

त्यसैले पनि बिहे गर्न पाम् भन्दिनन् उनी, समाजको परम्परा भत्काउन पोइल जान पाम् भन्छिन्। हरेक कुरा पुरुष दृष्टिकोणबाट सोच्न बन्द गरिनु पर्छ भन्ने मान्यता राख्छिन् उनी। त्यही भएर निकै पछिसम्म उनी विवाहप्रति नकारात्मक थिइन्। 'कम्तीमा म खसीबाखाजस्तो छानिन चाहन्नँ। बरु मैले छान्न पाम्', कोमलको उत्तर थियो। ■

अच्युत कोइराला/काठमाडौं




तस्बीरहरू : भास्कर ओझा



डकुमेन्ट्रीको एक दृष्यः बाजुराको एक दृष्य

# शान्तिको चाहना

**जापानमा आयोजना** गरिएको 'द हिमालयन फिल्म फेस्टिभल टोकियो-२००६' मा तीन पटकसम्म प्रदर्शन गरियो, निर्देशक ध्रुव बस्नेतको डकुमेन्ट्री- स्कुलस् इन द क्रस फायर। ती तीनमध्ये दुईवटा प्रदर्शनीमा उनले प्रत्यक्ष रुपमा दर्शकसँग छलफल गर्न पर्ने स्थिति आयो। संवादका क्रममा उठेका प्रश्न र टिप्पणीका ओइरोबाट ध्रुवले बुझे, 'नेपालको शान्तिका लागि जापानीहरू साँच्चै नै चिन्तित रहेछन्। शान्ति नै हामी सबैको चाहना हो र शान्तिले नै समाजलाई माथि उठाउँछ।'

ध्रुव भन्छन्, 'उनीहरू नेपालको शान्ति प्रक्रियामा जापानले कसरी सहयोग गर्न सक्छ र विस्थापितहरूलाई उनीहरूले व्यक्तिगत रुपमा कसरी सघाउन सक्छन् भन्ने चासो देखाएका थिए।'

साउन २९ गतेदेखि भदौ ६ गतेसम्म चलेको उक्त फिल्म फेस्टिभलको क्रममा ध्रुव र उनको फिल्मका बारेमा देखिएको चासोपछि जापानको एनएचके च्यानलले उनी र फिल्मका बारेमा एउटा सामग्री नै तयार पार्‍यो। एनएचकेबाट उक्त सामग्री प्रसारण भएपछि त झन् नेपालको शान्ति, ध्रुव र उनको फिल्मका बारेमा जापानमा उत्सुकता बढेर गएको छ। एनएचकेका एक साथीले उनलाई इमेलमा पठाएका छन्, 'तिमी र तिम्रो फिल्मका बारेमा तयार पारिएको सामग्री प्रसारण भएपछि हामीकहाँ यति धेरै फोन आए कि हामी उत्तर दिँदा दिँदा हत्तु भइसकेका छौं।'

उनले आफ्नो डकुमेन्ट्रीमा सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वका दुई पक्षधरका बीच चेपोमा परेका स्कुल, विद्यार्थी र शिक्षकका पीडा समेटेका छन्। ध्रुव भन्छन्, 'मैले डकुमेन्ट्रीमा यथार्थ कुरा देखाएको छु। शिक्षा भनेको समाज र विकासको मेरुदण्ड हो, त्यो भत्किदा विनाश कसरी निम्तिरहेको थियो भन्ने देखाएकाले होला अधिंकाश दर्शकलाई त्यसले झक्झकाउँछ।'

ध्रुवले सन् २००४ मा तयार गरेको यो डकुमेन्ट्रीका लागि उनले ६ महिना लगानी गरे, लमजुङ, मुगु, बाजुरा, डोटी, काठमाडौं र खोटाङसम्म पुगे। त्यहाँ स्कुलहरूमा सशस्त्र द्वन्द्वले पारेको प्रभाव, शिक्षकहरूमाथिको उत्पीडन र विद्यार्थीहरूको पीडा समेटे।

२०४२ सालमा नेपाल टेलिभिजनमा क्यामराम्यानको जागिरबाट सुरु भएको उनको यो क्यारियर २०५० सालमा नेपाल वातावरण पत्रकार समूहको आँखीझ्याल हुँदै अहिले स्वतन्त्र हैसियतमा पुगेको छ। उनले यो क्रममा थुप्रै डकुमेन्ट्री खिचे र आफैंले पनि बनाए। तर, २०५८ सालमा नै तयार गरिएको नेपालको द्वन्द्वका बारेको पहिलो डकुमेन्ट्री 'रक्ताम्य गराहरू'बाट पाएको प्रशंसा अन्यत्रबाट पाएका थिएनन्। यसमा उनले द्वन्द्वका क्रममा मानवाधिकारको हननको सुरुवात र बढोत्तरीलाई राम्ररी समेटेका थिए।

त्यसलगत्तै ध्रुवले एचआइभी/एड्सको विषयलाई केन्द्रविन्दुमा राखेर दीर्घजीवनका लागि माया र त्यसपछि क्वेस्ट फर पिस बनाए। उनी यति बेला द्वन्द्वको अर्को सिकार पत्रकारहरूका बारेमा अर्को डकुमेन्ट्रीको तयारी गरिरहेका छन्। उनी भन्छन्, 'अरूका कथाहरूलाई दुनियाँका अगाडि ल्याइदिने पत्रकारहरू नै २०५९ असोज १८ पछि आफैं त्यही पीडाका पात्र भए। त्यसैले मैले आफ्नो नयाँ डकुमेन्ट्रीमा यो विषयलाई समेटेको छु।' ■





# ‘दुखियाको जीवन’

**सरकारी जागिरको** सिलसिलामा पहिलोचोटि भोजपुरबाट काठमाडौं छिरेका हुन्, गणेश रसिक । उतिखेरको सहरिया जीवनशैली अहिलेको जस्तो मात्तिएको थिएन । तैपनि, उनलाई पाश्चात्य जीवनशैलीतिर बढ्दै गरेको सहरिया तडकभडकमा बस्न मन परेन । ‘ससुरालीले दिएको सहयोगले काठमाडौंमा घर किनेको थिएँ, बेचिदिएँ ।’ त्यसपछिको यात्रा उनले इलामतिर मोडे । चियाबगानसँग नजिकैको मितेरी लगाउन ।

रसिकसित जीवनलाई धेरै नजिकैबाट चियाउन पाएको अनुभव छ, ‘तिता र मिठा दुइटै अनुभवको गाँठो फुकाउने हो भने कयौं दिन बित्लान् । भोजपुरे ठिटोको रुपमा आफ्नो परिचय बनाइरहेका बेला उनलाई कुनै दिन गायक गणेश रसिकका नामले आफूलाई सबैसमक्ष चिनाउनु पर्ला भन्ने कहिल्यै लागेन । यद्यपि, अझै उनी आफूलाई गायकभन्दा लेखकका हैसियतले चिनाउन बढी मन पर्ने बताउँछन् । उनी सधैं गायकभन्दा पनि एक राम्रो लेखक बन्ने धुनमा रहे । तर, नियतिले उनलाई गायकै बनायो । परशु प्रधान, मञ्जुल, कृष्ण जिसीजस्ता मनमिल्ने मित्रहरू राम्रो साहित्यकार बनेका कारणले पनि होला उनलाई बढी साहित्यतिर मन तानिरह्यो ।

तर, इलामको हरियालीमा रमाउँदै गर्दा उनले गायनलाई बिट मार्न सकेनन् । ‘अब गाउन छोडिदिन्छु भन्दा भन्दै पनि सकिएन, यो नसा यस्तै रहेछ’, उनी भन्छन् ।

एक जमानाको प्रख्यात संगीत समूह मानिने ‘राल्फा’ र ‘लेकाली’ समूहका गीतकार, संगीतकार, गायकका रुपमा चिनिने गरेका रसिक नेपाली गीतसंगीतमा विविधता दिने गायकका रुपमा परिचित छन् ।

राजधानीमा बेलाबेलामा झुल्केर आउने र आएका बखत केही न केही छाडेरै जाने उनको बानी अहिले पनि छुटेको छैन । त्यसैले यसपाला पनि उनले आफ्नो संगीतको माधुर्यले आफ्ना श्रोतालाई मन्त्रमुग्ध पारे आरशालाको साँगुरो हलमा कोचाकोच गरेर बसेको भीडलाई । सँगै बसेका थिए, रसिकका ३६ वर्षअघिका श्रोता डा. केदारभक्त माथेमा । ‘मेरो यो भाग्य हो ३६ वर्षपछि मैले पुनः मेरा श्रोताका साथ बसेर गीत सुनाउन पाएको छु फरक यति छ उतिखेर उहाँ शिक्षकका रुपमा मेरो अगाडि हुनुहन्थ्यो, कलिलो हुनुहुन्थ्यो, आज उहाँको कपाल फुलेको छ, ।’

उरन्ठेलो ठिटोको रुपमा भोजपुर छोडेर काठमाडौं छिर्दा गायक रामेशसँगको भेटले उनको उद्देश्य एकाएक मोडिएको थियो । ‘तै पनि, मैले मेरो जीवनको लक्ष्य कहिल्यै तोकिन, नियति र समयले जता मोड्यो उतै जाने बानी पर्‍यो । अहिले पनि यही बानीमै रमाउँदै छु ।’

रसिकले भोजपुरमा जेटिए भएर जागिर खाएका थिए । उनी भन्छन् ‘त्यतिखेर लेखाइतिर बढी चासो भएका कारण मेची खबर पत्रिकाको सम्पादक भएरै जीवन गुजारौंला भन्ने सोचेको थिएँ ।’ तर, जीवनले लगेको अनेक मोडका कारण उनले आफ्नो जीवनको लक्ष्य बनाउनै छोडिदिए । ‘यो दुखिया जीवनको लक्ष्य लिनु नै बेकार जस्तो लाग्छ, जतिखेर जे आउँछ त्यही टर्छ भन्ने ठान्छु ।’

■ **ज्योति देवकोटा/काठमाडौं** (तस्वीर पनि)






# क्रियाशील किशोर

**नेपालमा** रेडियोको लहर भर्खर भर्खरै चल्दा ब्रिटिस फोर्सेस ब्रोडकास्टिङ सर्भिस (बिएफबिएस) रेडियोमा कार्यक्रम सञ्चालन गर्थे, मेजर किशोर गुरुङ। उमेरले सात दशक पुगे पनि रेडियोकर्मीकै रुपमा परिचित छन् किशोर अहिले पनि। जावलाखेलस्थित बिएफबिएसमा कार्यरत किशोर क्रियाशील नमुना सञ्चारकर्मी हुन्। रेडियोमार्फत नेपाली भाषा संस्कृतिको प्रचारप्रसारमा कम्ती योगदान दिएका थिएनन् उनले।

किशोरको रेडियो यात्रा सबभन्दा पहिले सन् १९७१ मा सिंगापुरबाट सुरु भएको थियो। त्यसपछि मलाया, हङकङ हुँदै नेपाल आउन सफल भए उनी। रेडियो नेपालका कार्यक्रमलाई परिष्कृत बनाउन किशोरले बेलाबेला सुझाव दिएका थिए। सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र राजनीतिक जागरणमा लाहुरेहरूको योगदान सकारात्मक छ। यसैक्रममा सञ्चार क्षेत्र खास गरी रेडियोमार्फत नेपाली ढुकढुकीको आवाज विश्वभर फैलाउन सफल किशोरले अहिलेसम्म पनि रेडियोकर्मीकै रुपमा आफ्नो साख बचाएका छन्।

भर्खरैमात्र चितवन साहित्य परिषद्ले यी जुझारु रेडियोकर्मीलाई सम्मान गरेको छ। गत वर्ष प्रवासी नेपाली साहित्य समाज ब्रुनाई तथा बेलायतले स्वदेश र विदेशमा सह्रानीय काम गर्ने व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने क्रममा किशोरलाई पहिलोपल्ट अभिनन्दन गरेको थियो। भर्खरै मुलुकमै सम्मान पाएका किशोरले भने, 'यो सम्मानबाट अझै उत्तरदायित्व थपिएको महसुस गरेको छु। भाषा, साहित्य र संस्कृतिको प्रचार प्रसारमा खटिइरहनेछु।' ■

# जीवन्त अनुवादक

**युयुत्सु आरडी शर्माले** कविमात्र होइन, उत्कृष्ट अनुवादकको रूपमा आफूलाई स्थापित गरिसकेका छन्। दर्जनौं नेपाली कृतिको अंग्रेजी अनुवाद गरेका युयुत्सुले पछिल्लो पटक आइरिस कवि काहाल ओसाकीको 'काठमाडौं' कविता संग्रहको अंग्रेजी अनुवाद गरेका छन्। ओसाकीका दुई दर्जन सुन्दर कविताको नेपाली अनुवाद समेटिएको उक्त किताब निराला प्रकाशनले बजारमा ल्याएको हो। युयुत्सु अनुवादको क्रममा अंग्रेजी कविताहरूमा निहित भाव नेपालीमा पनि कायम राख्न उत्तिकै सफल छन्।

खासगरी अंग्रेजी सिर्जनाको नेपाली अनुवाद गर्दा हुबहु रूपमा शाब्दिक पक्षलाई मात्र ध्यान दिने समस्या पहिलेदेखिकै हो। युयुत्सु भन्छन्, 'अनुवादको क्रममा शब्दलाई मात्र ख्याल गरियो भने जीवन्त बन्न सक्दैन, बिम्बलाई सहीरुपमा रुपान्तरण गर्न सकिँदैन।'

युयुत्सुले पाँच वर्षअघि नै पाँच नेपाली कविहरूको कविता अंग्रेजीमा अनुवाद गरिसकेका छन्। गोपालप्रसाद रिमाल, भुपी शेरचन, वानिरा गिरी, शैलेन्द्र साकार र विमल निभाका कविताहरू समेटिएको अनुवाद किताब 'रोसिङ रिसाइटल'लाई अमेरिकी लाइब्रेरी अफ कांग्रेसले दस एसियाली उत्कृष्ट किताबको सूचीमा राखिसकेको छ।

अनुवाद गर्दा भाषा मात्र कारक तत्त्व नभएको उनको ठहर छ। उत्कृष्ट अनुवादकले मान्छेको मन छुनु पर्छ, त्यसका लागि अनुवाद गर्ने व्यक्तिमा साहित्य चेतना हुनु पर्छ। कविताको आलंकारिक पक्षलाई अनुवादको क्रममा कमैले मात्र कायम राख्न सक्छन्। उनी भन्छन्, 'उत्कृष्ट अनुवादका लागि सिर्जनाशीलता महत्त्वपूर्ण हुन्छ, नत्र भने अनुवादले आम मानिसको मन छुन सक्दैन।' ■


तेजबहादुर बस्नेत








युवराज घिमिरे

# अर्याल आयोग : सरकारको विचलित प्राथमिकताको स्वभाविक परिणति

संविधान राज्य संचालनको दस्तावेज हो । संविधान जतिसुकै उत्कृष्ट भए पनि राजनीतिक महत्त्वाकांक्षा बोकेका संगठित व्यक्तिहरूले वा 'कु' गर्ने नियत भएका व्यक्तिहरूले संविधानको प्रावधानमा टेकेर सत्ता हत्याउँदैनन् । भनौं सशस्त्र र सशक्त भएमा माओवादीले उनीहरूको संलग्नतामा बनेको यो अन्तरिम संविधानको धारा पढेर सत्तामा 'कब्जा' जमाउने प्रयास गर्ने छैनन् । त्यसैले अर्याल आयोगको गठनको चिन्तनको आधार नै खोटो थियो ।

**जनआन्दोलनको** सफलताले सरकार र प्रतिनिधिसभालाई विचलित गरेका अनेकौं उदाहरणहरू छन् । सफलताले जन्माएको नयाँ दायित्वलाई सही परिप्रेक्ष्यमा बुझ्न नसके यस्ता विचलन आउँछन् नै । सदनद्वारा स्वघोषित सर्वोच्चता ग्रहण गर्नु, आन्दोलनले अपेक्षा गरेको कानुनी राज्यको अवधारणा र सर्वमान्य न्यायिक सिद्धान्तविपरीत रायमाझी आयोग गठन गर्नु आदि ती विचलनहरूका स्पष्ट उदाहरण थिए । त्यस्तै अर्को गल्ती थियो वर्तमान सरकारद्वारा अन्तरिम संविधान मस्यौदा समिति गठन गर्नु ।

श्रीमान् लक्ष्मण अर्याल आयोगको झन्डै १० साताको अस्तित्वपछि उसले दिएको मस्यौदा स्तरविहीन मात्र हैन, कुनै पनि हिसाबले त्यसलाई संविधान मान्न सकिँदैन । आयोगका सदस्यहरू खिन्न देखिन्छन् । पाँचजना माओवादी पक्ष र दसजना प्रजातन्त्रपक्षीय वकिलहरूले एउटा सेमिनारमा दिएको भाषणको संग्रह हो त्यो, अर्यालजीको । त्यसमा सहमति बन्न नसकेका कयौं बुँदालाई कथित अन्तरिम संविधानका वैकल्पिक प्रावधानका रुपमा मस्यौदा समितिले पेस गरेको छ ।

राज्यको परिचयात्मक प्रकृतिका बारेमा समेत सहमति बन्न सकेन मस्यौदामा । कतिपय ठाउँमा क्षेत्राधिकारभन्दा बाहिर गएका स्पष्ट उदाहरणहरू पनि छन् भने मतदानको उमेर, प्रतिनिधिसभाको बनोट, सेनाको व्यवस्थापन र खटनजस्ता विषयमा समेत समिति अनिर्णित रहेको छ । अर्थात् १० साताको अभ्यास खेर गएको छ ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले निकै पछि (तर आयोगले प्रतिवेदन बुझाउनुपूर्व) यसको गठन अनावश्यक भएको महसुस गरेको विचार सार्वजनिक गरेका थिए । आन्दोलनको सफलतापछि खासगरी सात दलले 'अग्रगमन' सुनिश्चित गर्ने र प्रतिगामी शक्तिहरूले व्यवधान पुऱ्याउन नसक्ने अन्तरिम संविधान निर्माण गर्ने उद्देश्यका साथ आयोगको गठन गर्न सरकारलाई प्रोत्साहित गरेका थिए ।

संविधान राज्य संचालनको दस्तावेज हो । संविधान जतिसुकै उत्कृष्ट भए पनि राजनीतिक महत्त्वाकांक्षा बोकेका संगठित व्यक्तिहरूले वा 'कु' गर्ने नियत भएका व्यक्तिहरूले संविधानको प्रावधानमा टेकेर सत्ता हत्याउँदैनन् । भनौं सशस्त्र र सशक्त भएमा माओवादीले उनीहरूको संलग्नतामा बनेको यो अन्तरिम संविधानको धारा पढेर सत्तामा 'कब्जा' जमाउने प्रयास गर्ने छैनन् । त्यसैले अर्याल आयोगको गठनको चिन्तनको आधार नै खोटो थियो । राजनीतिक समझदारीपछि वर्तमान संविधानमै आवश्यक हेरफेर गरेर अन्तरिम संविधान बनाउनु अझै पनि उपयुक्त हुनेछ ।

प्रतिनिधिसभाको कथित सर्वोच्चता निरीह भइसकेको छ र अर्याल आयोगले आफ्नो औचित्यहीनता सावित गरिसकेको छ । पुनर्जीवित सदनको व्यवस्थापन वा विकल्प तथा अन्तरिम व्यवस्था संचालनका लागि आवश्यक 'संविधान' राजनीतिक सहमति र समझदारीबाट मात्र बन्न सक्छ । हतियार व्यवस्थापन तथा संविधानसभा निर्वाचनलाई राजनीतिक सहमतिले मात्र सुनिश्चित गर्न सक्छ ।

अति उत्साहका साथ सरकारले गठन गरेको उच्चस्तरीय छानबिन आयोग वयान लिने क्रममा दरवारका मीर सुब्बा पशुपतिभक्त महर्जनसम्म पुगे पनि उसको छवि, क्षमता, कार्यशैली र निष्पक्षता पहिलेदेखि नै शंकाको घेरामा छन् । राजनीतिक अंशबन्डा र स्वयं केवल एक पक्षलाई मात्र प्रतिनिधित्व गर्ने हुनाले आयोगको हैसियत र न्यायप्रतिको प्रतिबद्धतालाई आन्तरिक र बाह्यरुपमा मान्यता प्राप्त हुन सक्तैन । छद्म र अज्ञात व्यक्तिहरूको सिकायतलाई आयोगले निकै हदसम्म आधार बनाएको छ वयान लिने क्रममा भने अर्कोतिर आफ्नो छानबिनको दायरामा रहेका विषयमा सरकारले धमाधम निर्णय गरेर उसको अपमान मात्र हैन, आयोगको अस्तित्वको अवमूल्यन गरिसकेको छ ।

पुनःस्थापित प्रतिनिधिसभाको सर्वोच्चता, अर्याल तथा रायमाझी आयोगको गठन तीनवटै विषयमा सात दल र सरकारमा राजनीतिक दूरदर्शिताको अभाव मात्र हैन, परिपक्वता समेत नरहेको देखिन्छ । खासगरी रायमाझी आयोगका निर्णयहरू राजनीतिक प्रकृतिका र प्रतिशोधमा आधारित हुने संकेतहरू देखापरेका छन् । किनकि आयोगका सदस्यहरू खास पक्षबाट गएका हुनाले संदिग्ध पक्षलाई 'फेयर ट्रायल' देलान्- विश्वास गर्न सकिँदैन ।

त्यसैले सात राजनीतिक दल र माओवादी सीधै राजनीतिक सहमति बनाउनेतर्फ अघि बढ्नु आवश्यक छ । अहिलेसम्म संयुक्त राष्ट्रसंघलाई बोलाउने कामबाहेक सबै कुरा माओवादीका दसबुँदे 'मार्गचित्र'कै आधारमा भएका छन् । युद्धविराम, वार्ताटोली गठन, आचारसंहिता निर्माण, माओवादी बन्दीहरूको रिहाइ तथा वार्ता प्रारम्भ सबै माओवादीले तोकेका प्राथमिकतामा आधारित छन् । उनीहरूका अन्तिम एजेन्डा संविधानसभाको निर्वाचन र सेना पुनर्संरचना (राष्ट्रिय सेना निर्माण) हुन् । सात दलहरू सदनलाई सर्वोच्चता दिलाउने र अर्याल तथा रायमाझी आयोग गठन गर्ने अर्थहीन प्रयोजनमा जुटेकाले नै माओवादीसँगको वार्तामा सरकारले सार्थक खासै केही गर्न नसकेको हो ।

अब माओवादीले दबाब दिने एजेन्डा प्रतिनिधिसभा विघटनको हुनेछ । हतियार व्यवस्थापन तथा हतियार-लडाकु अलग गर्ने विषयलाई माओवादीले स्वीकार नगर्ने स्पष्ट देखिएको छ । सरकार चिन्तन, प्रतिबद्धता र आधिकारिताका हिसाबले स्पष्ट र दरिलो नभएसम्म माओवादीलाई उसको 'मार्गचित्र'मा संशोधन गर्न यो सरकारले प्रोत्साहित गर्न सकिने देखिँदैन । शान्ति सम्झौता या सहमतिमा हस्ताक्षर गर्नेजस्ता वार्ताको न्यूनतम वातावरण तयार गर्न नसक्नु सरकारको कमजोर सोचको दृष्टान्त हो । अर्याल आयोगबाट एउटै निष्कर्ष ग्रहण गर्नु आवश्यक छ सरकारले- माओवादीसँग राजनीतिक समाधानलाई घोषित निष्कर्षमा पुऱ्याउने कोसिसमा ऊ लागेन भने जनआन्दोलनको आशा र विश्वास तुहिनेछ । ■